# श्वेतभैरवी कथासङ्ग्रहमा पात्रविधान

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत
नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ
पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

सविना कट्टेल
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर


२०६९

## शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग, कीर्तिपुर स्नातकोत्तर तह (एम.ए.) दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि छात्रा सविना कट्टेलले **श्वेतभैरवी कथासङ्ग्रहको पात्रविधान** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । निकै परिश्रमपूर्वक तयार गरिएको यस शोधकार्यबाट म पूर्ण रूपमा सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०६९ /०४

..................................

(**शि.स. बालाकृष्ण अधिकारी**)

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौँ ।

**त्रिभुवन विश्वविद्यालय**
**नेपाली केन्द्रीय विभाग**
**कीर्तिपुर, काठमाडौँ**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको समूह २०६५/२०६६ को छात्रा सबिना कट्टेलले स्नातकोत्तर तह दोस्रो वर्षको दशौँ पत्रको प्रयोजनका लागि तयार गर्नु भएको **श्वेतभैरवी कथासङ्ग्रहको पात्रविधान** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

### मूल्याङ्कन समिति

हस्ताक्षर

१. प्रा. डा देवीप्रसाद गौतम (विभागीय प्रमुख) ..........................

२. शि.स. बालाकृष्ण अधिकारी (शोध निर्देशक) ..........................

३ श्री तेज विलास अधिकारी (बाह्य परीक्षक) ..........................

मितिः २०६९/०४/

# कृतज्ञताज्ञापन

**श्वेतभैरवी कथासङ्ग्रहको पात्रविधान** शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्ष दशौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरु बालाकृष्ण अधिकारीज्यूको निर्देशनमा तयार गरेकी हुँ । आफ्नो कार्यव्यस्तताका बिचमा पनि यो शोधपत्र तयारीका सन्दर्भमा प्रेमपूर्वक निर्देशन तथा विविध सल्लाह प्रदान गर्नहुने गुरुप्रति म सदा कृतज्ञ रहनेछु ।

प्रस्तुत शीर्षकमा अनुसन्धान गर्न स्वीकृति प्रदान गरी शोधपत्र लेख्ने अवसर प्रदान गर्नुहुने विभागीय प्रमुख तथा नेपाली केन्द्रीय विभागप्रति म कृतज्ञ छु । शोधपत्र लेखनका सन्दर्भमा अमूल्य सहयोग गनुहुने गुरु प्रा.डा. देवी प्रसाद गौतम र अन्य गुरुहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

शोधपत्रको तयारीको क्रममा सहयोग गर्ने त्रि.वि. केन्द्रीय पुस्तकालय, अन्य पुस्तकालय र आदरणीय गुरूवर्गप्रति आभार प्रकट गर्दछु ।

मेरो अध्ययनमा अविरल प्रेम, स्नेह, प्रेरणा र अवसर प्रदान गर्नु हुने मेरा पूज्यनीय पिता श्री मेघनाथ कट्टेल र माता लीला कट्टेलप्रति चिरऋणी छु । मेरो अध्ययनको क्रममा बारम्बार प्रेरणा दिइरहने बहिनी सुजता र भाइ सुजन कट्टेलप्रति म ऋणी छु । यो शोधपत्र तयार गर्ने क्रममा सहयोग गर्ने साथीहरू हेमन्ता सुवेदी, झकबहादुर क्षेत्री र भाउजू यशस्वी पाण्डेलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु । त्यसैगरी शोधपत्रको टङ्कन छिटोछरितो र शुद्ध रूपमा गरी सहयोग गर्ने युनिभर्सल फोटोकपि सेन्टरको दाई सुभाष खत्रीलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यो शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग समक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी

..................

**सविना कट्टेल**

शैक्षिक सत्र : २०६५/६६

मिति : २०६९/०४/

## सङ्क्षेपीकरण शब्दसूची

| | |
|---|---|
| अप्र. | : अप्रकाशित |
| उप.प्रा. | : उपप्राध्यापक |
| चौ.सं. | : चौथो संस्करण |
| दो.सं. | : दोस्रो संस्करण |
| ने.के.वि. | : नेपाली केन्द्रीय विभाग |
| ने.रा.प्र.प. | : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पृ. | : पृष्ठ |
| प्रा. | : प्राध्यापक |
| पाँ.सं. | : पाँचौ संस्करण |
| प्रा.डा. | : प्राध्यापक डाक्टर |
| वी.पी. | : विश्वेश्वरप्रसाद |
| वि.सं. | : विक्रम सम्वत् |
| सम्पा. | : सम्पादक |
| सा.सं. | : सातौँ संस्करण |
| त्रि.वि. | : त्रिभुवन विश्वविद्यालय |

# विषयसूची

## पहिलो परिच्छेद

## शोध परिचय

१.१ विषय परिचय १
१.२ समस्याकथन २
१.३ शोधको उद्देश्य २
१.४ पूर्वकार्यको समीक्षा २
१.५ शोधको औचित्य ५
१.६ शोधको सीमा ५
१.७ शोधविधि ६
१.७.१ सामग्री सङ्कलन विधि ६
१.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा ६
१.८ शोधको रूपरेखा ७

## दोस्रो परिच्छेद

## कथामा पात्रविधानको अवधारणात्मक प्रारूप

२.१ विषय परिचय ८
२.२ पात्र ८
२.३ पात्रविधान १०
२.४ मुख्य पात्रको चरित्र चित्रण १०
२.५ सहायक र गौण पात्रको चरित्र चित्रण ११
२.६ कथाका पात्रको मनोवैज्ञानिक विश्लेषणको आधार ११
२.६.१ पात्रका व्यवहारको विश्लेषण ११
२.६.२ पात्रका प्रकृतिको विश्लेषण १२
२.६.३ पात्रका समायोजनको विश्लेषण १२
२.६.४ पात्रका अभिवृत्तिको विश्लेषण १२
२.६.५ पात्रका व्यक्तित्वको विश्लेषण १२
२.६.६ पात्रका संवेगात्मक परिपक्वताको विश्लेषण १३
२.६.७ पात्रका मानसिक अन्तर्द्वन्द्वको विश्लेषण १३

२.६.८ पात्रका मानसिक अवस्थाको विश्लेषण १३
२.७ कथामा पात्रको सामाजिक विश्लेषणका आधार १३
२.७.१ वर्गीय स्थिति १३
२.७.२ लिङ्गीय स्थिति १४
२.७.३ धार्मिक स्थिति १४
२.७.४ सांस्कृतिक स्थिति १४
२.७.५ जातीय स्थिति १५
२.८ निष्कर्ष १५

**तेस्रो परिच्छेद**

**विश्वेश्वरप्रसाद कोइरालाको कथायात्रा र कथागत प्रवृत्ति**

३.१ विषय परिचय १६
३.२ प्रेरणा र पृष्ठभूमि १६
३.३ कथायात्रको चरणविभाजन, औचित्य र स्वरूप १७
३.३.१ पहिलो चरण (१९८७-१९९५) १८
३.३.१ दोस्रो चरण (१९९६-२००६) १८
३.३.३ तेस्रो चरण (२००७-२०३९) १९
३.४ कोइरालाका कथागत प्रवृतिहरू १९
३.४.१ मनोवैज्ञानिकता १९
३.४.२ सामाजिकता २०
३.४.३ अभिनेयात्मकता २०
३.४.४ तार्किकता २१
३.४.५ प्रतीकात्मकता २१
३.४.६ प्रकृतिप्रेम २२
३.४.७ व्यङ्ग्यात्मकता २२
३.४.८ यथार्थवादी चेत २३
३.४.९ उद्देश्यमूलक प्रस्तुति २३
३.५ नेपाली कथा साहित्यमा विश्वेश्वरप्रसाद कोइरालाको योगदान २४
३.६ निष्कर्ष २५

## चौथो परिच्छेद

## मनोवैज्ञानिक दृष्टिले श्वेतभैरवी कथासङ्ग्रहका पात्रहरू


४.१ विषय परिचय २७

४.२ 'सान्नानी' कथाका पात्रको मनोवैज्ञानिक विश्लेषण २७

४.२.१ पात्रका व्यवहारको विश्लेषण २८

४.२.२ पात्रका प्रवृतिको विश्लेषण २८

४.२.३ पात्रका समायोजनको विश्लेषण २९

४.२.४ पात्रका अभिवृत्तिको विश्लेषण ३०

४.२.५ पात्रका व्यक्तित्वको विश्लेषण ३१

४.२.६ पात्रका संवेगात्मक परिपक्वताको विश्लेषण ३१

४.२.७ पात्रका मानसिक अन्तर्द्वन्द्वको विश्लेषण ३२

४.२.८ पात्रका मानसिक अवस्थाको विश्लेषण ३२

४.३ 'राइटरबाजे' कथाका पात्रको मनोवैज्ञानिक विश्लेषण ३३

४.३.१ पात्रको व्यवहारको विश्लेषण ३४

४.३.२ पात्रका प्रकृतिको विश्लेषण ३४

४.३.३ पात्रका समायोजनको विश्लेषण ३५

४.३.४ पात्रका अभिवृत्तिको विश्लेषण ३६

४.३.५ पात्रका व्यक्तित्वको विश्लेषण ३७

४.३.६ पात्रका संवेगात्मक परिपक्वताको विश्लेषण ३७

४.३.७ पात्रका मानसिक अन्तर्द्वन्द्वको विश्लेषण ३८

४.३.८ पात्रका मानसिक अवस्थाको विश्लेषण ३९

४.४ 'एकरात' कथाका पात्रको मनोवैज्ञानिक विश्लेषण ४०

४.४.१ पात्रका व्यवहारको विश्लेषण ४०

४.४.२ पात्रका प्रकृतिको विश्लेषण ४१

४.४.३ पात्रका समायोजनको विश्लेषण ४२

४.४.४ पात्रका अभिवृत्तिको विश्लेषण ४३

४.४.५ पात्रका व्यक्तित्वको विश्लेषण ४३

४.४.६ पात्रका संवेगात्मक परिपक्वताको विश्लेषण ४४

४.४.७ पात्रका मानसिक अन्तर्द्वन्द्वको विश्लेषण ४५
४.४ ८ पात्रका मानसिक अवस्थाको विश्लेषण ४६
४.५ 'श्वेतभैरवी' कथाका पात्रको मनोवैज्ञानिक विश्लेषण ४७
४.५.१ पात्रको व्यवहारको विश्लेषण ४७
४.५.२ पात्रका प्रकृतिको विश्लेषण ४८
४.५.३ पात्रका समायोजनको विश्लेषण ४९
४.५.४ पात्रका अभिवृत्तिको विश्लेषण ५०
४.५.५ पात्रका व्यक्तित्वको विश्लेषण ५१
४.५.६ पात्रका संवेगात्मक परिपक्वताको विश्लेषण ५२
४.५.७ पात्रका मानसिक अन्तर्द्वन्द्वको विश्लेषण ५२
४.५.८ पात्रका मानसिक अवस्थाको विश्लेषण ५३
४.६ निष्कर्ष ५४

**पाँचौं परिच्छेद**

**सामाजिक दृष्टिले श्वेतभैरवी कथासङ्ग्रहका कथाका पात्रहरू**

५.१ विषय परिचय ५५
५.२ 'सान्नानी' कथाका पात्रको वर्गीकरण ५५
५.२.१ वर्गीय स्थिति ५६
५.२.२ लिङ्गीय स्थिति ५७
५.२.३ जातीय स्थिति ५७
५.३ 'राइटरबाजे' कथाका पात्रको वर्गीकरण ५८
५.३.१ वर्गीय स्थिति ५८
५.३.२ लिङ्गीय स्थिति ५९
५.३.३ जातीय स्थिति ६०
५.४ 'एकरात' कथाका पात्रको वर्गीकरण ६१
५.४.१ वर्गीय स्थिति ६१
५.४.२ लिङ्गीय स्थिति ६३
५.४.३ जातीय स्थिति ६३
५.५ 'श्वेतभैरवी' कथाका पात्रको वर्गीकरण ६४

५.५.१ वर्गीय स्थिति ६४

५.५.२ लिङ्गीय स्थिति ६६

५.५.३ जातीय स्थिति ६६

५.६ निष्कर्ष ६७

## छैटौं परिच्छेद

## उपसंहार तथा निष्कर्ष

६.१ उपसंहार ६८

६.२ निष्कर्ष ७०

**सन्दर्भसामग्री सूची** ७३

## पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

विश्वेश्वरप्रसाद कोइराला (१९७१-२०३९) आधुनिक नेपाली कथा साहित्यका विशिष्ट प्रतिभा हुन् । कोइरालालाई आधुनिक नेपाली कथा क्षेत्रमा नवीन पाश्चात्य प्रवृत्तिहरूलाई भि[illegible]याई नयाँ मनोवैज्ञानिक धाराको प्रवर्तन तथा प्रबर्द्धनमा उल्लेखनीय भूमिका खेल्ने विशिष्ट प्रतिभा मानिन्छ । मनोवैज्ञानिक कथाकार भएको हुँदा विशेषतः यिनका कथामा मानव मनका कुण्ठित मनोभावहरूको सूक्ष्म विश्लेषण गरिएको हुन्छ । मनोविश्लेषणमा पनि खास गरी फ्रायडीय यौन मनोविश्लेषणबाट धेरै प्रभावित कथाकार भएका हुँदा उनका कथामा मानिसका अचेतनमा कुण्ठित हुन पुगेका यौनभावहरूको उद्घाटन गरिएको. हुन्छ ।

नेपाली साहित्यमा बहुमुखी प्रतिभाका रूपमा परिचित विश्वेश्वरप्रसाद कोइरालाका हालसम्म दुईवटा कथासङ्ग्रहहरू प्रकाशित भएका छन् - **दोषी चश्मा** (२००६) र **श्वेतभैरवी** (२०३९) । उनको कथायात्राको तेस्रो चरण (२००७-२०३९) मा लेखिएको पछिल्लो कथासङ्ग्रहको रूपमा रहेको **श्वेतभैरवी** कथासङ्ग्रहमा **श्वेतभैरवी**, **सान्नानी**, **राइटरबाजे** र **एकरात** नामक चारवटा कथाहरू सङ्गृहीत छन् । यस सङ्ग्रहका कथाहरू आयामगत दृष्टिले पूर्वार्द्धका भन्दा निकै लामा रहेका छन् । यी कथाहरूमा पात्रका द्वन्द्वात्मक मानसिक जीवनको विश्लेषण गरिएको पाइन्छ । **श्वेतभैरवी** कथामा सशक्त रूपमा फ्रायडीय सिद्धान्त अनुरूप पात्रको अचेतनको खोज र उसका दमित यौनाकाङ्क्षाको अभिव्यक्ति पाइन्छ । अन्य तीन कथाका पात्रका अचेतन जीवनका साथसाथै नैतिक दायित्वको पनि विश्लेषण गरिएको पाइन्छ । साथै शिल्पचेतनाका दृष्टिले पनि यस सङ्ग्रहका कथाहरू पूर्वार्द्धका कथाहरू भन्दा बढी सबल रहेको पाइन्छ । समग्र तत्वका आधारमा कृतिको अध्ययन विश्लेषण हुने गरे तापनि कुनै एक तत्वमा आधारित भई अध्ययन गर्ने परम्परा कम छ यसर्थ यस शोधको शीर्षक **श्वेतभैरवी कथासङ्ग्रहको पात्रविधान** रहेको छ ।

## १.२ समस्याकथन

विश्वेश्वरप्रसाद कोइराला नेपाली कथा जगत्का एक विशिष्ट प्रतिभा हुन् । उनले दुईवटा कथासङ्ग्रहहरू लेखेर सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिबाट नेपाली कथाजगत्लाई

समृद्ध तुल्याएका छन् । उनका दुई वटा कथासङ्ग्रहहरू मध्ये **श्वेतभैरवी कथासङ्ग्रहको पात्रविधानको** अध्ययन गर्नु यस शोधको मुख्य समस्या रहेको छ ।

क) **श्वेतभैरवी** कथासङ्ग्रहको कथाका पात्रहरू मनोवैज्ञानिक दृष्टिले के कस्ता देखिन्छन् ?

ख) **श्वेतभैरवी** कथासङ्ग्रहको कथाका पात्रहरू सामाजिक दृष्टिले के कस्ता देखिन्छन् ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधको उद्देश्य यसप्रकार रहेको छ ।

क) **श्वेतभैरवी** कथासङ्ग्रहका कथाका पात्रहरूलाई मनोवैज्ञानिक दृष्टिले विश्लेषण गर्नु ।

ख) **श्वेतभैरवी** कथासङ्ग्रहका कथाका पात्रहरूलाई सामाजिक दृष्टिले विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

आधुनिक नेपाली कथा परम्परामा मनोवैज्ञानिक धाराको स्थापना गरी त्यसको विकासमा विशिष्ट योगदान पुऱ्याउने कथाकार विश्वेश्वरप्रसाद कोइराला र उनको **श्वेतभैरवी** कथासङ्ग्रहमा रहेका कथाहरूका बारेमा विभिन्न विद्वान् तथा समालोचकहरूको प्रशस्त मात्रामा टीका टिप्पणी र चर्चा परिचर्चा गरेका छन् । विद्वानहरूद्वारा गरिएको उक्त टिका टिप्पणी र चर्चा परिचर्चालाई कालक्रमिक रूपमा तल प्रस्तुत गरिएको छ ।

जोशी (२०२७) ले **प्रज्ञा** पत्रिकामा प्रकाशित 'आधुनिक नेपाली कथाको सेरोफेरो' शीर्षकको लेखमा- विश्वेश्वरप्रसाद कोइरालाले यौन मनोविज्ञानको आधारमा लेखिएका कथाद्वारा मानिसका मानसिक-चारित्रिक संघटन-विघटनको सूक्ष्म अध्ययन प्रस्तुत गरेका छन् । यस समीक्षामा विश्वेश्वरप्रसाद कोइरालाका कथाका पात्रहरूको चर्चा गरेको पाइन्छ ।

श्रेष्ठ (२०३८) ले **नेपाली कथा र यथार्थवाद** नामक शोधग्रन्थमा कथाकार कोइरालाको विश्लेषणात्मक रुचिलाई प्रतीक प्रयोग, विचार प्रवाह ढाँचापरकता, मनोग्रन्थि आदिले व्यापक सीमा प्रदान गरेको कुरा उल्लेख गर्दै श्वेतभैरवीमा फगुनीलाई श्वेतभैरवीको रूपमा उभ्याएर कोशीको बाढीलाई यौन उत्तेजनाको प्रतीक बनाएको कुरा प्रष्ट पारेका छन् । यस समीक्षामा श्वेतभैरवी कथाको पात्रविधानको विश्लेषणका लागि उपयोगी भएको छ ।

भट्टराई (२०४०) ले **प्रतिभै प्रतिभा र नेपाली साहित्य** मा यौन विकृतिको सूक्ष्म विश्लेषण कोइरालाका विशेषता हुन् । कोइरालाका कथाहरू छोटामिठा र रोचक छन् ।

कलात्मक अभिव्यक्ति सिङगारिएको पढ्दा पट्याएर नलागी कुनै न कुनै सन्देश हृदयमा कुँदिन्छ । त्यसैले कोइरालाका कथा यौन भए पनि गुणात्मक रूपले विशिष्ट मानिन्छ ।

बराल (२०४८) ले **भ्यालबाट** शीर्षकको कृतिमा विश्वेश्वरप्रसाद कोइरालाले विभिन्न चरित्रका विशिष्ट मनोजगत्का उद्घाटनले नेपाली कथा साहित्यमा अभिनवत्न प्रदान गरे । समाजवादको वैजयन्ती सख स्लोगनसोच्चारी प्रगतिवादी दृष्टिकोणले मनः प्रणित राजनीतिक आग्रहलाई छिर्न दिएनन् । समीक्षक बरालको यस निर्क्योल तथ्यपूर्ण र प्रभावपूर्ण देखिन्छ ।

गौतम (२०४९) ले **कुञ्जिनी** पत्रिकामा प्रकाशित 'कथाकार कोइराला र उनको श्वेतभैरवी कथाको विश्लेषणात्मक अध्ययन गर्ने क्रममा देश बाहिर बनारसमा बसेर शिक्षा आर्जन गरेका कारणबाट पाश्चात्य शैलीशिल्प नेपाली कथामा भित्र्याउन सफल भए भनी उल्लेख गरेको पाइन्छ । समीक्षक गौतमको यही संकेतको आधारमा श्वेतभैरवी कथाको विश्लेषणका लागि उपयोगी भएको छ ।

मैनाली (२०५०) ले **गरिमा** पत्रिकामा प्रकाशित 'वी.पी. कोइरालाका कथा : सार्वजनीनता र मौलिकताको यात्रा' शीर्षकको लेखमा श्वेतभैरवी कोइरालाको जीवनकालको सर्वोकृष्ट कृति हो; श्वेतवर्णा, ग्राम्यजीवन शैलीको सुन्दरी, यौवना फगुनी र उसको स्वभाविक यौन मनोदशालाई कथाले विश्लेषणात्मक रूपमा चित्रण गरेका कुरा प्रस्ट्याएका छन् । ग्राम्य जीवन शैलीको चित्रणको चर्चाका कारण प्रस्तुत लेखले कथाको पात्रविधानको विश्लेषणमा सहयोग पुग्ने देखिन्छ ।

शर्मा (२०५०) ले **विश्वेश्वरप्रसाद कोइराला कथा** कृतिमा असामान्य स्थितिमा पात्रका यौन मनोवैज्ञानिक संवेगहरूको अध्ययनका दृष्टिले श्वेतभैरवी सङ्ग्रहका कथाहरूमा मूलभूत रूपमा समान वैशिष्ट्यहरू पाइने भए तापनि पूर्वाद्धको युवा र पूर्णतः फ्रायडवादी कथाकारका लक्षणहरूभन्दा प्रौढ, नैतिक र नियतिवादी कथाकारका वैशिष्ट्यहरूको अर्न्तविकास यस सङ्ग्रहका कथाहरूको नवीन विशेषता हो भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् । यही फ्रायडवादी कथाकारका लक्षणहरूको अध्ययनको क्रममा श्वेतभैरवी कथासङ्ग्रहको पात्रहरूको विश्लेषण सहयोग पुग्ने देखिन्छ ।

भट्ट (२०५४) ले **गरिमा** पत्रिकामा प्रकाशित 'विश्वेश्वरप्रसाद कोइरालाका कथाकारिता' शीर्षकको लेखमा - विश्वेश्वरप्रसाद कोइराला २०१७ पछाडिको कथाको

सङ्ग्रह श्वेतभैरवी (२०२९) प्रकाशित भएको छ । यसमा 'राइटरबाजे'; 'एकरात', सान्नानी, श्वेतभैरवी गरी चारवटा कथाहरू सङ्गृहीत छन् । सामाजिक दृष्टिले पहिलो जस्तो अन्तरर्मुखी नभई अलिबढी बर्हिमुखी छन् । सामाजिक दृष्टिले पहिलो जस्तो अन्तर्मुखी नभई अलि बढी बर्हिमुखी छन् भनी सङ्केत गरेको पाइन्छ । भट्टको यही सङ्केतको आधारमा श्वेतभैरवी कथासङ्ग्रहको पात्रविधानको विश्लेषणका लागि उपयोगी भएको छ ।

शर्मा (२०५६) ले **नेपाली साहित्यको इतिहास** कृतिमा कोइरालाका कथाहरू रोचक, आकर्षण र छोटा भएकाले तिनले पहाई नल्याउने तथा छोटा भनाइले मुटुलाई च्वाट्ट छुन सक्ने विशिष्ट कलाको प्रयोगमा कोइराला सफल भएको सन्दर्भ प्रस्तुत गरेका छन । त्यस्तै आफ्ना कथाहरूमा छोटा र सरल वाक्यहरू प्रयोग गर्नु अनि शैलिबैचित्य देखाऊने महत्वाकाङ्क्षाबाट आफुलाई टाढा राख्नु कोइरालाको विशेषता भएको निष्कर्ष पनि उनले प्रस्तुत गरेका छन् । श्वेतभैरवी संस्मरणात्मक शैलीमा लेखिएको औधी रोचक मनोविश्लेषणात्मक कथा हो । यसमा स्वभाविक रूपले उर्लने यौन उत्तेजनाले गर्दा भैरवी हुन पुगेकी नवयौवनाको अत्यन्त प्रभावोत्पादक क्षणलाई समातिएको छ । समीक्षक शर्माले दिएको निष्कर्ष तथ्यपूर्ण र प्रभावकारी देखिन्छ ।

घिमिरे (२०६२) ले **श्वेतभैरवी कथासङ्ग्रहको मनोवैज्ञानिक अध्ययन** शीर्षकको शोधमा - 'श्वेतभैरवी' कथासङ्ग्रह विश्वेश्वरप्रसाद कोइरालाको कथायात्राको तेस्रो चरणको उपलब्धि हो भनेकी छन् । जम्मा चार कथाहरू सङ्कलित रहेको यस कथासङ्ग्रहमा मनोवैज्ञानिक विषयका अतिरिक्त अन्य विषयको पनि कथाकारले सफलतापूर्वक चित्रण गरेको पाइन्छ । विशेषतः पूर्वार्द्ध चरणको भन्दा अलि भिन्न प्रवृत्ति यसमा भएकोले उनको प्रस्तुत शोधग्रन्थ श्वेतभैरवी कथासङ्ग्रहको पात्रविधानको मनोवैज्ञानिक अध्ययनका लागि उपयोगी भएको छ ।

श्रेष्ठ (२०६७) ले **नेपाली कथा भाग चार** नामक कृतिमा प्रस्तुत विश्वेश्वर प्रसाद कोइराला पात्रहरूको मनोलोकको गहिराइभित्र पसेर सुक्ष्म चेतनातन्तुलाई पकड्न सक्ने सशक्त मनोविश्लेषणवादी कथाकार भएको मूल्याङ्कलन गरे । उनी फ्रायडवादी भएको हैसियतले खास गरी यौनका विविध पक्षको उद्घाटन गरी अचेतन मनका यथार्थहरूको खोजी गर्ने उद्देश्य लिएका निष्कर्ष प्रस्तुत गरेका छन् ।

यसर **श्वेतभैरवी** कथासङ्कहको समग्र रुपमा अध्ययन नभएपनि कथामा फुटकर लेखहरुको आंशिक रुपमा आलोचनात्मक चर्चा मात्र गरिएको पाइन्छ । माथिका पूर्वकार्यको समीक्षालाई सर्सति हेर्दा धेरैजसो समीक्षाकहरुले कथाका पात्रको चरित्रचित्रण यौन मनोविश्लेषणमा छलफल चलाएको देखिन्छ । पूर्वाध्ययनमा विशेष गरी कुमारबहादुर जोशी, तुलसी अपतन, दयाराम श्रेष्ठ, घटराज भट्टराई, ईश्वर बराल, अङ्गदमणि गौतम, गोपी मैनाली, हरिप्रसाद शर्मा, भोजराज भट्ट, तारानाथ शर्मा जस्ता समालोकहरुका धारणा महत्वपूर्ण छन् । यी समालोचकहरुल **श्वेतभैरवी** लाई सङ्क्षेपमै भएपनि मूल्याङ्कन गर्ने प्रयास गरेको देखिन्छ । तर पनि **श्वेतभैरवी** कथासङ्ग्रहको सम्पूर्ण पक्षको विश्लेषण र मूल्याङ्कन भने हुन सकेको छैन । यसरी **श्वेतभैरवी** कथासङ्कहको पात्रविधानमा मात्र केन्द्रीत भएर कुनै शोधकार्य नभएको वास्तविकतालाई स्वीकार्दै **श्वेतभैरवी कथासङ्ग्रहको पात्रविधानको** अध्ययनका लागि यो शोधपत्र तयार गरिएको छ ।

## १.५ शोधको औचित्य

कथाकार विश्वेश्वरप्रसाद कोइरालाको सिङ्गो कथाकार व्यक्तित्वलाई सम्झँदा उनको कथाकार व्यक्तित्वले प्राप्त कथाकारिता र सिर्जनात्मक प्राप्ति आज अध्ययनको एउटा महत्वपूर्ण विषय नै बन्न पुगेको छ । वि.सं. २०३९ सालमा प्रकाशित **श्वेतभैरवी** कथासङ्ग्रहमा वि.सं. २००७ साल अघिको सामन्तीव्यवस्था र सामाजिक घटनाका अनेकौं पक्षको चित्रण गरिएको छ । यस कथासङ्ग्रहको बारेमा जे जति अध्ययन, विश्लेषण गरिए पनि पात्रविधानको सम्बन्धमा अध्ययन गरिएको पाइदैन । त्यसैले **श्वेतभैरवी कथासङ्ग्रहको पात्रविधानको** अध्ययन गर्नु यस अध्ययनको औचित्य रहेको छ । यसैगरी कुनै पनि कथासङ्ग्रहको पात्रविधानको अध्ययन गर्न चाहने शोधार्थीले सामान्य मार्ग निर्देश प्राप्त गर्न सक्ने हुँदा यस शोधको महत्व स्वतः पुष्टि भएको छ ।

## १.६ शोधको सीमा

प्रस्तुत शोध कथाकार विश्वेश्वरप्रसाद कोइरालाको **श्वेतभैरवी** कथासङ्ग्रहको पात्रविधान शीर्षकमा आधारित भएकाले उक्त कथासङ्ग्रहमा सङ्ग्रहीत कथामा रहेका पात्रका व्यवहार, प्रकृति, समायोजन, अभिवृत्ति, व्यक्तित्व, संवेगात्मक परिपक्वता, मानसिक अन्तर्द्वन्द्व र मानसिक अवस्थाका आधारमा पात्रको मनोवैज्ञानिक विश्लेषण र वर्गीय लिङ्गीय र

जातीय आधारमा पात्रको सामाजिक विश्लेषणमा केन्द्रित भएकाले यो नै यसको सैद्धान्तिक र विषयगत सीमा हो ।

## १.७ शोधविधि

शोधविधि अन्तर्गत सामग्री सङ्कलन विधि र सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा पर्दछन् ।

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधको लेखनमा मूलतः पुस्तकालयीय अध्ययन पद्धतिको अवलम्बन गरिएको छ । त्यसैगरी सम्बन्धित विषयका बारेमा पत्र पत्रिकामा राखिएका टिप्पणी, समिक्षा, एवम् लेखहरूलाई सहायक सामग्रीका रूपमा लिइएको छ । सम्बन्धित विषय क्षेत्रका विद्वान प्राध्यापक, विषय विशेषज्ञ एवम् समीक्षकहरूबाट मौखिक जानकारी पनि लिइएको छ ।

### १.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा

प्रस्तुत शोधको विषय **श्वेतभैरवी कथासङ्ग्रहको पात्रविधान** रहेकोले तत्सम्बन्धी सामग्रीको अध्ययन गर्दा मुख्यतः कथा सम्बन्धी आधारभूत सिद्धान्तलाई प्रमुख रूपमा लिइएको छ । पात्रहरूको वर्गीकरण, मनोवैज्ञानिक विश्लेषण तथा सामाजिक दृष्टिकोणका आधारमा पात्रहरूको विश्लेषण गर्दा तत्सम्बन्धी सैद्धान्तिक आधारको उपयोग गरिएको छ । यसका साथै छनोट गरिएका पात्रहरूको अध्ययनका निम्ति वर्णनात्मक पद्धतिको अवलम्बन गरिएको छ ।

समस्या नं. (१) को प्राज्ञिक र प्रामाणिक समाधानका लागि सङ्कलित सामग्रीको विश्लेषण निम्न लिखित अवधारणात्मक ढाँचाका आधारमा गरिएको छ ।

(क) पात्रका व्यवहारको विश्लेषण

(ख) पात्रका प्रकृति विश्लेषण

(ग) पात्रका समायोजनको विश्लेषण

(घ) पात्रका अभिवृत्तिको विश्लेषण

(ङ) पात्रका व्यक्तित्वको विश्लेषण

(च) पात्रका संवेगात्मक परिपक्वताको विश्लेषण

(छ) पात्रका मानसिक अन्तर्द्वन्द्वको विश्लेषण

(ज) पात्रका मानसिक अवस्थाको विश्लेषण

समस्या नं. (२) को प्राज्ञिक र प्रामणिक समाधान निम्नलिखित अवधारणात्मक ढाँचाका आधारमा गरिएको छ ।

(क) वर्गीय स्थिति

(ख) लिङ्गीय स्थिति

(ग) जातीय स्थिति

## १.८ शोधको रूपरेखा

प्रस्तुत शोधको रूपरेखा यसप्रकार छ :

१.१ पहिलो परिच्छेद : शोध परिचय

१.२ दोस्रो परिच्छेद : कथामा पात्रविधानको अवधारणात्मक प्रारूप

१.३ तेस्रो परिच्छेद : विश्वेश्वरप्रसाद कोइरालाको कथायात्रा र कथागत प्रवृत्ति

१.४ चौथो परिच्छेद : मनोवैज्ञानिक दृष्टिले **श्वेतभैरवी** कथासङ्ग्रहका कथाका पात्रहरू

१.५ पाँचौ परिच्छेद : सामाजिक दृष्टिले **श्वेतभैरवी** कथासङ्ग्रहका कथाका पात्रहरू

१.६ छैटौ परिच्छेद : उपसंहार र निष्कर्ष

# दोस्रो परिच्छेद
# कथामा पात्रविधानको अवधारणात्मक प्रारूप

## २.१ विषय परिचय


प्रस्तुत परिच्छेदमा पात्र, पात्रविधानका साथै मुख्य पात्रको चरित्रचित्रण, सहायक र गौण पात्रको चरित्रचित्रको सैद्धान्तिक आधार प्रस्तुत गरिएको छ । यसमा कथाका पात्रको मनोवैज्ञानिक तथा सामाजिक विश्लेषणका आधारको चिनारी पनि प्रस्तुत गरिएको छ । पात्रका मनोवैज्ञानिक विश्लेषणलाई उसको व्यवहार, प्रकृति, समायोजन, अभिवृत्ति, व्यक्तित्व, संवेगात्मक परिपक्वता, मानसिक अन्तर्द्वन्द्व, मानसिक अवस्था आदिका आधारमा र पात्रका सामाजिक विश्लेषणलाई वर्गीय, लिङ्गीय धार्मिक, सांस्कृतिक जातीय आदिका आधारमा विश्लेषण गर्न सकिन्छ । त्यसैले ती विविध आधारको अवधारणात्मक स्वरूप यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## २.२ पात्र

कथामा कार्यव्यापार सम्पन्न पार्ने व्यक्ति पात्र वा चरित्र हुन् । पात्र वा चरित्र कथाको महत्वपूर्ण उपकरण हो । कथानकलाई गतिशील तुल्याउने व्यक्तिलाई नै पात्र भनिन्छ । कथाका विभिन्न तत्वहरूमध्ये पात्रले धेरै महत्व राख्दछ । पात्रहरूको घटना र परिस्थितका साथ घनिष्ठ सम्बन्ध हुने हुँदा यिनीहरू कथावस्तुका सञ्चालक मानिन्छ । कथामा सबै कार्याव्यापार पात्रद्वारा नै सम्पन्न हुन्छन् । पात्रका अभावमा कथावस्तु चलायमान हुन सक्दैन । पात्र कथाको प्राण मानिन्छ । यसमै आधारित भएर कथाका अन्य तत्वहरूले जीवन पाउँछन् । पात्र र कथाका अन्य तत्वको अन्तः सम्बन्ध जति सुगठित हुन्छ त्यति नै कथा सबल र सफल हुन सक्छ ।

पात्र कथाकारको कल्पनाबाट नै जन्मन्छ । कथाकारको कल्पनाको एकमात्र आधार वस्तुगत लोक वा वस्तु अथवा समाज नै भएकाले आधुनिक कथा पात्रसँग सम्बन्धित हुन्छ । पात्रका माध्यमबाट नै कथामा कथाकारले आफ्नो दृष्टिकोण व्यक्त गर्ने गर्दछ । कुनै एक केन्द्रीय विचारलाई मूल विन्दु बनाएर कथाकारले कथानकको योजना गरिसकेपछि उसका अगाडि पात्रलाई कुन स्थान राखेर एक निश्चित आकृति प्रदान गर्ने भन्ने समस्या खडा हुन्छ; जसको माध्यमबाट कथाकारले आफ्ना कुरा पाठक समक्ष पुऱ्याउँछ । कथाकार र

पाठकबिचको भाव, विचार वा दर्शनको पारस्परिक विनियमको आधार नै दृष्टिविन्दु हो । कथामा कथाकार अलग्ग बसेर आफ्ना अनुभूति, विचार वा भावलाई पात्रका माध्यमबाट व्यक्त गरिएको हुन्छ । यसरी व्यक्त गराउँदा पात्रको बौद्धिक अवस्था, विभिन्न परिवेश, मनका प्रतिक्रियाजस्ता कुराहरूलाई ध्यानमा राख्नुपर्दछ । पात्रलाई आफ्नो अवस्थामा होइन कि त्यसै पात्रको अवस्थामा राखेर हेर्न कथाकारमा अन्तर्ज्ञान, अन्तदृष्टि, गहन अनुभव र सूक्ष्म अवलोकन आदिको आवश्यकता पर्दछ । कथात्मक दृष्टिबिन्दु दुई प्रकारका हुन्छन् । यसलाई यसरी रेखाचित्रद्वारा पनि हेर्न सकिन्छ :




कथामा दृष्टिकेन्द्रीय पात्र प्रथम पुरुष (म, हामी) का रूपमा रहँदा आन्तरिक दृष्टिविन्दु हुन्छ । यसअन्तर्गत पर्ने केन्द्रीय दृष्टिविन्दुमा स्वयम् कथाकार वा अरु कुनै पात्र 'म' को रूपमा मुख्य पात्र रही कथामा प्रस्तुत हुन्छ । यस दृष्टिविन्दुबाट रचित कथामा मुख्य पात्रको आन्तरिक जीवनको गहिराइ सूक्ष्मताका साथ प्रस्तुत हुन्छ । परिधिय दृष्टिविन्दुमा चाहिँ 'म' पात्र त रहन्छ तर कथामा उसको स्थान कि गौण कि तटस्थ रहन्छ । यस प्रकारको दृष्टिविन्दुबाट लेखिएको कथामा मुख्य दृश्यमा पात्र भन्नासाथ दोष गुणले युक्त वा सुख दुःखमा परेको मानिस (यदि कथामा पात्र मानिस नै छ भने) कै विम्ब उपस्थित हुन्छ । पात्रलाई केवल देवत्वको उच्च कोटिमा मात्र राखेर वा दानवत्वको हीन कोटिमा मात्र राखेर एकोहोरो पक्षमा आस्था राख्ने कथापरम्पराको आज अन्त्य भएको छ । आधुनिक कथामा पात्रको कल्पित रूपले यर्थाथसँग अन्तः सम्बन्ध कायम गर्दछ । पात्र भनेको कथानक यन्त्रको यस्तो पुर्जा होइन जसको भूमिका केवल जडान हुनुसँग मात्र सीमित हुन्छ । पात्र भनेको कथानकको एक सजीव अङ्ग हो । परिचालनबाट सम्पूर्ण तथा गतिशील बन्छ ।

सङ्क्षेपमा भन्दा पात्र वा चरित्र भनेको कुनै पनि आख्यानात्मक कृतिको पयोधरभित्र व्यवस्थित गरिएको व्यक्ति हो । "कथानकलाई गतिदिने, अरु उपकरणहरूको विकास गराउने र उद्देश्यलाई सञ्चार गराउने संवाहक नै पात्र हुन्" (फोर्स्टर, १९९० : ३३) । यसरी

आख्यानात्मक गद्य विधालाई चलायमान बनाएर अघि बढाउन पात्र वा चरित्रको ठूलो भूमिका रहेको हुन्छ ।

## २.३ पात्रविधान

कथामा साहित्यका विभिन्न विधामध्ये सर्वाधिक सशक्त एवम् प्राचीन विधा मानिन्छ र कथालाई प्राण सञ्चार गर्नमा कथाका विभिन्न तत्वहरूको भूमिका सर्वोपरि रहने गर्छ । कथामा सम्पूर्ण घटना सञ्चालन गर्ने र कथालाई गतिदिने कार्य पात्रहरूकै क्रियाकलापबाट सम्पन्न हुने गर्दछ । कथामा कथावस्तु, संवाद र उद्देश्यसमेत पात्रकै माध्यमबाट प्रस्तुत हुने गर्दछ । कथामा प्रयुक्त सामाजिक, आर्थिक, सांस्कृतिक, अध्यात्मिक आदि पक्षहरूका संवादहरू पनि पात्र नै हुने गर्छन् । त्यसैले पात्रविधान कथाको आधारशिला र महत्वपूर्ण तत्व मानिएको छ । कथामा पात्रविधान विशिष्ट प्रकारको देखा पर्दछ । पात्रलाई सर्वाधिक महत्व दिनु कथाको मुख्य विशेषता हो । पात्रको चयन, व्यवस्थापन र चरित्रोद्घाटन कथामा देखा पर्दछ । कथामा पात्रका मनोवृत्ति र व्यवहारको चित्रण गरिएको हुन्छ । पात्रका चरित्रिक परीक्षण र विश्लेषण, पात्रका बाह्य र आन्तरिक पक्षको उद्घाटन, पात्रका विचार प्रक्रिया, सोचाइ र क्रियाकलापको चित्रण पात्रविधान अन्तर्गत पर्दछ ।

पात्रको कार्यव्यापारको आख्यानात्मक कृतिमा जीवन्तता मात्र होइन रोचकता पनि प्रदान गर्छ । व्यक्तिका अन्तर र बाह्य दुवै संरचना चरित्रकै माध्यमबाट प्रकट हुने तत्व हुन् । वर्तमानमा त मानव चरित्र र मानव समाजलाई बुझ्ने प्रमुख तत्वको रूपमा चरित्रचित्रणले प्राथमिकता पाएको छ । प्रत्येक चरित्र अर्को चरित्रभन्दा कुन अर्थमा फरक छ र उसका चरित्रिक विशेषताहरू के के हुन् भन्ने कुरा चरित्रको वर्गीकरणद्वारा बढी स्पष्ट पार्न सकिन्छ । यस प्रकार पात्रविधानगत प्रयोगको प्रवृत्ति नेपाली कापरम्परामा महत्वपूर्ण प्राप्ति हो । नेपाली कथाले पात्रविधानका क्षेत्रमा नौलो आयाम थपेको छ ।

## २.४ मुख्य पात्रको चरित्रचित्रण

कथामा सीमित पात्रहरू हुन्छन् । ती पात्रहरूको भूमिका समान खालको हुँदैन । भूमिकाकै आधारमा कथामा पात्रलाई मुख्य, सहायक र गौण गरी तीन वर्गमा छुट्याइन्छ । कथामा जुन पात्रको भूमिका सबैभन्दा बढी हुन्छ त्यो मुख्य पात्र हो । जुन व्यक्तिको नाम, सर्वनाम कथामा सबैभन्दा बढी दोहोरिन्छ त्यो मुख्य पात्र कहलाउँछ । मुख्य पात्रले कृतिको सुरुदेखि अन्त्य सम्मका सम्पूर्ण घटनाक्रममा बढी उपस्थिति देखाऊको हुन्छ । पुलिङ्गी मुख्य

पात्रलाई नायक र स्त्रीलिङ्गी मुख्य पात्रलाई नायिका भनिन्छ । मुख्य पात्र कथाको मूल कथानकसँग सम्बन्धित हुन्छ । नायक, नायिका, प्रतिनायक र प्रतिनायिका तथा अन्य केन्द्रीय भूमिका भएका पात्रहरू प्रमुख पात्र भित्र पर्दछन् । त्यसैले कथावस्तुसँग सम्बद्ध केन्द्रीय भूमिका निर्वाह गर्ने पात्रलाई मुख्य पात्र भनिन्छ । मुख्य पात्रको भूमिका कथामा महत्वपूर्ण हुन्छ किनकी कथाबाट मुख्य पात्र हटाइदिँदा कथाको संरचना नै भताभुङ्ग बन्न पुग्दछ ।

## २.५ सहायक र गौण पात्रको चरित्र चित्रण

उपस्थिति र कार्यका आधारमा नायक नायिका वा प्रमुख पात्र पछिको स्थान ओगट्नेलाई सहायक पात्र भनिन्छ । यस वर्गमा पर्ने पात्रहरू बद्ध हुने गर्दछन् । कथामा थोरै उपस्थित हुने अर्थात् उपस्थिति नहुँदा पनि फरक नपर्ने पात्रलाई गौण पात्र भनिन्छ । कथामा जुन पात्रको थोरै नाम-सर्वनाम पुनरावृत्ति भएको हुन्छ त्यो सहायक पात्र र सबैभन्दा न्यून नाम सर्वनाम प्रयोग भएर आउने पात्रलाई गौण पात्र भनिन्छ । सहायक र गौण पात्र कृतिको बिचमै आएर बिचमै हटाउन पनि सक्दछन् । पुलिङ्गी सहायकलाई सहनायक पात्र र स्त्रीलिङ्गी सहायक पात्रलाई सहनायिका भनिन्छ । कथामा सहायक पात्रको भूमिका प्रमुख पात्रको तुलनामा केही कम मात्रामा हुन्छ भने गौण पात्रको भूमिका ज्यादै कम मात्रामा हुन्छ ।

## २.६ कथाका पात्रको मनोवैज्ञानिक विश्लेषणको आधार

कथाको पात्रको मनोवैज्ञानिक विश्लेषण गर्दा तिनका व्यवहार, प्रकृति, समायोजन, अभिवृत्ति, व्यक्तित्व, संवेगात्मक परिपक्वता, मानसिक अन्तर्द्वन्द्व, मानसिक अवस्था आदिलाई आधार बनाइन्छ । यस्तो विश्लेषण ढाँचालाई (घर्ती, २०६७ : ८७) ले उल्लेख गरेका छन् । ती आधारको छोटो परिचय यस प्रकार प्रस्तुत गरिएको छ :

### २.६.१ पात्रका व्यवहारको विश्लेषण

व्यवहारका आधारमा पात्रहरू दुई प्रकारका हुन्छन्- सुसङगत र असङ्गत । असल व्यवहार भएका पात्रलाई सुसङ्गत पात्र भनिन्छ भने खराब व्यवहार भएका पात्रलाई असङगत पात्र भनिन्छ । “सामाजिक व्यवहार, समय र परिस्थितिअनुरूप व्यवहार गर्ने पात्र सुसङ्गत र त्यस्तो व्यवहार नगर्ने पात्र असङ्गत हो । सुसङ्गत पात्र सामान्य पात्र हो र

असङ्गत पात्र असामान्य" (घर्ती, २०६७ : ८७) । आख्यान साहित्यमा सुसङ्गत र असङ्गत दुवै पात्रको प्रयोग हुन्छ ।

## २.६.२ पात्रका प्रकृतिको विश्लेषण

प्रकृतिका आधारमा पात्रहरू दुई प्रकारका हुन्छन् - सहज र जटिल । "चिन्तन भाव र क्रियामा प्रासङ्गिकता, नियमितता, एकरूपता, स्थिरता, सङ्गति, सन्तुलन र समन्वय भएको पात्र सहज पात्र हो र त्यस्ता कुराको अभाव भएको पात्र जटिल" (घर्ती, २०६७ : ८८) । सामान्य चरित्र भएको पात्र सहज हो भने असमान्य चरित्र भएको पात्र जटिल हो ।

## २.६.३ पात्रका समायोजनको विश्लेषण

समायोजनका आधारमा पात्रहरू दुई प्रकारका हुन्छन् - समायोजित र असमायोजित । "सामाजिक वातावरण एवम् आन्तरिक आवश्यकताहरूसँग अनुकूल सामाञ्जस्य कायम गर्न सक्ने पात्र समायोजित हो र त्यस प्रकारको सामाञ्जस्य कायम गर्न नसक्ने पात्र असमायोजित पात्र" (घर्ती, २०६७ : ८८) । कथामा समायोजित सामान्य पात्र हो भने असमायोजित असामन्य पात्र हो ।

## २.६.४ पात्रका अभिवृत्तिको विश्लेषण

अभिवृत्तिका आधारमा पात्रहरू दुई प्रकारका हुन्छन्- बर्हिमुखी र अन्तर्मुखी । "समाज र बाह्य वातावरणलाई बढी मह्त्व दिने र सामाजिक हित, नैतिकता, मर्यादा, अनुशासनतर्फ लाग्ने पात्र बहिर्मुखी हुन्छ भने आफैंलाई बढी महत्व दिएर आफ्नै बारेमा मात्र चिन्तनरत रहने पात्र अन्तर्मुखी" (घर्ती, २०६७ : ८८) । बहिर्मुखी सामान्य पात्र हो भने अन्तर्मुखी पात्र असामान्य हो ।

## २.६.५ पात्रका व्यक्तित्वको विश्लेषण

व्यक्तित्वका आधारमा पात्रलाई दुई प्रकारमा वर्गीकरण गरिन्छ- सन्तुलित र असन्तुलित । "इदम्, अहम् र पराहम् बिच, हीनता ग्रन्थि र उच्चता ग्रन्थिबिच, नारीपन र पुरुष पनबिच बहिर्मुखी र अन्तर्मुखी अभिवृत्ति बिच सन्तुलन भएको पात्र सन्तुलित पात्र हो र त्यस्तो सन्तुलन नभएको पात्र असन्तुलित" (घर्ती, २०६७ : ८८) । कथामा सन्तुलित सामान्य पात्र हो भने असन्तुलित असामान्य पात्र हो ।

### २.६.६ पात्रका संवेगात्मक परिपक्वताको विश्लेषण

संवेगात्मक परिपक्वताका आधारमा पात्रहरू परिपक्व र अपरिपक्व गरी दुई प्रकारका हुन्छन् । "सहज, स्वभाविक ढङ्गमा संवेगात्मक विकास भएको, विभिन्न संवेगहरूमाथि पूर्ण नियन्त्रण भएको पात्र परिपक्व हो र शैशविक प्रवृत्ति कायमै रहेको, प्रतिगमन प्रवृत्ति भएको, विभिन्न संवेगहरूमाथि पूर्ण नियन्त्रण नभएको अपरिपक्व पात्र हो" (घर्ती, २०६७ : ८८) । परिपक्व सामान्य पात्र हो भने अपरिपक्व असामान्य हो ।

### २.६.७ पात्रका मानसिक अन्तर्द्वन्द्वको विश्लेषण

मानसिक अन्तर्द्वन्द्वका आधारमा पात्रहरू दुई प्रकारका हुन्छन्-अन्तर्द्वन्द्वरहित र अन्तर्द्वन्द्वग्रस्त । "कुनै पनि मानसिक अन्तर्द्वन्द्व नभएको पात्र अन्तर्द्वन्छरहित र विपरीत इच्छा, भाव, विचार र धारणाको द्वन्द्व भएको पात्र अन्तर्द्वन्द्वग्रस्त पात्र हो" (घर्ती, २०६७ : ८८) । कथामा अन्तर्द्वन्द्वरहित सामान्य पात्र हो भने अन्तर्द्वन्द्वग्रस्त पात्र असामान्य पात्र हो ।

### २.६.८ पात्रका मानसिक अवस्थाको विश्लेषण

मानसिक अवस्थाका आधारमा पात्रहरू दुई प्रकार हुन्छन्-अविकृत र विकृत । "कुनै पनि मानसिक तथा चारित्रिक विकृति नभएको पात्र अविकृत हुन्छ भने मनः स्नायुविकृति, मनोविकृति, लैङ्गिक विकृति, मद्यपान तथा लागू पदार्थको कुलत, जुवाडेपन, मनोदैहिक विकृति, आपराधिक व्यवहार, समाजविरोधी क्रियाकलाप, स्थिर व्यामोह, विषाद, मनोग्रस्त-बाध्यता, उन्माद, कृशकाय, अपूर्ण व्यक्तित्व मन्द र खण्डित मानसिकताजस्ता विकृति भएको पात्र विकृत पात्र हो" (घर्ती, २०६७ : ८८) । अविकृत पात्र सामान्य हो भने विकृत असमान्य पात्र हो ।

## २.७ कथामा पात्रको सामाजिक विश्लेषणका आधार

### २.७.१ वर्गीय स्थिति

कथा एउटा गतिशील र समाज सापेक्ष विधा हो । समाज भन्नाले आर्थिक ढाँचामा लेखिएको समाज भन्ने बुझ्नु पर्दछ । त्यसैले समाजलाई उच्च, मध्यम र निम्न वर्गका आधारमा विभाजन गरिन्छ । कथा समाजसापेक्ष विधा भएकाले नै यी वर्गका पात्रहरू कथामा स्थापित गरिएका हुन्छन् । आफ्नो ईच्छा, झुकाव र प्रवृत्ति अनुसार समाजका यिनै तीन वर्गमध्येका पात्रहरू कथाका निम्ति चयन गरिएको हुन्छ ।

### २.७.२ लिङ्गीय स्थिति

लैङ्गिक विभेद नेपाली समाजको एक विशेषताकै रूपमा रहेको छ । पुरुषको तुलनामा महिलाको स्थिति अति नै दयनीय छ । नेपाली समाजमा पुरुषमात्र होइन स्वयं नारीपनि महिलावादी आन्दोलन र लैङ्गिक समानताको प्रवल विरोधी रहेका छन् । पुरुषले महिलामाथि मात्र शोषण गरेको होइन, सासूले बुहारीमाथि नन्दले भाउजू माथि, जेठानी-देउरानी बिच हुने गरेको थिचोमिचो, अत्याचार पनि कम महत्वपूर्ण छैन । तर अहिलेको नेपाली समाजमा लैङ्गिक असमानताको विरोध गरी लैङ्गिक समानताको पक्षमा उत्रिएको पाइन्छ । त्यसैले महिलालाई पनि पुरुष सरह अधिकार दिने कार्य भएको पाइन्छ ।

### २.७.३ धार्मिक स्थिति

साहित्यकारले आफ्नो साहित्य सिर्जनाका सिलसिलामा समाजका धार्मिक पक्षलाई समेटेको हुन्छ । नेपाली समाज मूलतः हिन्दु धर्मालम्बी समाज भएकाले समाजभित्र पाइने आचार व्यवहार, प्रचलन, मान्यता, रीतिरिवाज पनि धार्मिक मूल्य र मान्यताबाट अत्याधिक रूपमा प्रभावित हुने गर्दछन् । सामाजिक जीवनमा धर्मको अहम् भूमिका हुने हुनाले कथामा यसको छाप र प्रभाव देख्न सकिन्छ । धार्मिक स्थिति अन्तर्गत हेर्दा नेपाली समाजमा हिन्दु, मुस्लिम, क्रिश्चियन, बौद्ध आदि अनेक धर्म देखिए पनि नेपाली समाज मूलतः हिन्दु धर्मावलम्बी समाज मानिन्छ ।

### २.७.४ सांस्कृतिक स्थिति

मानवीय जीवनका जन्मदेखि लिएर मृत्युपर्यन्तका अनेक संस्कारहरू (न्वारन, व्रतबन्ध, विवाह, संस्कार र मृत्युपर्यन्त गरिने संस्कार आदि) लाई संस्कृतिका रूपमा समावेश गर्न सकिन्छ । यी सांस्कृतिक परिवेशभित्र साहित्यकार स्वयं पनि हुर्किने हुनाले यस्ता तत्वहरूको उसको साहित्यिक कृतिमा प्रशस्त छाप परेको हुन्छ । आधुनिक सभ्य समुदायमा साहित्यको सांस्कृतिक पक्षले महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

### २.७.५ जातीय स्थिति

जातीय आधारमा नेपाली समाजलाई ब्राह्मण, क्षेत्री, वैश्य, शुद्ध गरी विभाजन परापूर्व कालदेखि गरिदै आएको पाइन्छ । त्यसैले नेपाली समाजमा विभिन्न जातजातिले बसोबास गरेका छन् । विश्वेश्वरप्रसाद कोइरालाको कथाहरूमा कथाकारले विभिन्न जातजातिहरूलाई समावेश गरेका छन् । नेपाली समाजमा जातीय भेदभाव पाइन्छ भने कथा साहित्यमा पनि जातीय भेदभाव प्रस्तुत भएको हुन्छ ।

## २.८ निष्कर्ष

कथामा कार्यव्यापार सम्पन्न गर्ने चरित्र वा पात्र हुन्छन् । कथामा सबै पात्रहरूले उत्तिकै कार्य गरेका हुँदैनन् । कथामा पात्रले गर्ने कार्यको आधारमा पात्र प्रमुख, सहायक र गौण गरी तीन वर्गमा छुट्याइन्छ । कथा पात्रको अन्तर्वाह्य पक्षको उद्घाटन, अध्ययन र विश्लेषणमा केन्द्रित हुने हुनाले यसमा पात्रको स्थान झन् महत्वपूर्ण रहन्छ । मनोवैज्ञानिक सिद्धान्तका आधारमा पात्रहरूको विश्लेषण आठ प्रकारबाट गर्न सकिन्छ । पात्रको व्यवहार प्रकृति, समायोजन, अभिवृत्ति, व्यक्तित्व, संवेगात्मक परिपक्वता, मानसिक अन्तर्द्वन्द्व र मानसिक अवस्था गरी विश्लेषण गरिन्छ । यसरी मनोविश्लेषणात्मक कथाको पात्रविधान आफ्नै किसिमको हुने भए पनि कथाका पात्रको सामाजिक विश्लेषणका आधार भने भिन्न प्रकारका छन् । पात्रको सामाजिक विश्लेषण अन्तर्गत पात्रलाई वर्गीय लिङ्गीय, धार्मिक, सांस्कृतिक, जातीय स्थिति आदि आधारमा विश्लेषण गरिन्छ । कथा निर्माणका क्रममा पात्र चरित्र पनि कथानक झैँ अपरिहार्य तत्व हो । पात्रले नै कथालाई जीवन्त र चलायमान बनाउँछ ।

## तेस्रो परिच्छेद
## विश्वेश्वरप्रसाद कोइरालाको कथायात्रा र कथागत प्रवृत्ति

### ३.१ विषय परिचय

यस परिच्छेदमा कथाकार विश्वेश्वरप्रसाद कोइरालाको व्यक्तिगत जीवनको चित्रण गर्नुका साथै उनको पारिवारिक शिक्षा तथा लेखन प्रेरणा, राजनैतिक कार्य, साहित्यिक कार्य आदिलाई स्पष्ट रूपमा देखाइएको छ । कोइरालाको कथा यात्राको चरण विभाजन, औचित्य र स्वरूप पनि यसै खण्डमा समावेश गरिएको छ । यसै परिच्छेद अन्तर्गत कोइरालाका कथागत प्रवृत्तिको निरूपण गरी उनले नेपाली कथाको विकासमा पुऱ्याएको योगदानको मूल्याङ्कन पनि प्रस्तुत गरिएको छ ।

### ३.२ प्रेरणा र पृष्ठभूमि

विश्वेश्वरप्रसाद कोइराला राजनीतिक र साहित्यिक सम्पन्न विशिष्ट प्रतिभाको नाम हो । नेपाली राजनीतिमा समाजवादी विचारधारालाई आत्मसात् गर्ने कोइराला नेपाली साहित्यिक फाँटमा नवीन युग प्रवर्तक हुन् ।

विश्वेश्वरप्रसाद कोइराला स्व. कृष्णप्रसाद कोइराला र दिव्यादेवी कोइरालाका छोरा हुन् । उनको जन्म वि.सं. १९७१ भदौ २४ गते (सन् १९९४ सेप्टेम्बर ८ तारिख) काशीमा भएको हो । कोइरालाको न्वारानको नाम चुडामणि कोइराला भए पनि उनका ठुलोबुबा कालिदाशले काशीका विश्वनाथको प्रसादको रूप मानेर 'विश्वेश्वरप्रसाद' भन्नु पर्छ भनेबाट चुडामणि कोइराला विश्वेश्वरप्रसाद कोइराला हुन पुगे । मध्यमवर्गीय परिवारमा जन्मिएका विश्वेश्वरप्रसाद कोइरालाको विवाह झापा जिल्लाका बडाहाकिम कमलप्रसाद उपाध्यायकी छोरी सुशीलासँग सन् १९३७ बनारसमा भएको हो । कोइरालाका तीन छोरा-प्रकाश, श्रीहर्ष, शशाङ्क कोइराला र एक छोरी चेतना रहेका छन् ।

बालककाल देखि नै तीक्ष्ण बुद्धि भएका विश्वेश्वरप्रसाद कोइराला हुने विरुवाका चिल्ला पातझैं थिए ।उनको बाल्यकाल बनारसमा बितेको पाइन्छ । कोइरालाको माध्यमिक स्तरको शिक्षा हरिशचन्द्र माध्यमिक विद्यालयबाट प्राप्त गरेका हुन् । बाल्यकालदेखि साहित्य र राजनीतिमा रुचि राख्ने कोइराला आफ्नै परिवारबाट अभिप्रेरित रहेका छन् । कोइरालामा बिहान बेलुका किताब च्यापेर प्राप्त गरिने शिक्षामा रुचि रहेको देखिन्छ । कोइरालामा

राजनीतिका अतिरिक्त साहित्यमा पनि रुचि रहेको पाइन्छ । विद्यार्थी जीवनदेखि नै कोइराला गान्धीवादी विचारबाट प्रभावित रहेका छन् । “कोइरालाले उच्चशिक्षा हिन्दु विश्वविद्यालय, काशीबाट प्रारम्भ गरेका हुन् । उच्च शिक्षा अध्ययन गर्नु भन्दा अगाडि सन् (१९३० : १५) वर्षको उमेरमा प्रथम पटक कोइराला जेल परेका हुन्” (अधिकारी, २०५० : २९) । समाजवादी विचारबाट प्रभावित कोइरालाले राजनीतिशास्त्र र अर्थशास्त्रमा (सन् १९३४) मा स्नातक तहको अध्ययन पूरा गरेका हुन् । कोइरालाले कानुन विषयमा पनि कलकत्ता विश्वविद्यालयबाट स्नातक तहको अध्ययन पूरा गरेका हुन् । त्यसपछि वकालत गर्ने क्रममा दार्जिलिङ जाँदा कोइरालाको सम्पर्क इतिहासकार तथा समालोचक सूर्यविक्रम ज्ञवालीसँग भएको पाइन्छ ।

औपचारिक रूपमा बी.ए. र बी.एल. सम्मको शिक्षा आर्जन गरेका विश्वेश्वरप्रसाद कोइरालाको राजनीतिक व्यक्तित्व नेपाली राजनीतिमा मात्र सीमित नरही विश्व राजनीतिमा पनि कोइरालाको नाम एक समाजवादी व्यक्तिका रूपमा सम्मानित रहेको छ । कोइराला एक सिद्धहस्त साहित्यकार पनि हुन् । नेपाली राजनीतिका युगपुरुष कोइरालाले नेपाली साहित्यको सामाजिक यथार्थवादी धाराका अतिरिक्त अलग्गै पृ.भूमि मनोवैज्ञानिक कथा सिर्जना गरेर नेपाली साहित्यमा नवीन युगको आरम्भ गरेका हुन् । कथाशिल्पमा नवीन प्रयोग गर्ने कोइराला मनोविश्लेषण गर्ने सफल कथाकार हुन् । यसरी जीवनको लामो यात्रामा नेपाली साहित्य, राजनीतिक र समाज सेवामा लागि पर्ने जननेता विश्वेश्वरप्रसाद कोइरालाको वि.सं. २०३९ साल साउन ६ गते दुःखद मृत्यु हुन पुग्यो ।

## ३.३ कथायात्रको चरणविभाजन, औचित्य र स्वरूप

विश्वेश्वरप्रसाद कोइराला मूलतः मनोवैज्ञानिक प्रवृत्तिका कथाकार हुन् । उनको कथालेखन अवधि त्यति लामो देखिँदैन । समयका हिसाबले १९८७ देखि २०३९ सम्म झण्डै आधा शताबदीभन्दा बढी देखिए पनि यस बिचमा कैयन अवरोधहरू आएको पाइन्छ । सुरुमा हिन्दी भाषाबाट लेखन आरम्भ गर्ने कोइरालाले नेपाली भाषामा १९९२ देखि मात्र कथा लेख्न पुग्दछन् । यिनको यो क्रम २००६ सालसम्म प्रायः निरन्तर चलिरहन्छ भने २००७ देखि २०१७ सम्म राजनीतिक व्यस्तताका कारण साहित्य लेखन ठप्प हुन्छ । २०१७ सालपछि जेल जीवन बिताउन बाध्य भएका कोइरालाले पुनः साहित्यप्रति रुचि देखाउँछन् । समष्टिमा कोइरालाको कथा विकासक्रमलाई तीन चरणमा विभाजन गर्न सकिन्छ ।

## ३.३.१ पहिलो चरण (१९८७-१९९५)

कथाकार विश्वेश्वरप्रसाद कोइरालाको यो चरण कथा सिर्जनाको शैशवावस्था हो । १६ वर्षको उमेरमै यिनले हिन्दी साहित्यका प्रख्यात साहित्यकार प्रेमचन्द्रद्वारा सम्पादित 'हंस' पत्रिकामा आफ्नो प्रथम कथा 'त्यहाँ' छपाउनुले पनि उक्त कुराको पुष्टि हुन्छ । यस अवधिमा यिनले चार हिन्दी र चार नेपाली गरी जम्मा आठ कथाहरू लेखेका छन् । कोइरालाको साहित्य सिर्जनाको पहिलो पाइलो हिन्दीबाटै सुरु भएकाले पनि यिनका हिन्दी भाषामा लेखिएका कथाहरू महत्वपूर्ण रहेका छन् । "१९९१ पूर्व यिनले नेपाली इतर भाषामा 'त्यहाँ र पथिक' (१९८७) जस्ता लघुकथाहरू लेखेका छन्" (शर्मा, २०५० : ३६) यसै अवधिमा लेखिएका यिनका अन्य कथाहरूमा 'चन्द्रवदन' (१९९२), 'विहा',शत्रु, सिपाही (१९९५) पर्दछन् । कोइरालाको 'चन्द्रवदन' कथाले मनोवैज्ञानिक कथालेखनको प्रथम सुरुआत गरेको हो ।

## ३.३.१ दोस्रो चरण (१९९६-२००६)

कोइरालाको कथा विकासक्रमको यो चरण समयका हिसाबले एक दशकको देखिन्छ । 'दोषी चस्मा' (२००६) कथासङ्ग्रह यस अवधिको प्रतिनिधि कृति हो । यो चरण गुण र परिमाण दुवै दृष्टिले यिनको कथालेखनको सबैभन्दा महत्वपूर्ण चरण हो । यस चरणमा कोइरालाले जम्मा अठार कथाहरू लेखेका छन् । ती मध्ये 'कथाकुसुम' अन्तर्गतका दुई कथा 'शत्रु र सिपाही' लाई छाडेर अरु 'मधेसतिर' (१९९८), 'होड' (२००३), 'दोषीचस्मा' (२००५), 'हरिदत्त' (२००५), 'प्रेम' (दोस्रो, २००६), 'कर्णेलको घोडा' (२००६), 'पवित्रा', 'कथा', 'पुस्तक', 'स्कुलमास्टर', 'स्वेटर', 'बौलाहा' र 'रिक्सातान्ने' गरी जम्मा चौध मौलिक कथाहरू **दोषी चश्मा** (२००६) कथासङ्ग्रहमा सङ्गृहीत छन् । यसै अवधिका अन्य कथाहरूमा 'प्रेम' (पहिलो) (१९९६), 'दुलही' (१९९६), 'द्वन्द्वप्रेम' (१९९७) र "महाराजको सवारी' (२००५) फुटकर पत्रिकामा प्रकाशित भएको भए पनि हाल हरिप्रसाद शर्माद्वारा सम्पादित विश्वेश्वरप्रसाद कोइरालाका कथामा सङ्गृहीत रहेका छन" (शर्मा, २०५० : ५२) । 'चन्द्रवदन' बाट सुरु भएको कोइरालाको नेपाली कथालेखन यस चरणमा आइपुग्दा उत्कर्षमा पुगेको देखिन्छ ।

### ३.३.३ तेस्रो चरण (२००७-२०३९)

कोइरालाको यो अवधि कथालेखन क्रमको अन्तिम चरण हो । समयको लामो अन्तराल देखिए पनि सङ्ख्यात्मक दृष्टिले ज्यादै थोरै अर्थात् जम्मा चार कथाहरू यस चरणमा लेखिएका छन् । यस चरणको प्रतिनिधि कृति **श्वेतभैरवी** (२०३९) कथासङ्ग्रह हो । यसमा 'सान्नानी', 'राइटरबाजे', 'एकरात' र 'श्वेतभैरवी' गरी जम्मा चार कथा सङ्कलित भएका छन् । कोइरालाका यी कथाहरु पूर्ववर्ती कथाका सापेक्षतामा निकै लामा रहेका छन् । "स्थानीय रङ्ग विधानको व्यापक सीमा ग्रहण गर्ने सन्दर्भमा सामाजिक चालचलन, रीतिस्थिति र व्यवहारको चित्रणमा समेत यस चरणका कथाहरुमा कथाकारको झुकाउ पाइन्छ" (शर्मा, २०५० : ५५) । कोइरालाका कथालेखनको यो अवधि सङ्ख्यात्मक रुपमा अल्प रहे पनि गुणात्मक रुपमा उच्च रहेको छ ।

## ३.४ कोइरालाका कथागत प्रवृतिहरू

### ३.४.१ मनोवैज्ञानिकता

साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाको पहिलो कथागत प्रवृत्ति मनोवैज्ञानिकता हो । यिनले आफ्नो कथालेखन तथा औपन्यासिक लेखन दुवैमा पात्रको आन्तरिक मनस्तात्विक अध्ययनलाई केन्द्रबिन्दु बनाएका छन् । यिनले नेपाली भाषामा रचना गरेका सबै कथामा मनोविशलेषणलाई प्राथमिकता दिइएका छन् । कथाका पात्रले आफ्नो इच्छा र आकाङ्क्षालाई सहज रूपमा बाह्य प्रकटीकरण गर्न नपाउँदा उसले कुण्ठित भएर बस्नु पर्ने हुन्छ । फलतः उसका मनमा द्वन्द्वको सृजना र विकास हुँदै जान्छ । कोइराला पनि आफ्ना कथाका पात्रहरूमा द्वन्द्वको स्थापनाद्वारा मानसिक संवेगको खोज र विश्लेषण गर्दछन् ।

कोइरालाले नै फ्रायडद्वारा प्रतिपादित मनोविश्लेषणको परिपाटीलाई साहित्यिक पाराले नेपाली साहित्यमा भित्र्याएका हुन् । कोइरालाको अध्ययनको व्यापक परिधिमा फ्रायडीय चिन्तन मननले अमिट छाप पारेको पाइन्छ । त्यसैले आफूमा परेको त्यो प्रभावलाई उनले साहित्यिक लेखनमा भित्र्याएका हुन । नेपाली साहित्यमा मनोविश्लेषणको महत्व बुझेर साहित्य रचना गर्ने प्रथम साहित्यकार विश्वेश्वरप्रसाद नै हुन् । **चन्द्रवदन** देखि **एकरात** सम्मका कोइरालाका कथाहरू मनोविश्लेषणको लक्ष्यबाट कति पनि टाढिएका छैनन् । यसर्थ कोइरालाका कथाप्रवृत्तिमध्ये मनोवैज्ञानिकता उच्च रहेको छ ।

### ३.४.२ सामाजिकता

कथाकार कोइराला दोस्रो प्रवृत्ति सामाजिकता हो । कोइराला मूलतः मनोवैज्ञानिक कथाकार भएकाले उनको उद्देश्य पनि मनोविश्लेषण रहनु स्वाभाविकै देखिन्छ । परन्तु उनी मनोवैज्ञानिक कथाकार हुँदैमा उनका कथामा सामाजिकताको स्थिति शुन्य रहन्छ भन्न खोजिएको होइन । मनोविज्ञानको आधारसूत्र नै समाज हो । पात्रमा मानसिक कुण्ठाको सिर्जन र विकासको मूलहेतु समाज रहेको हुन्छ । यिनले तत्कालीन समाजमा रहेका अन्याय, अत्याचार, कुरीति र दृष्टप्रवृत्तिको पर्दाफास गरे । यिनले यसका लागि समयबाट आहत भई मनोविकृत पात्रहरूको निर्माण गरी मनोविश्लेषणको माध्यम कोइरालाले अपनाएका देखिन्छ । यिनको समष्टि कथालेन मनोविश्लेषणबाट नटाढिए झैँ त्यसको मूल कारक र उद्देश्यकै कोणबाट हेर्दा पनि उनका कथामा सामाजिकता पर्याप्त मात्रामा पाइन्छ । तसर्थ कोइरालाको मनोविश्लोणलाई सहयोग पुऱ्याउने प्रमुख आधारका रूपमा सामाजिकता रहेको छ ।

### ३.४.३ अभिनेयात्मकता

कथाकार कोइरालाको अभिनेयात्मकतालाई मूल प्रवृत्ति भन्न नसकिए पनि यिनका कथामा भएको अल्पपात्र प्रयोग र संवादात्मक अभिव्यक्तिले गर्दा अभिनेयात्मकतालाई छुट्टै प्रवृत्तिका रूपमा लिन सकिन्छ । “यिनका कथाहरू मञ्चन को उद्देश्य राखी लेखिएका भने होइनन् । तर पनि अभिनेयात्मकता खोज्न सकिन्छ । यिनका कथामा वर्णनसँग दृश्य र दृश्यसँग संवाद अनि ठाउँठाउँमा मनोवादको पनि समावेश भएकाले उनका कथाको भाषा एवम् शैलीमा नाटकीयता पनि प्रशस्त मात्रामा रहेका छ र कतैकतै प्राकृतिक दृश्यको छोटोछोटो वर्णन पनि भेटिन्छ” (त्रिपाठी, २०५२ : १५६) ।

कोइरालाका समग्र कथाहरूमै उत्कृष्ट मानिएको **कर्नेलको घोडा** कथामा पनि यस्ता अभिव्यक्ति पाउन सकिन्छ । कर्नेल बाहिरबाट घरमा आउँदा सधैं केही न केही समान लिएर आउँथे । यसै लिसिलामा एकदिन कर्नेल्नीले भनिन् - “मैले कति चोटि हजुरलाई भने मलाई यी सब मालमत्ता चाँहिदैनन् । व्यर्थ हजुर किन पैसा फ्याक्नुहुन्छ” (कोइराला, २०६० : २) । यिनका अन्य कथामा यस्ता नाटकीय पाराका संवादात्मक अभिव्यक्तिहरू थुपै पाउन सकिन्छ यो । यिनको स्पष्ट देखिने प्रवृत्ति भएकाले सहजै फेला पार्न सकिन्छ । यसैले कथाकार कोइरालाका अभिनेयात्मकता छुट्टै प्रवृत्तिका रूपमा रहेको छ ।

### ३.४.४ तार्किकता

कथाकार विश्वेश्वरप्रसाद कोइरालाका विविध व्यक्तित्वहरूमध्ये कानुनी व्यक्तित्व पनि एक हो । कानुनका विद्यार्थीका रूपमा देखिने कोइरालाको तार्किक शैलीको प्रभाव कथामा पनि परेको छ । कोइरालाका कथामा तार्किकता पाउन सकिन्छ । **कर्नेलको घोडा** कथामा कर्नेलले गरेको आफूप्रतिको व्यवहारबाट निराश कर्नेल्नी भन्छिन "म बाहुनी होइन भान्सामा ढुकी रहने । मलाई जे मन लाग्छ त्यही गर्छु । घोडाको हेरविचार गर्दा शान्ति पाउँछु त्यति पनि तिमीलाई असहय भयो" (कोइराला, २००६ : ३९) । कर्नेल्नीका यी कथनले नारी पुरुषका निम्ति खेलौनाका साधन मात्र होइनन् । उनीहरूको पनि मौलिक आकाङ्क्षा र दृष्टिकोण रहेको हुन्छ । आफ्ना अन्तर्मनले चाहेको कार्य गर्न पाउनु मानवीय अधिकार हो भन्ने विचार बुझ्न सकिन्छ । यिनका अन्य कथामा समेत यस्ता तार्किक अभिव्यक्ति केलाउन सकिन्छ । उक्त प्रवृत्तिले कोइरालाको कथालेखनलाई उल्लेख्य सहयोग गरेको छ ।

### ३.४.५ प्रतीकात्मकता

कोइराला फ्रायडीय मनोविश्लेषणलाई साहित्यिक कला प्रदान गरी कथा लेख्ने कथाकार हुन् । यिनको मनोवैज्ञानिक कथालेखनलाई नारी, पुरुष र बालक गरी तीन तहमा विभाजित गर्न सकिन्छ । नारी तथा पुरुषसँग सम्बन्धित यौनमनोवैज्ञानिक कथालेखनमा प्रतीकविधानको प्रयोग गरिएको हुन्छ । कोइरालाको प्रथम नेपाली कथा 'चन्द्रवदन' मै कोठा, मँवरा, माकुराको जालोजस्ता प्रतीक रहेका छन् । यस्तै कोइरालाले **बिहा**, **कर्नेलको घोडा**, **देषी चश्मा**, **श्वेतभैरवी** जस्ता कथाका शीर्षक पनि प्रतीकात्मक राखेका छन् । यिनको **पवित्रा** कथामा नक्कली दुलाहा, चुरा, चोलो, कोठा धाराजस्ता प्रतीक छन् ।

कोइरालाले आफ्ना कथाहरूमा घटनाको अवस्था, पात्रको स्तर र सामाजिक परिवेशअनुकूल प्रतीक विधान पद्धतिलाई अवलम्बन गरी आफ्नो उच्च कथालेखन सामर्थ्यलाई प्रस्तुत गरेका छन् । उनको कथायात्राको प्रारम्भ देखि अन्त्य सम्मकथामा प्रतीकात्मक अभिव्यक्तिलाई निरन्तरता दिएको छ । यसैले कोइरालाको कथालेखनमा प्रतीकात्मकता महत्वपूर्ण बनेको छ ।

### ३.४.६ प्रकृतिप्रेम

विश्वेशवरप्रसाद कोइराला रुसोको 'प्रकृतितर्फ फर्क' भन्ने मान्यताद्वारा पूर्ण प्रभावित भएका कथाकार होइनन् । लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, माधवप्रसाद घिमिरे र सिद्धिचरण श्रेष्ठभ्रै प्रकृतिकै काखमा रमाउने प्रवृत्ति पनि कथाकार कोइरालामा पाइँदैन । पात्रको मानसिक अध्ययन गर्दा परिवेशको चित्र खिच्ने क्रममा कोइराला प्रकृति नजिक पुगेका छन् । उनको **सिपाही** कथामा म पात्र र सिपाहीका बिचको संवाद उल्लेख्य छ । कथाकारले म पात्र लाई "ठिक्क हामीहरूको सामुन्ने पहेंलो सूर्य पहाडको अर्का पट्टि ओर्लिरहेका थिए" (कोइराला, २००६ : ९८) । भन्नुले लेखकमा निहित प्रकृति प्रेमको छाप प्रष्ट हुन्छ ।

कोइरालाका प्रायः सबैजसो कथामा प्रकृतिको उपस्थिति रहन्छ । यिनले पछिल्लो चरणमा लेखेको **श्वतभैरवी** कथा यस दृष्टिले अझ बढी महत्वपूर्ण रहेको छ । कोइराला प्रकृति वर्णानलाई केन्द्रबिन्दु मानि कथा लेख्ने कथाकार होइनन् । परन्तु उनका कथा पात्रको स्थिति अनुरूप र आफ्नो लक्ष्यानुकूलको प्रकृति सजीवताका साथ उपस्थित देखिन्छ । यसले कोइरालाको कथाकारिता अन्तर्गत शैल्पिक संरचनामा थप बल पुगेको छ । यसर्थ यिनका प्रवृत्तिहरूमध्ये **प्रकृतिप्रेम** लाई पनि महत्वपूर्ण मानिएको छ ।

### ३.४.७ व्यङ्ग्यात्मकता

कोइरालका कथाप्रवृत्तिमध्ये व्यङ्ग्यात्मकता पनि एक हो । यिनले समाजमा हुने राम्रां नराम्रा विविधपक्ष माथि व्यङ्ग्यात्मक पाराले स्पष्ट पारेका छन् । तत्कालिक समाजका विलास र उत्पीडनप्रति अनि दमित शिथिल आत्मचेतनाप्रति कथाकार निकै व्यङ्ग्य गर्दछन् । **दोषी चश्मा, बिहा, रिक्सातान्ने, बौलाहा, स्कुलमास्टर** आदि कथामा कथाकार कोइरालले व्यङग्य प्रहार गरेका छन् । कोइरालाले आफ्ना सबै कथामा विशेष समस्यालाई लिएर व्यङ्ग्यात्मक पाराले आफ्नो उदेश्य प्रस्तुत गरेका छन् । यिनले सोझो पाराले भन्दा घुमाउरो पाराले समाजसापेक्ष बनी पात्रका मानसिक कुण्ठा निर्माणमा सहयोगी बन्ने तत्व तथा अन्य समस्याप्रति व्यङ्ग्य हानेका छन् । "कोइरालाका कथामा गम्भीर र मार्मिक जीवनसत्यको उद्घाटनमा निम्ति व्यङ्ग्यात्मकताको मन्द मुस्कान छरिएको हुन्छ" (उपाध्याय, २०५० : २६९) । कथाकार कोइरालाले मनोविश्लेषणमा रुचि लिँदालिदै पनि आफुलाई समाज निरपेक्ष बनाएका छैनन् । उनका प्राय : सबै कथामा कमबेसी मात्रामै भए पनि व्यङ्ग्यात्मकता

पाउन सकिन्छ । उनको यो प्रवृत्तिलाई कलात्मक पाराले आफ्ना कथामा संयोजन गरेका छन् ।

## ३.४.८ याथार्थवादी चेत

कोइराला आधुनिक नेपाली कथाको यथार्थवादी युगका अगुवा कथाकार हुन । यिनको रुचि मनोवैज्ञानिक यथार्थवादी कथालेखनमा देखिन्छ । यथार्थवादी चेत अन्तर्गत कोइरालाले सामाजिक यथार्थ र मनोवैज्ञानिक यथार्थवादी आफ्ना कथामा प्रस्तुत गरेका छन् । “सामाजिक बस्तुयथार्थका असल खराब पक्ष एवम् सङ्गति, असङ्गति र स्वभाव तथा विकृतिका साथै मुल्य र मुल्यविचलनको बैयक्तिक आग्रत र हित प्रमाणित आलेखनकै हैसियतमा यथार्थवादी विशुद्धता उभिन्छ” (त्रिपाठी, २०४९ : ५३) । कोइरालाले विषेश गरी पात्रको आन्तरिक यथार्थ खोतल्ने काम गरेका छन् ।

कोइरालाको यथार्थवादी कथालेखनले समाज र व्यक्तिको चिन्तनमननमा रुचि देखाऊको छ । आफू यथार्थवादी भएको तथा समसामयिक नेपाली जीवनलाई राम्ररी ठम्याएको कुरा विश्वेश्वरप्रंसाद कोइरालाले कथा द्वारा स्पष्ट देखाऊका छन् । **दोषी चश्मा बिहा ‘बौलाहा’ ‘रिफ्सातान्ने’ ‘मधेसतिर’ ‘महाराजको सवारी’** कथामा चाकरीजीवी र सामन्ततन्त्रले शोषित साधारण व्यक्ति पुरुष समाजमा नारीको दुर्दशाको चित्रण गरेका छन् । कोइरालाले आफ्ना कथामा मानवीय मनको शाश्वत सत्यलाई सफलतापूर्वक खोज र विश्लेषण गरेका छन् । यथार्थवादी चेतको धागोले सामाजिक वस्तुस्थिति सहयोगमा मनोजगत्को यथार्थ अङकन गर्नु यिनको लक्ष्य रहेको छ ।

## ३.४.९ उद्देश्यमुलक प्रस्तुति

कोइरालाका कथाप्रवृत्तिहरूमध्ये उद्देश्यमुलक प्रस्तुति महत्वपूर्ण मानिन्छ । कुनै पनि साहित्यकारले आफ्नो लेखनकार्य लाई निरुउद्देश्य बनाउन सक्दैन । मानिस यथार्थमा आन्तरिक तहबाट परिचलित हुनेहुँदा उसको भित्री मनस्सताको खोजी गर्ने उद्देश्य कोइरालाको देखिन्छ ।

कोइरालाले आफ्ना कथामा तत्कालीन सामाजिक राजनीतिक तथा आर्थिक सांस्कृतिक पक्षलाई समेत केन्द्रबिन्दु बनाएको पाइन्छ । यिनको समष्टि कथालेखन फ्रायडीय मनोविश्लेषणका साथ साथै नेपाली संस्कृति सापेक्ष जीवनजगत्को अध्ययनमा आधारित

रहेको देखिन्छ । यसले गर्दा समकालीन कथाकारका सापेक्षतामा कोइराला उच्च बनेका छन् ।

## ३.५ नेपाली कथा साहित्यमा विश्वेश्वरप्रसाद कोइरालाको योगदान

### योगदान

विश्वेश्वरप्रसाद कोइरालाको कथाकार व्यक्तिव्वको योगदान नेपाली साहित्यमा भिन्न भिन्न किसिमले विशिष्ट आलोचनकहरूले गरेका छन् । उनको कथाकार प्रतिभाको प्रस्फुटन हिन्दीका तीनवटा लघुकथाहरूवाट भएको हो । हिन्दीमा थोरै भए पनि प्राय : सबैजसो विधामा विश्वेश्वरप्रसाद कोइरालाको कलम चलेको देखिन्छ । उनको उपयुक्त तीनवटा लघुकथाहरू 'वहाँ' (त्यहाँ), 'पथिक' र 'अपनाही तरह' (आफु जस्तै) हुन् । विश्वेश्वरप्रसाद कोइरालाले नेपाली कथामा दिएको योगदानहरूको चर्चा गर्ने क्रममा परिमाणात्मक र गुणात्मक योगदान भनेर अलग अलग गर्नु पर्ने हुन्छ । समयका हिसावले १९८७ देखि २०३९ सम्म झण्डै आधा शताब्दीभन्दा बढी उनको साहित्यक यात्रा देखिए पनि यसबिचमा कैयन आरोह अवरोह आएको पाइन्छ । विश्वेश्वरप्रसाद कोइरालाले परिमाणात्मक रूपमा नेपाली कथा साहित्यलाई निकै ठुलो योगदान दिएका छन् । फुटकर रूपमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित लेखरचनादेखि बाहेक कृतिगत रूपमै मात्र प्रकाशित रचनाहरूको गणना गर्दा पनि उनको दुईवटा कथासङ्ग्रह प्रकाशित भएका छन् । उनको विधागत रूपमा हेर्दा पनि एउटै विधामा मात्र योगदान नदिएर कविता, कथा, उपन्यास आत्मसंस्मरण, लेख निवन्ध आदि विभिन्न विधामा क्रियाशील रूपमा कलम चलाएका छन् ।

नेपाली कथासाहित्यमा **चन्दवदन** वि. सं. १९९२ (शारदा) बाट कथायात्रा आरम्भ गर्ने कोइरालाले दुईवटा कथासङ्ग्रहहरू नेपाली साहित्यलाई समर्पित गरेका छन् । उनका ती दुई कथासङ्ग्रहहरू **दोषी चश्मा** (२००६) र **श्वेतभैरवी** (२०३९) रहेका छन् । यी मध्ये **दोषी चश्मा** कथासङ्ग्रहमा सोह्रवटा कथाहरू सङ्ग्रहीत रहेका छन् । जुन यसप्रकार छन् : **बिहा**, **सिपाही**, **मधेसतिर**, **होड**, **दोषी चश्मा**, **हरिदत्त**, **प्रेम**, **कर्नेलको घोडा**, **पवित्रा**, **कथा**, **पुस्तक**, **स्कुल**, **मास्टर**, **सखी**, **स्वेटर**, **वौलाहा**, **रिक्सातान्ने**, कथाहरू सङग्रहीत रहेका छन् । त्यसै गरी **श्वेतभैरवी** कथासङ्ग्रहमा पनि जम्मा चारवटा कथाहरू सङ्ग्रहीत रहेका छन् । ती कथाहरू यसप्रकार रहेका छन् । **श्वेतभैरवी**, **सान्नानी**, **राइटरवाजे**, **एकरात**, यी बाहेक विश्वेश्वरप्रसाद कोइरालाका कथासङ्ग्रहमा समावेश हुन नसकेका अन्य छ वटा कथाहरू

**चन्द्रवदन** (शारदा : १९९२), **प्रेम**, (पहिलो) (शारदा :१९९६), **शत्रु** (कथाकुसुम १९९५), **दुलही** (शारदा : १९९६), **द्वन्द्वप्रेम**, (शारदा : १९९६) **महाराजको सवारी** (युगवाणी : २००५) रहेका छन् । यसरी दुईवटा कथासङ्ग्रहमा सङगृहीत बीसवटा र बाँकी छ वटा फुटकर रूपमा गरी जम्मा छब्बीसवटा कथाहरू नेपाली साहित्यमा दिएर कोइरालाले सङ्ख्यात्मक रूपमा महत्वपूर्ण योगदान दिएको पाइन्छ ।

परिमाणात्मक रूपमा यति ठुलो योगदान दिएका विश्वेश्वरप्रसाद कोइरालाले गुणात्मक दृष्टिले पनि नेपाली साहित्यलाई अविस्मरणीय योगदान दिएका छन् । विश्वेश्वरप्रसाद कोइरालाको आगमनपूर्व नेपाली कथापरम्परामा भर्खर मात्र आधुनिकताले प्रवेश पाएको थियो । प्रथम आधुनिक कथाकार गुरूप्रसाद मैनाली मुलातः भारतीय चिन्तन शैली द्वारा प्रभावित थिए भने विश्वेश्वरप्रसाद कोइरालाले पाश्चात्य शैलीलाई नेपाली कथा साहित्यमा भित्र्याए । विश्वेश्वरप्रसाद कोइरालाले फ्रायडवादी सिद्धान्त अन्तर्गत मानव जीवनमा यौनशक्तिको भूमिकामा जोड दिइएको पाइन्छ ।

कोइरालाले नेपाली कथामा क्रान्तिकारी परिर्वतन ल्याएका छन् “विश्वेश्वरप्रसाद कोइराला पूर्णतः पाश्चात्य चिन्तन र शैलीद्वारा प्रभावित थिए । एकातिर उनका कथाको संरचनामा हाम्री फ्रायडवादी दर्शनको कथारूप पाउँदछौ भने अर्कातिर रूपविन्यासमा चाँहि एन्तोन चेखव, गोर्को, मोपाँसा आदिका शैलीशिल्पको टड्कारो झलक पाउँदछौ । त्यसैले उनको अङ्गालेको आधुनिकता झन सबल हुँदै एउटा लामो परम्पराको निर्माण भयो (श्रेष्ठ, २०६७ : ५६-५७) । यसरी आफ्ना कथाहरूको माध्यमबाट कथाकार कोइरालाले नेपाली कथाको फाँटमा ठूलो योगदान दिनुका साथै नेपाली कथा साहित्यको स्वर्णीम इतिहास कायम गरेका छन् ।

## ३.६ निष्कर्ष

विश्वेश्वरप्रसाद कोइराला राजनीतिक र साहित्यिक व्यक्तित्व सम्पन्न विशिष्ट प्रतिभा हुन् । साहित्यिक क्षेत्रमा उनी वहुमुखी प्रतिभाशाली व्यक्तित्व मानिन्छन् । वि.सं. १९८७ मा हिन्दीमा ‘वहाँ’ नामक लघुकथा लेखेर आख्यान विधामा प्रवेश गरेका कोइरालाले वि.सं. १९९२ साल देखि मात्र नेपाली साहित्य क्षेत्रमा प्रवेश गरेका हुन् । यिनको कथा लेखनको विकासक्रमलाई तीन चरणमा विभाजन गरिन्छ । पहिलो चरण (१९८७-१९९५), दोस्रो चरण (१९९६ -२००६), र तेस्रो चरण (२००६ -२०३९) । मनोवैज्ञानिकता,

सामाजिकता, संक्षिप्तता, अभिनेयात्मकता, प्रकृतिप्रेम, तार्किकता, प्रतीकात्मकता, व्यङ्ग्यात्मकता, यथार्थवादी चेत, उद्देश्यमुलक प्रस्तुति जस्ता प्रवृति पाइने कथाकार कोइराला आधुनिककालीन साहित्यिक स्रष्टा हुन् । कोइरालाले नेपाली कथा साहित्यमा ऐतिहासिक, परिमाणात्मक र गुणत्मक योगदान दिएर कथा साहित्यको स्वर्णीम इतिहास कायम गरेका छन् ।

# चौथो परिच्छेद
# मनोवैज्ञानिक दृष्टिले श्वेतभैरवी कथासङ्ग्रहका पात्रहरू

## ४.१ विषय परिचय

प्रस्तुत पच्छिेदमा कथाका पात्रको मनोवैज्ञानिक विश्लेषणलाई प्रस्तुत गरिएको छ । कथाका पात्रको मनोवैज्ञानिक विश्लेषण प्रस्तुत गर्ने क्रममा **सान्नानी**, **राइटरबाजे**, **एकरात**, र **श्वेतभैरवी** कथाका पात्रको मनोवैज्ञानिक विश्लेषण गरिएको छ । मनोवैज्ञानिक विश्लेषणका आधारमा प्रत्येक कथाका पात्रको व्यवहार, प्रकृति, समायोजन, अभिवृत्ति, व्यक्तित्व, संवेगात्मक परिपक्वता, मानसिक अन्तर्द्वन्द्व र मानसिक अवस्थाको विश्लेषण गर्दै यो परिच्छेद टुङ्ग्याएको छ ।

## ४.२ सान्नानी कथाका पात्रको मनोवैज्ञानिक विश्लेषण

कथाकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा लेखिएको **सान्नानी, श्वेतभैरवी** (२०३९) कथासङ्ग्रहमा सङ्गृहीत छ । कोइरालाको **सान्नानी** कथामा पूर्वी नेपालको सामाजिक, आर्थिक, साँस्कृतिक परिवेशको प्रयोग गरिएको छ । 'म' पात्र र सान्नानी ३० वर्ष पहिलाको चिनजान, बनारस बाट गाँउमा आउँदा (बस्दा) एक्लो महसुस गरी जीवनयापन गरेका स्मरण, दुवैजना ( 'म' पात्र र सान्नानी ) लामो एकै ठाउँमा बिताएको दुवै आपसमा माया ममतामा बाधिनु र सान्नानीको सहचर्यमा हुर्केको बालपात्र पछिसम्म पनि उसैलाई सम्झनु र उसैमा हराउँनु 'म' पात्र र 'सान्नानीको' मनोविज्ञान हो । छोटोकरीमा के भन्न सकिन्छ भने **सान्नानी** कथा बालमनोविज्ञान भित्रको यौनचेत र सामाजिकता प्रस्तुत गरिएको कथा हो ।

**सान्नानी** कथाको मुख्य पात्रको रूपमा सान्नानी र 'म' पात्र छन् । उनीहरूकै सेरोफेरोमा कथानक अगाडि बढेको हुनाले कथामा सीमित पात्रहरूको प्रयोग गरिएको छ । मुख्य भूमिकामा देखापरेका सान्नानी र 'म' पात्र बाहेक कथाका अन्य पात्रहरूको भूमिका गौण छ । गौण भूमिकामा देखापर्ने पात्रहरूमा 'म' पात्रको आमा सान्नानीको आमा, फगुनी,, सान्नानीको लोग्ने आदि भूमिका लिएर आएका छन् । यस कथाका प्रयुक्त पात्रका मनोवैज्ञानिक विश्लेषण यसप्रकार छन् ।

### ४.२.१ पात्रका व्यवहारको विश्लेषण

**सान्नानी** कथामा मुख्य पात्रको रूपमा सान्नानी र 'म' पात्र रहेका छन् । प्रस्तुत कथामा सान्नानी र 'म' पात्र सामाजिक वातावरण, समय र परिस्थिति अनुसार व्यवहार गर्ने सुसङ्गत पात्र हुन् ।

'म' पात्रको आफ्नो आत्मकथा सुनाउने क्रममा आफ्नो बाल्यावस्थाको वर्णन यसरी गरेको छ :

> यो त म निश्चित रूपबाट पूरा विश्वासका साथ भन्न सक्छु कि ममा न त त्यो उमेर नै थियो न सान्नानीमा त्यो स्त्री योचित गुणनै कि हाम्रो हृदयमा कहिले पनि नर नारीको भावना उठ्न पावस् । कुन्नि उसले ममा के पाउँथी मैले भने उसमा एउटा सहारा र मित्रताको आधाँर पाँए (पृ. ८)

भन्ने भनाइवाट उसको वाल्यकालीन मित्रताको व्यवहार पाउँन सकिन्छ । सान्नानीले पनि समय र परिस्थिति अनुरूप व्यवहार गरेकी छे । "रङ्गाएको धोती र चोलो लाएको म उसलाई देख्ये । ऊ आमाहरूसँग बसेर पात गाँस्थी भान्छामुनि बसेर । अगेनामा दुध उमाल्थी,, दही जमाउँथी, भण्डार राखनधरन पनि गर्थी (पृ. १५) । यसरी सान्नानीले आफूलाई सामाजिक वातावरण अनुसार परिवर्तन गरेकी छे ।

माथिको भनाइमा उनीहरुको सामाजिक वातावरण, समय र परिस्थिति अनुसारको व्यवहार पाइन्छ, त्यसैले उनीहरुलाई सुसङ्गत पात्र भन्न सकिन्छ ।

यस कथाका गौण पात्रहरूमध्ये सान्नानीको दाजु र मुनरियाले समाजको वैवाहिक सम्बन्धलाई अस्वीकार गरी भागेकाले उनीहरू असङ्गत पात्र हुन भने 'म' पात्रको आमा, सान्नानीको आमा, फगुनी, सान्नानीको लोग्ने आदि सबै सुसङ्गत पात्र हुन् ।

### ४.२.२ पात्रका प्रवृतिको विश्लेषण

**सान्नानी** कथाका पात्रहरू सहज प्रकृतिका देखा पर्दछन् । चिन्तन भाव र क्रियामा प्रासङ्गिकता, नियमितता, एकरूपता, स्थिरता, सङ्गति, सन्तुलन र समन्वय भएका सहज पात्र हुन् । प्रस्तुत कथाका पात्रहरू 'सान्नानी', 'म' पात्र र अन्य पात्रहरू सहज प्रकृतिका देखा पर्दमछन् ।

सान्नानी र 'म' पात्र वाल्यकालका साथि भए पनि उनीहरू मित्रता वाहेक अन्य भाव भएका देखिदैनन् । 'म' पात्रले सान्नानीलाई ग्रामीण सून्यातामा हराएको बेला एउटा सहारा र मित्र पाएको छ । उनीहरू बिचको वाल्याकालको वर्णनमा 'म' पात्र भन्दछ :

> पहिले त मलाई अप्ठ्यारो लाग्यो, तर पानीमा नुहाउने र सान्नानीलाई आफूले गङ्गाजीमा सिकेको पौडाइको कला देखाऊने इच्छा बलवती भयो । मैले धोतीलाई फ्याँकेर हातरिएर नदीमा हामफाले । लज्जाको अवधि यसरी छोट्याउनुपर्ने मलाई आवश्यकता थिएन-सान्नानीको ध्यान मेरो निर्वस्त्रावस्थावपट्टि पटक्कै थिएन (पृ. ८) ।

माथिको भनाईबाट उनीहरूबिचको शारिरिक आकर्षण नभई एक मित्र वा कुशल साथिको सम्बन्ध पाइन्छ । त्यसैले उनीहरूलाई सहज प्रकृतिका पात्र मान्न सकिन्छ । 'सान्नानी', 'म' पात्रको भाव, विचार, चाहना, क्रियाकलापमा प्रासङ्गिकता, एकरूपता, सङ्गति र सन्तुलन पाइने हुनाले उनीहरू सहज पात्र हुन् । त्यस्तै गौण भूमिकामा देखापर्ने पात्रहरुमा 'म' पात्रको आमा, सान्नानीको आमा, फगुनी, सान्नानीको लोग्ने आदि सहज तथा सामान्य पात्र हुन् ।

## ४.२.३ पात्रका समायोजनको विश्लेषण

**सान्नानी** कथामा समायोजित पात्रहरू रहेका छन् । कथाका पात्रहरूले सामाजिक वातावरण एवम् आन्तरिक आवश्यकताहरूसँग अनुकूल सामाञ्जस्य कायम गर्न सक्ने भएकाले गर्दा उनीहरू समायोजित पात्र हुन् । सहरको वातावरणमा हुर्केको 'म' पात्र केही लजालु र शङ्कालु प्रवृतिको छ । त्यस्तै ग्रामीण नारीका जीवनलाई जतिसुकै स्वतन्त्र वातावरणमा हुर्काउन खोजे पनि शारिरिक कारण परिवारिक स्थिति र सामाजिक बन्धनको कारणले नै उसलाई स्वतन्त्र रहन दिँदैन भन्ने कुराको पुष्टि कथाकार स्वयंले यसरी दिन्छन् : "त्यसै बखतमा सान्नानीको आमा रिसाउन लाग्नु भयो सान्नानी, यत्रीलाढे भइसकी, हेर यसको वेहोरा चोलो किन नलाएकी ? एक्लै यसरी हिँडने हो . . .घरमा बसिरहनु भनेको होइन. . ." (पृ. १५) ?

परिस्थिति अनुरूप आफ्नो व्यक्तित्व उचित किसिमले समायोजित गर्न सफल सान्नानी समायोजित पात्र हो । 'म' पात्रले पनि समय परिस्थिति अनुरूप आफूलाई बद्लेको पाइन्छ । ऊ सहरबाट गाउँमा आउँदा ग्रामीण बालबालिका सरह आफू परिर्वतन भई

ग्रामीण परिवेशसँग धुलमिल भएको छ  त्यसले गर्दा उसलाई पनि समायोजित पात्र भनिन्छ । यस्तै यस कथाका अन्य पात्रहरू 'म' पात्रका आमा, सान्नानीकी आमा, फगुनी, सान्नानीको लोग्ने आदि आवश्यकता अनुकूल सामाञ्जस्य कायम गर्न सक्ने भएकाले गर्दा उनीहरू समायोजित पात्र हुन् ।

## ४.२.४ पात्रका अभिवृत्तिको विश्लेषण

अभिवृत्तिको आधारमा पात्रहरू वहिर्मुखी र अन्तर्मुखी गरी दुई प्रकारमा हुन्छन् । समाज र वाह्य वातावरणलाई बढी महत्व दिने र सामाजिक हित, नैतिकता, मर्यादा अनुशासन तर्फ लाग्ने पात्र वहिर्मुखि हुन् । **सान्नानी** कथाका पात्रहरू समाज र वाह्य वातावरणलाई बढी महत्व दिने, सामाजिक हित, नैतिकता, मर्यादा अनुशासनतर्फ लाग्ने रहेका छन् । आफैलाई बढी महत्व दिएर आफ्नै बारेमा मात्र चिन्तनरत रहने प्रवृत्ति यिनिहरूमा देखिदैन ।

> पोखरीको उत्तरपट्टिको डिलमा पहेलो चम्पाको रुख थियो जसमा पहेला फूलफुलेका थिए । हामी त्यहाँ गयौँ । उसले फूल टिपेर मलाई दी । आफुले फूल दुइटा कानमा घुसारी, पूर्वपट्टिको डिलमा कदमको सानो रुख थियो । अहिले फूल त्यसमा लागेको थिएन, कुहिएका, सुकेका फलहरू भुइँमा छरिएका थिए (पृ. ६) ।

माथिको प्रसङ्गबाट सान्नानी कथाको वातावरण पाउँन सकिन्छ । जहाँ 'सान्नानी' र 'म' पात्र घुमफिर गरी फूलसँग खेलेको कुरा उल्लेख गरिएको छ ।

यसप्रकार 'सान्नानी' र 'म' पात्रको व्यवहार सामान्य देखिन्छ । उनीहरू समाज र वाह्य वातावरणलाई बढि महत्व दिने र सामाजिक हित, नैतिकता, मर्यादा अनुशासनतर्फ लाग्ने पात्र हुन् । उनीहरूले समाजको अहित हुने कुनै काम गरेका छैनन् । त्यसैले उनीहरूलाई बहिर्मुखी तथा सामान्य पात्र भन्न सकिन्छ । त्यस्तै 'म' पात्रकी आमा, सान्नानीको आमा, फगुनी, सान्नानीको लोग्नेलाई पनि सामान्य व्यवहार तथा सामाजिक हित, नैतिकता, मर्यादा, अनुशासित पात्र भएका कारण वहिर्मुखी पात्र भन्न सकिन्छ ।

## ४.२.५ पात्रका व्यक्तित्वको विश्लेषण

व्यक्तित्वका आधारमा पात्रहरू सन्तुलित र असन्तुलित गरी दुई प्रकारका हुन्छन् । **सान्नानी** कथाका पात्रहरू को व्यक्तित्व सन्तुलित रहेका पाइन्छ । सान्नानीले 'म' पात्रको ख्यान राखेको पाइन्छ :

> 'म' पात्रले सान्नानीको जस्तै मचानमा उतानो परेर सान्नानी सँग पल्टिएर नाना किसिमका कुरा गर्थ्यौं । कुनै रुखबाट पाकेको आँप झर्थ्यो । हामी मचानबाट हामफालेर कुद्दै जान्थ्यौं । सान्नानी भन्थी- यो तिम्रो भाग खाऊ । म भन्थे -तिमी तिमी खाऊ तिम्रो भाग । होइन, अर्को खसेको आँप मेरो भाग, यो तिम्रो । यो विवादमा मैले कहिले पनि जित्न सकिनँ (पृ. १२) ।

प्रस्तुत प्रसङ्गबाट के बुझ्न सकिन्छ भने **सान्नानी** कथाका पात्रको व्यक्तित्व सन्तुलित रहेको पाइन्छ किनकि सान्नानीले आफ्नो मित्र 'म' पात्रलाई हेय दृष्टिले उपेक्षा गरेको पाइदैन । उसमा उच्चताग्रन्थि विकसित भएको छैन ।

इदम्, अहम् र पराहम्बिच, हीनताग्रन्थि र उच्चता ग्रन्थिबिच, नारीपन र पुरुषपनबिच वहिर्मुखी र अन्तर्मुखी सन्तुलन भएको पात्र सन्तुलित पात्र हो । तसर्थ **सान्नानी** कथाका 'म' पात्र सान्नानीका साथै गौण भूमिकामा देखापर्ने पात्रहरू 'म' पात्रको आमा, सान्नानीको आमा, फगुनी, सान्नानीको लोग्ने आदि सबै पात्रलाई सन्तुलित पात्र भन्न सकिन्छ ।

## ४.२.६ पात्रका संवेगात्मक परिपक्वताको विश्लेषण

संवेगात्मक परिपक्वताका आधारमा पात्रहरू परिपक्व र अपरिपक्व गरी दुई प्रकारका हुन्छन् । **सान्नानी** कथाका पात्रहरू सहज स्वभाविक ढङ्गमा संवेगात्मक विकास भएका कारण परिपक्व हुन् । सान्नानीको चरित्रलाई हेर्दा ऊ परिपक्व पात्र हो । "हामीहरू कुद्दै पुग्यौ नजरियाकहाँ । सान्नानीले बाटैमा मलाई सचेत गरेकी थिई, नजरिया मुसलमान हो, जसकी दुलही गाउँ गाउँमा काँचका चुरा बेची-बेची हिंड्छे" (पृ. ६) उसले आफूले जाने बुझेका हरेक कुरा म पात्रलाई सिकाउँदै हिंड्छे ।

सान्नानी गाउँका सम्पूर्ण कुरा र घटनाहरू बारे स्पष्ट ज्ञान भएकी पात्र हो । "यसमा एउटा मयङ्कर प्रेत बस्छ" (पृ. १०) त्यसैले गर्दा उसलाई परिपक्व पात्र भन्न सकिन्छ ।

उसले गाँउका सम्पूर्ण घटनाबारे 'म' पात्रलाई थाहा दिएको छे । यसरी  **सान्नानी** कथामा रहेका पात्रहरू 'म' पात्र र सान्नानी परिपक्व पात्र हुन् । त्यस्तै गौण भूमिकामा रहेका अन्य पात्रहरू सान्नानीको आमा, 'म' पात्रको आमा, फगुनी, सान्नानीको लोग्ने आदि पनि सहज र स्वभाविक भएका कारण परिपक्व पात्रका रूपमा चिनिन्छन् ।

## ४.२.७ पात्रका मानसिक अन्तर्द्वन्द्वको विश्लेषण

मानसिक अन्तर्द्वन्द्वका आधारमा पात्रहरू अन्तर्द्वन्द्वरहित र अन्तर्द्वन्द्वग्रस्त गरी दुई प्रकारका हुन्छन् । "कुनै पनि मानसिक अन्तर्द्वन्द्व नभएको पात्र अन्तर्द्वन्द्वरहित र विपरित इच्छा, भाव, विचार र धारणाको द्वन्द्व भएको पात्र अन्तर्द्वन्द्वग्रस्त पात्र हो " (घर्ती, २०६७ : ८८) । 'सान्नानी कथाका पात्रहरू अन्तद्वन्द्वरहित देखिन्छन् । जस्तै :

> कोशीमा बाढी आउन आँट्यो भन्ने सुचना हामी गाउँबासीलाई सबभन्दा पहिले दिन्थ्यौ । चिलौनी धारमा खेल्न गएको वेला त्यहाँ पानीमा खेल्दा खेल्दै नदीमा टान आएको, तनाव आएको हामीलाई त्यसै अनुभव हुन्थ्यो । अरु कुराहरू सधैको जस्तो साधारण निर्दोष अवस्थामानै छ  (पृ. ११) ।

सान्नानी र 'म' पात्रले नदीमा टान आउन लागेको जानकारी गाउँलेलाई दिन्छन् । त्यसैले उनीहरू मानसिक अन्तद्वन्द्व रहित पात्र हुन् । उनीहरू विपरीत इच्छा, भाव र धारणा भएका पात्र होइनन् ।

सान्नानी, 'म' पात्रका साथै अन्य गौण पात्रहरू 'म' पात्रको आमा, सान्नानीकी आमा, फगुनी, सान्नानीको लोग्ने आदि पनि विपरित इच्छा, भाव, विचार र धारणा नभएका कारण अन्तर्द्वन्द्वरहित पात्र हुन् ।

## ४.२.८ पात्रका मानसिक अवस्थाको विश्लेषण

मानसिक अवस्थाको आधारमा पात्रहरू अविकृत र विकृत गरी दुई प्रकारका हुन्छन् । **सान्नानी** कथाका पात्रहरू कुनैपनि मानसिक तथा चारित्रिक विकृति नभएका कारण अविकृत पात्र हुन् ।  त्यसैले यी पात्रहरूलाई सामान्य पात्र भन्न सकिन्छ  । यी पात्रहरूमा मनोविकृति लैङ्गिक विकृति, मद्यपान तथा लागू पद्धार्थको कुलत, जुवाडेपन, आपराधिक व्यवहार, समाजविरोधी क्रियाकलाप आदि जस्ता खराव प्रवृति पाइदैन, यस्ता खराव प्रवृति भएका पात्रहरू विकृत पात्र हुन् । जस्तैः

> गोसाईस्थान एउटा वावाजीको अखडा थियो । त्यो जोगीले हाम्रो गाउँको ठिक्क पश्चिम सडकभन्दा दक्खिनको एउटा सानो पोखरीको पूर्वी डिलमा चारवटा फुसका साना साना चिट्ट परेका घर बनाएको थियो । त्यही हो बाबाजीको अखडा ; ती चार फुसका घरमध्ये एउटामा केही देवमुर्तिहरू पनि थिए, त्यही हो गोसाईस्थान (पृ. ७) ।

'म' पात्रले गासाइँस्थानको स्पष्ट वर्णन गरेको छ । यस कथाका पात्रहरू आपराधिक व्यवहार, जुवाडेपन आदि जस्ता खराव प्रवृति नभएका कारण अविकृति हुन् ।

कथामा रहेको मुख्य 'म' पात्र र ' सान्नानी' का साथै गौण पात्रहरू सान्नानीको आमा, म पात्रकी आमा, सान्नानीको लोग्ने, फगुनी आदि मानसिक तथा चारित्रिक विकृति नभएको कारण अविकृत पात्र हुन् ।

## ४.३ राइटरवाजे कथाका पात्रको मनोवैज्ञानिक विश्लेषण

**राइटरबाजे** कथा **श्वेतभैरवी** (२०३९) कथासङ्ग्रहमा सङगृहीत छ र **राइटरबाजे** कथामा नारीका सामान्य मानसिक अवस्था र मानवीय कर्तव्यका सर्न्दभहरू अत्यन्त कलात्मक ढंगले प्रस्तुत गरिएको छ । "कथामा एकातिर प्रेमको असीम महत्वलाई स्वीकारिएको छ भने अर्कातिर कथाको प्रमुख नारीपात्र भोटेनी द्वारा कृतज्ञताभावको सम्मान समेत गराएको पाइन्छ" (देवकोटा, २०६६ : १४४) । यस कथामा मानवता नै मान्छेभित्रको दिव्य तत्व हो, पत्नीत्व भनेको शरीर होइन आत्मा हो भन्ने यथार्थलाई मनोवैज्ञानिक ढङ्गले प्रस्तुत गरिएको छ । शारीरिक भोगभन्दा आत्मिक प्रेम नै महत्वपूर्ण हुन्छ । भन्ने कुरा यस कथामा देखाइएको छ ।

**राइटरबाजे** कथालाई आगाडि बढाउन  निश्चित पात्रहरू आएका छन् । ती पात्रहरूको भूमिकाका आधारमा भोटिनी मुख्य पात्रको रूपमा आएकी छे भने 'राइटरबाजे' सहायक पात्रको रूपमा आएको छ । यी दुई पात्रका अतिरिक्त अन्य पात्रहरूमा भोटिनीका दिदीहरू भोटिनीको छोरी, शुल्क दिएर भोटिनीको शरीरसँग खेल्न आएको युवक आदि गौण भूमिकामा देखापरेका छन् । मुख्य, सहायक र गौण भूमिकामा देखापरे पनि कथानक लाई अगाडि बढाउन प्रत्येक पात्रहरूको आ आफ्नै महŒव रहेको छ । यस कथामा प्रयुक्त पात्रका मनोवैज्ञानिक विश्लेषण यस प्रकार छन् ।

### ४.३.१ पात्रको व्यवहारको विश्लेषण

**राइटरबाजे** कथामा मुख्य पात्रको रूपमा 'भोटेनी' र सहायक पात्रको रूपमा राइटरबाजे रहेका छन् । प्रस्तुत कथामा 'भोटेनी' र राइटरबाजे सामाजिक वातावरण, समय र परिस्थित अनुसार व्यवहार नगर्ने असङ्गत पात्र हुन् ।

'राइटरबाजे' रवान लाउन नपाएर हिडेकी भोटेनी बालिकालाई आश्रय दिएर पनीत्वको स्थान दिएका छन् । ब्रामहण 'राइटरबाजे'ले भोटनी बालिकालाई विवाह गर्नु सामाजिक नियम विपरित रहेको छ भने उमेरको हिसाबमा पनि चौध वर्षकी अवोध बालिकालाई बुढो 'राइटरबाजे'ले विवाह गर्नु सामाजिक व्यवस्था अनुसार नियम विपरित रहेको छ । भोटेनीले रुग्ण अवस्थाका 'राइटरबाजे'लाई बचाउन वेश्याशश्यामा सुतेर पैसा जम्मा गर्दछे । ऊ मनमनै भन्छे... "म आफ्नो शुल्कको रुपियाँ मुठीमा दृन्तापूर्वक अठ्याउँथे" (पृ.२४) ।

माथिको भनाइबाट के पाउँन सकिन्छ भने 'भोटेनी' पतिको उपचारका लागि वेश्या समेत बन्न पुगेको छे । उसले आफ्ना लागि अथवा आफ्ना पतिका लागि असल काम गरे पनि वास्तवमा समाजको सामाजिक वातावरणका आधारमा असङ्गत पात्र भन्न सकिन्छ ।

'भोटेनी' र सहायक पात्र 'राइटरबाजे' का साथै गौण पात्रहरू भोटिनीका दिदिहरू, शुल्क लिएर भोटिनीको शरीरसँग खेल्न आएको युवक जस्ता पात्रहरूले पनि सामाजिक वातावरण, समय र परिस्थित अनुसार व्यवहार गरेको पाइदैन त्यसैले उनीहरूलाई पनि असङ्गत पात्र भन्न सकिन्छ । भोटिनीको छोरीको कथामा खासै भूमिका छैन उसले भोटिनीलाई मातृत्व सुख प्रदान गर्न मात्र उपस्थित भएको कारण उसलाई व्यवहारका आधारमा सुसङ्गत पात्र भन्न सकिन्छ ।

### ४.३.२ पात्रका प्रकृतिको विश्लेषण

**राइटरबाजे** कथाका पात्रहरू जटिल प्रकृतिका देखा पर्दछन् । सामाजिक वातावरण परिस्थित र आफ्ना आन्तरिक चाहनाअनुरूप आफूलाई उचित किसिमले समायोजन गर्न नसकेकाले उनीहरू जटिल बन्न पुगेका छन् । 'राइटरबाजे'ले भोटिनीलाई विवाह गरेको छ भने भोटिनीले 'राइटरबाजे' बिरामी हुदाँ उपचार गर्नका लागि आफू वेश्यालयमा सुतेर पैसा जम्मा गरेकी छे । यथार्थ उसलाई जटिल पात्र मान्न सकिन्छ ।

भोटिनीले मनमनै भन्दछे - "यो शरीर दिएर पनि तिमीलाई बचाउँछु 'राइटरबाजे'" (पृ. २४) यस भनाईबाट के बुझ्न सकिन्छ भने उसले आफू शरीर बेचेर पनि 'राइटरबाजे'लाई बचाउने बठोर र जटिल निर्माण लिएकी छे । तसर्थ उसलाई जटिल पात्र भन्न सकिन्छ ।

**राइटरबाजे** कथाको प्रमुख पात्र 'भोटिनी' का साथै 'राइटरबाजे'ले पनि आफ्नो जीवनको निर्माण आफै लिएको छ । कथाका अन्य गौण पात्रहरू भोटिनीकी दिदिहरू, शुल्क दिएर भोटिनीको शरीरसँग खेल्न आएको युवक आदि लाई पनि जटिल पात्र भन्न सकिन्छ । भोटिनीकि छोरीको कथामा खासै भूमिकामा नभएको कारण उसलाई सहज पात्र भन्न सकिन्छ ।

### ४.३.३ पात्रका समोयोजनको विश्लेषण

समायोजनको आधारमा पात्रहरू समायोजित र असमायोजित गरी दुई प्रकारमा हुन्छन् । सामाजिक वातावरण एवम् आन्तरिक आवश्यकताहरू सँग अनुकूल सामञ्जस्य कायम गर्न सक्ने पात्र समायोजित हो । **राइटरबाजे** कथाका पात्रहरू समायोजित हुन् । त्यसैले यस कथाका पात्रलाई सामान्य पात्र भन्न सकिन्छ । 'राइटरबाजे'ले भोटिनी बालिकालाई दया गरेर आश्रय दिँदै आफ्नो घरमा ल्याएको सन्दर्भमा कथाकारले यस्तो अभिव्यक्ति दिएका छन् ।

> काठमाडौंको गल्लीमा थाङनु लाएर माग्दै हिंडिरहेको एउटी भोटिनी बालिकालाई तीननम्बर पहाडबाट जागीर खान शहरमा आएका 'राइटरबाजे'ले एक दिन अड्डाबाट फर्किदा दया गरेर आश्रय दिदै आफ्नो घरमा नल्याएको भए शायद त्यसले. प्रेम नै पाउने थी न कुष्ठ रोग नै (पृ. १८)

प्रस्तुत भनाईबाट के स्पष्ट हुन्छ भने कथाका पात्रहरू समय अनुकूल सामञ्जस्य कायम गर्न सक्ने भएकाले समायोजित पात्र हुन । भोटिनीले 'राइटरबाजे'लाई बचाउन आफू वेश्या समेत बनेकी छे । उसले दिदीहरूले भनेको कुरा नमानी बुढो राइटरसँग जीवन विताउने निर्णय लिएकी छे । ब्राहमण 'राइटरबाजे'ले भोटिनी बालिकालाई आश्रय दिनुका साथै पत्नित्वको अधिकार समेत दिएका कारण **राइटरबाजे** कथाका पात्रहरू समायोजित हुन् ।

कथाको प्रमुख पात्र ‘भोटिनी’ का साथै ‘राइटरबाजे’ र गौण पात्रहरू भोटिनीको दिदीहरू, शुल्क दिएर भोटिनीको शरीरसँग खेल्न आएको युवक आदि सबै समायोजित पात्र हुन । भोटिनीकी छोरीको कथामा खासै भूमिका छैन उसले भोटिनीलाई मातृसुख प्रदान गर्न मात्र उपस्थित भएको कारण उसलाई पनि समायोजित पात्र भन्न सकिन्छ ।

## ४.३.४ पात्रका अभिवृत्तिको विश्लेषण

अभिवृत्तिका आधारमा पात्रहरू बर्हिमुखी र अन्तर्मुखी गरी दुई प्रकारका हुन्छन् । समाज र बाहय वातावरणलाई बढी महत्व दिने र सामाजिक हित, नैतिकता, मर्यादा अनुशासन तर्फ लाग्ने पात्र बर्हिमुखी हुन् । **राइटरबाजे** कथाका प्रमुख भोटिनी र सहायक ‘राइटरबाजे’ बर्हिमुखी पात्र हुन् । आफैलाई बढी महŒव दिएर आफ्नै बारेमा मात्र चिन्तनरत रहने प्रवृत्ति यिनीहरूमा देखिदैन । जस्तै :

> संसारका प्रत्येक प्राणीसँग, जो जङ्गल, पर्वत, यो कलकल निनादिनी निर्मल जलवाहिनी गङ्गा आकाश सबैको क्षमा चाहन्छु म । यदि मैले नारीको चोला धारण गरेर नारीधर्मको प्रेमको मर्यादालाई अक्षुण्ण राख्न खोज्दा या पाप र पुण्यलाई छुट्याउन नसक्दा म बाट कही कुनै अनुचित पापकर्म हुन गएको छ भने (पृ. २३) ।

प्रस्तुत प्रसङ्गबाट के स्पष्ट हुन्छ भने ‘भोटिनी’ यस कथाकी एक अनुशासित, नैतिक पात्र रहेकी छे किनभने भोटिनीले पाप, पुण्यको ख्याल रोखेकी छे । उसले नारी धर्मलाई निभाउन खोज्दा पाप भएमा क्षमा मागेकी छे । त्यसैले गर्दा उसलाई नैतिकता, मर्यादा अनुशासनतर्फ लाग्ने भएको कारण बर्हिमुखी भन्न सकिन्छ । राइटरबाजे पनि बर्हिमुखी पात्र हो । उनले एउटी माग्दै हिड्ने असाहय बालिकालाई सहारा दिएको छ । माया, ममता दिएर एक पत्नित्वको अधिकार समेत प्रदान गरेको छ । यसै सन्दर्भमा “मायाका कुरा गर्ने हो भने उनले नै पहिले यसको सूत्रपान गरे । मुखले त केही भनेनन् । तर व्यवहारमा उनबाट माया बाहेक मैले केही पाइँन” (पृ. १८) ।

‘राइटरबाजे’ले भोटिनी बालिकापट्टि देखाऊको माया माथिको कथांशबाट थाहा पाइन्छ । यसरी भोटिनीलाई साहारा दिएर मायाममता दिनु **राइटरबाजे** कथाको सहायकपात्र ‘‘राइटरबाजे’’ भित्रको बर्हिमुखी भावना हो ।

कथामा रहेका प्रमुख पात्र 'भोटिनी', सहायक पात्र राइटरबाजे का साथै गौण भूमिकामा देखा परेकी 'राइटरबाजे' र 'भोटिनीकी' छोरीलाई बर्हिमुखी पात्र भनिन्छ । अन्य गौण भूमिकाका पात्रहरू भोटिनीकी दिदीहरूले आफ्नो  स्वार्थमात्र हेर्ने र अनुशासित नभएको मर्यादित, समाज र बाह्य वातावरणलाई महत्व दिएका छैनन् । त्यस्तै भोटिनीसँग रात बिताउन आएको युवक पनि स्वार्थी प्रवृत्तिको कारण उनीहरू यस कथाका अन्तर्मुखी पात्र हुन् ।

## ४.३.५ पात्रका व्यक्तित्वको विश्लेषण

व्यक्तित्वको आधारमा पात्रहरू दुई प्रकारका हुन्छन् । सन्तुलित र असन्तुलित । इदम् अहम् र पराहम्बिच हीनताग्रन्थि र उच्चता ग्रन्थिबिच नारीपन र पुरुषपनबिच बर्हिमुखी र अन्तर्मुखी अभिवृत्तिबिच सन्तुलत भएको पात्र सन्तुलित पात्र हो । यसकारण यस कथाका पात्रलाई सन्तुलित भन्न सकिन्छ ।

"पत्नीत्व र मातृत्वको सुख-प्रिया र माता हुने भाग्य ! मलाई लाग्यो, म देवीदेवताको समकक्षमा छु । अनन्त छ मेरो सुख र सन्तोष ठुलो भाग्य लिएर म आएकी छु" (पृ. ३२) यस सन्दर्भबाट के पाउन सकिन्छ भने भोटिनीले आफ्नो भाग्य लाई कर्तव्य सम्झेकी छे । उसले 'राइटरबाजे'ले दिएको आश्रयमा स्वर्गको अनुभव गरेकी छे । उसले बुढो 'राइटरबाजे'लाई पतिपरमेश्वर मानि आफ्नी दिदीहरूले भनेको भनाइमा नलाई त्यसैमा रमाएकी छे । यसर्थ उसलाई सन्तुलित पात्र भन्न सकिन्छ । यस्तै 'राइटरबाजे' पनि सन्तुलित पात्र नै हो । ऊ पनि इदम् अहम् र पराहम बिच सन्तुलन भएका पात्र हो । **राइटरबाजे** कथाका प्रमुख पात्र 'भोटिनी' सहायक पात्र राइटरबाजे र गौण पात्रहरू भोटिनीकी दिदीहरू, शुल्क दिएर भोटिनी सँग रातबिताउने युवक आदि पनि हिनताग्रन्थि र उच्चता ग्रन्थि, इद्म, अहम् र पराहम्बिच सन्तुलित रहेका कारण व्यक्तित्वको आधारमा सन्तुलित पात्र भन्न सकिन्छ ।

## ४.३.६ पात्रका संवेगात्मक परिपक्वताको विश्लेषण

संवेगात्मक परिपक्वताको आधारमा पात्रहरू परिपक्व र अपरिपक्व गरी दुई प्रकारका हुन्छन् । **राइटरबाजे** कथाका पात्रहरू सहज र स्वभाविक ढङ्गमा संवेगात्मक विकास भएका कारण परिपक्व हुन् । उनीहरूमा शैशविक र प्रतिगमन प्रवृत्ति भएको पाइन्न् । यसै सन्दर्भमाः

> पत्नीत्वको प्रथमक्षणमा सबै नारी एकचोटि शायद नितान्त एक्ली हुन्छे मानव नियति नै यस्तै छ क्यारे कि जीवनका महान क्षणमा त्यो एक्लो हुन्छ, त्यसले आफ्नो निणर्य एक्लै गर्नुपर्छ-अरु कसैको सल्लाह त्यसलाई काम लाग्दैन्, अरु कसैको जीवनको उदाहरणले त्यसलाई बाटो देखाउँदैन (पृ. २०,२१) ।

प्रस्तुत प्रसङ्गमा के पाउन सकिन्छ भने यस कथाका पात्रहरू परिपक्व छन् । उनीहरूले आफ्नो जीवनको निणर्य एक्लै गरेका छन् । भोटिनीले आफ्नी दिदीले दिएको सल्लाह नमानि आफ्नो निणर्यमा आफै हिडेकी छे । तसर्थ यस कथामा भएका सम्पूर्ण पात्रले आफ्नो जीवनको जुनसुकै क्षणमा पनि कसैको सल्लाह नलिई आफ्नो निणर्य आफै लिएका छन् । त्यसकारण यस कथाका पात्रहरू परिपक्व हुन्  ।

**राइटरबाजे** कथामा रहेका प्रमुख पात्र भोटिनी सहायक पात्र 'राइटरबाजे' र गौण भूमिकामा देखा परेका भोटिनीकी छोरी, भोटिनीकी दिदीहरू का साथै भोटिनीसँग रात बिताउन आएको युवक आदि सबै सहज र स्वभाविक ढङ्गमा संवेगात्मक विकास भएका कारण परिपक्व पात्र हुन् ।

## ४.३.७ पात्रका मानसिक अन्तर्द्वन्द्वको विश्लेषण

मानसिक अन्तर्द्वन्द्वका आधारमा पात्रहरू अन्तर्द्वन्द्वरहित र अन्तर्द्वन्द्वग्रस्त गरी दुई प्रकारका हुन्छन् । कुनै पनि मानसिक अन्तर्द्वन्द्व नभएको पात्र अन्तर्द्वन्द्वरहित हो । **राइटरबाजे** कथाका पात्रहरू अन्तर्द्वन्द्वरहित देखिन्छन् । उनीहरूमा विपरित इच्छा, भाव, विचार र धारणाको द्वन्द्व भएको पाइन्न ।

काठमाडौंको गल्लीमा थाङ्नु लाएर माग्दै हिडिरहेकी एउटी भोटिनी बालिकालाई अड्डामा काम गर्ने 'राइटरबाजे'ले आश्रय दिदै घरमा ल्याएको छ । उसले भोटिनीलाई खाने-पिउने, लुगाफाटा र अरु साना साना सुविधाका कुरामा ध्यान दिएको छ । तसर्थ उसलाई मानसिक अन्तर्द्वन्द्वको आधारमा अन्तर्द्वन्द्वरहित पात्र भन्न सकिन्छ । 'राइटरबाजे' भित्र विपरित इच्छा, भाव, धारणाको विकास भएको पाइन्न । त्यसै भोटिनी पनि विपरित इच्छा, भाव, धारणा नभएकी पात्र हो किनभने राइटरबाजे विरामी पर्दा उसले उपचार गर्न आफु वेश्यालयमा रातविताएर पैसा जम्मा गरेकी छे । यसै सन्दर्भमा :

> पुरुषको हितका लागि नारीले गर्न नहुने कुनै कार्य छैन् । पत्नीको मर्यादाको सीमा शायद होला, तर के नारीको प्रेमको सीमाङ्कन कसैले गर्न सकेको छ ? आखिर पत्नी भनेको नारीत्वमाथि उभिएको एउटा मुर्ति त हो नि ? त्यस दिन मैले भने - अब म केही रहिनँ -माता, पत्नी, भगिनी, कन्या केही रहिँन, यी सबै रूप मबाट झरेर गए । म सीमित हुँदै हुँदै मौलिक नारीतत्वमा केन्द्रित हुन पुगेँ । मैले भने - यी शरीर दिएर पनि तिमीलाई बचाउँछु राइटरबाजे (पृ. २४) ।

माथि उल्लेख गरिएको सन्दर्भमा राइटरबाजेलाई बचाउनको लागि एउटी भोटिनीले शरीर बेचेर उपचार गर्न पैसा जम्मा गरेको छे । तसर्थ उसलाई पनि अन्तर्द्वन्द्वरहित पात्र भन्न सकिन्छ ।

प्रस्तुत **राइटरबाजे** कथाका प्रमुख पात्र 'भोटिनी', सहायक पात्र राइटरबाजका साथै गौण पात्रहरू भोटिनीको दिदीहरू, भोटिनीसँग रात बिताउन आउने युवक र भोटिनीकी छोरी आदि पनि विपरित इच्छा, भाव, विचार र धारणा नभएका कारण अन्तर्द्वन्द्वग्रस्त पात्र भन्न सकिन्छ ।

## ४.३.८ पात्रका मानसिक अवस्थाको विश्लेषण

मानसिक अवस्थाको आधारमा पात्रहरू अविकृत र विकृत गरी दुई प्रकारका हुन्छन् । 'राइटरबाजे' र 'भोटिनी' लाई अविकृत पात्र भन्न सकिन्छ । भोटिनी कथाको अन्त्यमा वेश्या बने पनि उसले पतिको उपचार गर्नका लागि पैसा जम्मा गर्न यस्तो काम गरेकी हो।राइटरबाजको मृत्यु पश्चात उसले विधवा जीवन विताएर बेश्यालय बन्द गरेकी छे । तसर्थ उसलाई अविकृत पात्र भन्न सकिन्छ । 'राइटरबाजे' ले पनि समाजविरोधी क्रियाकलाप, लैङ्गिक विकृति, मद्यपान तथा लागू पदार्थको कुलत, जुवाडेपन, अपराधिक व्यवहार नगरेका कारण उसलाई पनि अविकृत पात्र भन्न सकिन्छ ।

कथाका अन्य गौण पात्रहरू 'भोटिनीकी दिदीहरू' र भोटिनीसँग रात बिताउन आउने युवक लाई विकृत पात्र भन्न सकिन्छ । किनभने भोटिनीका दिदीहहरू मद्यपान गर्ने, वेश्यालय खोलेर बस्ने प्रवृत्तिका रहेका छन् । यसै सन्दर्भमा "मसँगै बस् बैनी  यो भट्टीमा धेरै काम बढिरहेको छ; ग्राहक पनि थपिदैछन् । हामी दिदी बैनी मिलेर रोजगार बढाउँला म एक्ली - यो एक्लो शरीरले भ्याउन नसक्ने भयो" (पृ. २१)

माथिको सन्दर्भबाट प्रस्ट हुन्छ कि भोटिनीका दिदीहरू विकृत अवस्थाका पात्रहरू हुन् । उनीहरू समाजविरोधि क्रियाकलाप, वेश्याव्यापार जस्ता कार्य गरेका पात्र हुन् । त्यस्तै पैसा दिएर भोटिनीसँग रात बिताउन आउने युवक लाई पनि विकृत पात्र भनिन्छ । यसरी प्रस्तुत कथामा रहेका प्रमुख पात्र 'भोटिनी' सहायक 'राइटरबाजे' अविकृत पात्र हुन भने भोटिनीकी दिदीहरू र युवक लाई विकृत पात्र भन्न सकिन्छ ।

## ४.४ एकरात कथाका पात्रको मनोवैज्ञानिक विश्लेषण

विश्वेश्वरप्रसाद कोइरालाको तेस्रो चरणको महत्वपूर्ण रचनाका रूपमा **एकरात** कथालाई लिइन्छ । मानवीय मुल्य मान्याता, राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक लगायतका विभिन्न पक्षको वर्णन **एकरात** कथामा गरिएको छ । अमानवीय राणाशासकहरूप्रति कलात्मक ढङ्गले व्यङ्ग्य गर्नुपर्छ भन्ने सन्देश यस कथाले दिएको छ । सधैंभरि देश र जनताको लागि लडिहिँड्ने देशभक्ति भावनाले प्रेरित युवकलाई मृत्युदण्ड दिइएको रातको सम्पूर्ण घटनाहरूलाई यस कथामा वर्णन गरिएको छ ।

कथानकलाई अगाडि बढाउन विभिन्न पात्रहरूको प्रयोग गरिएको हुन्छ । यस कथामा पनि थुप्रै पात्रहरूको प्रयोग गरिएको छ, जसमध्ये केही पात्रहरू कथाको रङ्गमञ्चमै देखा पर्दछन् भने केही पात्रहरूको सङ्केत मात्र प्राप्त हुन्छ तर रङ्गमञ्चमा प्रत्यक्ष रूपमा देखिदैनन् । पात्रहरूको भूमिकाको आधारमा यस कथाको मुख्य पात्रको रूपमा किशोर देखापरेको छ भने कमिश्नर सहायक पात्रको रूपमा आएको छ । डाक्टर, हवल्दार लगायत अन्य सैनिक कर्मचारीहरू कमिश्नरको छोरो गौण भूमिकामा पात्र देखापर्दछन् । यसका साथै किशोरका बुबा, आमा, बहिनी, भाइ, श्रीमती, कलेजका साथिहरू, हवल्दारको भाइ, डाक्टरको छोरो जस्ता पात्रहरू कथाको रङ्गमञ्चमा प्रत्यक्ष रूपमा देखा पर्दैनन् तर किशोरको पूर्वस्मृति र पात्रहरूकै संवादका माध्यमबाट प्रस्तुत भएका छन् । यस कथामा प्रयुक्त पात्रका मनोवैज्ञानिक विश्लेषण यस प्रकार छन् ।

### ४.४.१ पात्रको व्यवहारका विश्लेषण

व्यवहारको आधारमा पात्रहरू सुसङ्गत र असङ्गत गरी दुई प्रकारका हुन्छन् । सामाजिक, वातावरण, समय र परिस्थिति अनुसार व्यवहार गर्ने पात्र सुसङ्गत हुन् । 'एकरात' कथाको प्रमुख पात्र किशोरलाई सुसङ्गत पात्र भन्न सकिन्छ । प्रस्तुत कथाको कमिश्नर सहायक पात्र हो जसलाई यस कथाको असङ्गत पात्र भन्न सकिन्छ ।

किशोर वमकाण्डमा संलग्न भएको अभियोगमा मृत्युदण्डको सजाय पाएको छ । उसले आफ्नो घर परिवार श्रीमती आदिको इच्छा पूरा गर्नु मात्र कर्तव्य नठानी  देश र राष्ट्रका लागि फाँसिको सजाय सम्म भोग्न तयार भएको छ । त्यसैले उसले प्रजातन्त्रको चाहना गरेको बेला प्रजातन्त्र प्राप्तिका लागि संघर्ष गरेको कारण ऊ सुसङ्गत पात्र हो । "मैले फ्याँकेको हो बम । तर हत्याका लागि होइन, चेतावनीका लागि कि युवकलाई स्थिति असैह्य हुन लागिरहेको छ । तर हत्या हुन गएको भए त्यो अनिवार्य थियो, जनताका अधिकारका लागि" (पृ. ३४) यस सन्दर्भबाट के स्पष्ट हुन्छ भने देशमा शान्ति आउन एक पटक अशान्ति पैदा हुनुपर्दछ । देशमा प्रजातन्त्रको उज्यालो ल्याउनलाई राणा शासनको अन्त्य हुनका लागि अशान्तिको पैदा हुनुपर्दछ र त्यो अनिवार्य पनि छ भनेर भनेको छ । यसर्थ ऊ सामाजिक वातावरण समय र परिस्थिति अनुसार व्यवहार गर्ने सुसङ्गत पात्र हो ।

**एकरात** कथाको सहायक पात्र कमिश्नरलाई असङ्गत पात्र भन्न सकिन्छ  उसले सामाजिक वातावरण, समय र परिस्थिति अनुरूप व्यवहार गरेको छैन उसले युवकलाई फाँसीको सजाय दिएको छ । राष्ट्रको हित गर्ने व्यक्तिलाई राणाहरूको हुकुम मानेर सजाय दिएको कारण उसलाई असङ्त पात्र मान्न सकिन्छ । यस्तै यस कथाका अन्य गौण पात्रहरू डाक्टर, हवल्दार लगायत अन्य सैनिक कर्मचारी आदि पनि कमिश्नरलाई सहयोग गरी किशोरलाई फाँसीको सजाय दिएको कारण असङ्गत पात्र हुन् । यस्तै कमिश्नरको छोरो, किशोरको बुवा, आमा, भाइ, बहिनी, श्रीमती, कलेजका साथीहरू हवल्दारको भाइ, डाक्टरको छोरो जस्ता पात्रहरूले सामाजिक वातावरण, समय र परिस्थिति अनरूप व्यवहार गरेको कारण सुसङ्गत पात्र हुन् ।

## ४.४.२ पात्रका प्रकृतिको विश्लेषण

प्रकृतिको आधारमा पात्रहरू सहज र जटिल गरी दुई प्रकारका हुन्छन् । चिन्तन, भाव र क्रियामा प्रासङगिकता, नियमितता, एकरूपता, स्थिरता, सङ्गति, सन्तुलन र समन्वय भएको पात्र सहज हो । **एकरात** कथाको प्रमुख पात्र किशोर लाई सहज पात्र भन्न सकिन्छ  । प्रस्तुत कथाको सहायक पात्र कमिश्नर हो जसलाई यस कथाको जटिल पात्र भन्न सकिन्छ । कमिश्नरको चिन्तन, भाव र क्रियामा प्रासङगिकता नियमितता, एकरूपमता, स्थिरता, सङ्गति, सन्तुलन र समन्वय पाइदैन ।

किशोर सहज पात्र हो किनभने उसको भाव, चिन्तनमा सन्तुलन र समन्वय पाइन्छ । देश र जनताको लागि ज्यानको बाजी लगाएर हिड्ने युवक किशोर कमिश्नरले माफी माग आफ्नो गल्तिको भन्दा उसले माफी नमागि फाँसीको सजाय भोगेको छ । त्यसैले ऊ स्यिरता, सन्तुलन भएको पात्र हो । देश र जनता अनि दिगो प्रजातन्त्रको लागि ज्यानै फाँसीमा चढाउने किशोर सहज पात्र हो । त्यस्तै कमिश्नरलाई जटिल पात्र भन्न सकिन्छ जसले किशोरलाई फाँसीको सजाय दिएको छ । "कमिश्नरले बडो कोमल स्वरमा अन्तिम बार सोधे तिम्रो अन्तिम इच्छा के छ ? केही भन्नु छ" (पृ. २९)? यसरी कमिश्नर कठोर हृदय भएको र युवक किशोरलाई फाँसी दिलाउन अग्रसर, भाव, क्रियामा असन्तुलित भएको कारण जटिल पात्र हो ।

प्रस्तुत कथा अन्य गौण पात्रहरू डाक्टर, हवल्दार लगायत सैनिक कर्मचारीहरू आदि पनि चिन्तन, भाव र क्रियामा प्रासङ्गिकता, नियमितता, एकरूपता, स्थिरता सङ्गति सन्तुलन र समन्वय नभएका कारण जटिल पात्रहुन् । कमिश्नरको बुवा आमा, भाई, बहिनी, श्रीमती, कलेजका साथीहरू आदिलाई चिन्तन, भाव, क्रियामा सन्तुलन र समन्वय भएका कारण सहज पात्र हुन् भन्न सकिन्छ ।

### ४.४.३ पात्रका समायोजनको विश्लेषण

समायोजनका आधारमा पात्रहरू समायोजित र असमायोजित गरी दुई प्रकारका हुन्छन् । सामाजिक, वातावरण एवम् आन्तरिक आवश्यकताहरूसँग अनुकूल सामञ्जस्य कायम गर्न सक्ने पात्र समायोजित हो । **एकरात** कथाको प्रमुख पात्र किशोरलाई समायोजित पात्र भन्न सकिन्छ । किनभने उसले देशमा जनताले प्रजातन्त्रको चाहना गरेको समयमा प्रजातन्त्र ल्याउनको लागि आफ्ना ज्यान नै दिएको छ । उसले पुरुष मात्र शिक्षित भएर हुँदैन महिला पनि शिक्षित हुनुपर्दछ भनेर आफ्नो बहिनी र श्रीमतीलाई पढाएको छ । "बैनी तिमीले पढ्नु पनि पर्छ । म तिमीलाई पढाउँछु" (पृ. ३१) । यसरी सामाजिक वातावरण एवम् आन्तरिक आवश्यकताहरू सँग अनुकूल सामञ्जस्य कायम गर्न सक्ने भएका कारण ऊ समायोजित पात्र हो ।

**एकरात** कथाको कमिश्नरलाई असमायोजित पात्र भन्न सकिन्छ । उसले सामाजिक, वातावरण एव्म आन्तरिक आवश्यकता अनुकूल सामञ्जस्य कायम राखेको छैन । उसले देशमा प्रजातन्त्रको उज्यालो ल्याउन खोज्ने युवक किशोरलाई फाँसीको सजाय दिएको छ ।

यस्तै यस कथाका अन्य गौण पात्रहरू डाक्टर हवल्दार लगायत अन्य सैनिक कर्मचारीहरू पनि असमायोजित पात्र हुन् । कमिश्नरको छोरो किशोरको बुवा, आमा, बहिनी, भाइ जस्ता पात्रहरूले सामाजिक वातावरण एव्म आन्तरिक आवश्यकता अनुकूल सामञ्जस्य कायम राखेको कारण समायोजित पात्र हुन् ।

## ४.४.४ पात्रका अभिवृत्तिको विश्लेषण

अभिवृत्तिको आधारमा पात्रहरू बहिर्मुखी र अन्तर्मुखी गरी दुई प्रकारका हुन्छन् । समाज र वाह्य वातावरणलाई बढी महत्व दिने र सामाजिक हित नैतिकता, मर्यादा, अनुशासन तर्फ लाग्ने पात्र बहिर्मुखी हुन्छ । **एकरात** कथाको प्रमुख पात्र किशोर बहिर्मुखी हो । उसले समाज र बाह्य वातावरणलाई बढी महत्व दिई सामाजिक हित, नैतिकता मर्यादा, अनुशासनतर्फ लागेको छ । देश र जनताको लागि ऊ प्रजातन्त्र ल्याउने अग्रसर भई अगाडि बढेको छ । आफ्नो लागि नभई सामाजिक हितको लागि उसले कदम चालेको छ । यसै सन्दर्भमा :

> किशोरले आफ्नै वाणीलाई अर्कोले बोलेको जस्तो गरेर सुन्यो । कमिश्नरको मसिनो बोली पो सुनियो- भनेको मानेनौ माफी माग भनेको. . .। के गर्नु आफ्नो डयुटी गनैपर्ने भो. . .। किशोर मुस्कुरायो; भन्यो - मलाई पनि लागिरहेछ - म पनि डयुटी गर्न गैरहेको छु (पृ. ३५) ।

प्रस्तुत कथांशबाट के स्पष्ट हुन्छ भने किशोर माफी मागेर बाँच्नु भन्दा बरु आफू मरेर भए पनि देश र जनताका लागि प्रजातन्त्रको उज्यालो ल्याउन सहयोग गर्दछ । तसर्थ किशोर भन्दछ "म पनि ड्युटी गर्न गैरहेको छु", यसरी सामाजिक हित नैतिकता, मर्यादामा लागेको कारण ऊ बहिर्मुखी पात्र हो ।

**एकरात** कथाको सहायक पात्र कमिश्नर आफैलाई बढी महत्व दिएर आफ्नै बारेमा मात्र चिन्तनरत रहने पात्र भएको कारण उसलाई अन्तर्मुखी भन्न सकिन्छ । यस्तै अन्य गौण पात्रहरू डाक्टर, हवल्दार, सैनिक कर्मचारीहरू आदि पनि अन्तर्मुखी पात्र हुन् । यस्तै किशोरको बुवा, आमा, बहिनी भाइ, श्रीमती, कलेजका साथीहरू सामाजिक हित, नैतिकता, मर्यादा, अनुशासनतर्फ लाग्ने पात्र भएका कारण बहिर्मुखी हुन् ।

### ४.४.५ पात्रका व्यक्तित्वको विश्लेषण

व्यक्तित्वका आधारमा पात्रहरू सन्तुलित र असन्तुलित गरी दुई प्रकारका हुन्छन् । इदम् अहम् र पराहमबिच, हीनताग्रन्थि र उच्चताग्रन्थिबिच, नारीपन र पुरुषपनबिच बहिर्मुखी र अन्तर्मुखी अभिवृत्तिबिच सन्तुलन भएको पात्र सन्तुलन पात्र हो । **एकरात** कथाको प्रमुख पात्र किशोर सन्तुलन पात्र हो । उसमा इदम् अहम् र पराहम्बिच हिनताग्रन्थि र उच्चता ग्रन्थिबिच, नारीपन र पुरुषपनबिच बहिर्मुखी र अन्तर्मुखी अभिवृत्तिबिच सन्तुलन पाइन्छ । कथाकारले भोटिनीको चरित्रको चित्रण यसरी गरेका छन् :

> तर विहे गरेर जब उसले सानी केटीलाई घर लिएर आयो उसलाई लाग्यो, उसलाई म आफ्नो रूपमा ढाल्छु । दुलही बैनी जत्री थिई । उसले भन्यो- यसलाई पनि पढाउँछु, लेखाउँछु र बाहिरको जगत्मा आर्थाङ्गिनी बनाएर उपस्थित गर्छु । मेरो जीवनमा यो गाँसिन आई । अनि बढो चाख लिन थालेको थियो, आफ्नो सानी पत्नीमा (पृ. ३१) ।

प्रस्तुत प्रसङ्गबाट स्पष्ट हुन्छ कि इदम् अहम् र पराहम्बिच नारीपन बिच सन्तुलन भएको सन्तुलित पात्र हो । किशोरले आफ्नी श्रीमतीप्रति राम्रो भाव राखेको छ । श्रीमतीलाई शिक्षित बनाउँछु । मेरो जीवनमा आएकी यो सानी बालिकालाई शिक्षित बनाएर समाजको अगाडि देखाउँछु भन्ने धारणा राखेको छ । तसर्थ ऊ सन्तुलित पात्र हो । उसले देश र जनताको पक्षमा पनि अघि बढेको छ । प्रजातन्त्रको उज्यालो ल्याउन संघर्ष गरी फाँसीको सजाय सम्म भोगेको छ । त्यसैले उसलाई सन्तुलित पात्र भन्न सकिन्छ ।

प्रस्तुत कथाको सहायक पात्र कमिश्नरलाई असन्तुलित पात्र भन्न सकिन्छ । कमिश्नरले इदम् अहम् र पराहम्बिच हीनता ग्रन्थि र उच्चता ग्रन्थिबिच, नारीपन र पुरुषपनबिच असन्तुलित रहेको कारण ऊ असन्तुलित पात्र हो । यस्तै यस कथाका गौण पात्रहरू डाक्टर, हवल्दार लगायत अन्य सैनिक कर्मचारीहरू आदि पनि असन्तुलित पात्र हुन् । किशोरको बुवा, आमा, भाइ, बहिनी श्रीमती, कलेजका साथीहरू भने इदम् अहम् र पराहमबिच, नारीपन र पुरुषपन बिच सन्तुलन भएको कारण सन्तुलित पात्र हुन् ।

## ४.४.६ पात्रका सवेगात्मक परिपक्वताको विश्लेषण

संवेगात्मक परिपक्वताका आधारमा पात्रहरू परिपक्वता र अपरिपक्व गरी दुई प्रकारका हुन्छन् । सहज, स्वाभाविक ढङगमा संवेगात्मक विकास भएको विभिन्न संवेगहरूमाथि पूर्ण नियन्त्रण भएको पात्र परिपक्व हो । **एकरात** कथाको प्रमुख पात्र किशोर परिपक्व पात्र हो । किशोरले आफ्नो बहिनी र श्रीमतीलाई शिक्षा दिनुपर्दछ भनेर अङ्ग्रेजी पढाउन थालेको छ । तसर्थ ऊ परिपक्व पात्र हो । उसलाई थाहा छ कि महिला पनि शिक्षित हुनुपर्दछ । किशोरको आमा भने बहिनी अर्काको घर जाने जात हो पढेर के गर्ने “आमा भन्थिन् - छोरालाई के गरी थरीको कुरा गर्न मन लाग्छ । मैयाँलाई अङग्रेजी पढाउने रे । विहा भएर पराईका घर जाने छोरीलाई घरको काम सिकाउने कहाँ कहाँ.. . .” (पृ. ३१) ? किशोरले बहिनीलाई पनि आफु सरह शिक्षित बनाउन खोज्नु उसको परिपक्वता हो । किशोर देशमा राणाशासनको अन्त्य गरेर प्रजातन्त्र जनताको चाहना हो भन्ने कुरालाई लिएर प्रजातन्त्रको लागि संघर्ष गर्दछ तसर्थ उसलाई परिपक्व पात्र भन्न सकिन्छ ।

**एकरात** कथाको सहायक पात्र कमिश्नरलाई अपरिपक्व भन्न सकिन्छ । किनभने उसमा प्रतिगमन प्रवृत्ति कायम रहेको छ भने अन्य गौण पात्रहरू डाक्टर, हवल्दार, सैनिक कर्मचारीहरू आदि अपरिपक्व पात्र हुन् । किशोरको बुवा, आमा, बहिनी, भाइ, श्रीमती, कलेजका साथीहरू आदि सहज स्वाभाविक ढङ्गका भएका कारण उनीहरू परिपक्व पात्र हुन् ।

## ४.४.७ पात्रका मानसिक अन्तर्द्वन्द्वको विश्लेषण

मानसिक अन्तर्द्वन्द्वका आधारमा पात्रहरू अन्तर्द्वन्द्वरहित र अन्तर्द्वन्द्वग्रस्त गरी दुई प्रकारका हुन्छन् । कुनै पनि मानसिक अन्तर्द्वन्द्व नभएको पात्र अन्तर्द्वन्द्वरहित पात्र हो । **एकरात** कथाको प्रमुख पात्र किशोर अन्तर्द्वन्द्वरहित पात्र हो उसमा विपरित, इच्छा, भाव, विचार र धारणको द्वन्द्व भएको पाइँदैन । किशोरले बम फ्याँकेपनि शासकलाई चेतावनि दिन मात्र हो हत्याका लागि होइन । त्यैले उसलाई अन्तर्द्वन्द्वरहित पात्र भन्न सकिन्छ “राजनीतिमा हिँसाको पूर्णतः त्याग असम्भव छ, त्यसो हुनाले प्रयत्न यसमा मात्रै गर्नुपर्छ कि हिँसा सीमीत रहोस् र अनिवार्य भएका मात्र अनिवार्य परिमाण प्रयोग होस्” (पृ. ३४) । प्रस्तुत कथांशबाट स्पष्ट हुन्छ कि राजनीतिमा हिँसा हुनु पर्दछ हिँसाले नै शान्ति ल्याउदछ ।

हिँसा जरुरी नभएपनि आवश्यक कुरा हो । यसर्थ किशोरको धारणा अन्तर्द्वन्द्वरहित देखिन्छ । उसले विपरित, इच्छा, भाव, विचार र धारणा राखेको छैन् ।

**एकरात** कथाको सहायक पात्र कमिश्नर अन्तर्द्वन्द्वग्रंस्त पात्र हो । उसमा विपरित इच्छा, भाव, विचार र धारणाको द्वन्द्व पाइन्छ । उसले कुशल देशभक्ति युवकलाई फाँसीको सजाय दिएको छ । यस्तै यस कथाको अन्य गौण पात्र डाक्टर, हवल्दार, सैनिक आदि पनि अन्तर्द्वन्द्वग्रस्त पात्र हुन् । किशोरको बुवा, आमा, बहिनी, भाइ, श्रीमती र कलेजका साथीहरू आदिलाई विपरित इच्छा, धारणा नभएका कारण अन्तर्द्वन्द्वरहित पात्र भन्न सकिन्छ ।

## ४.४.८ पात्रका मानसिक अवस्थाको विश्लेषण

मानसिक अवस्थाका आधारमा पात्रहरू अविकृत र विकृत गरी दुई प्रकारका हुन्छन् । कुनै पनि मानसिक तथा चारित्रिक विकृति नभएको पात्र अविकृत हुन्छ । **एकरात** कथाको प्रमुख किशोर अविकृत पात्र हो । किशोरले बम फ्याँकेर फाँसीको सजाय भोग्न तयार भएको छ । किशोरले गरेको त्यो कार्य एक अपराधिक कार्य नभएर देशभर शासकलाई चेतावनि दिन मात्र हो । कुनै पनि व्यक्तिको हत्याको लागि होइन् । तर किशोरले गरेको यो क्रियाकलाप शासकले अपराधिक मानेर फाँसीको सजाय दिएका छन् । उसले गरेको त्यो कार्य मानसिक विकृति भएर गरेको होइन् । ऊ एक शिक्षित युवक हो त्यसैले उसले आफ्नी बहिनी र श्रीमतीलाई समेत पढ्न सिकाएको छ । तसर्थ उसलाई मानसिक अवस्थाको आधारमा अविकृत पात्र भन्न सकिन्छ । यसै सन्दर्भमा :

> एकदिन किशोरले सोधेको थियो.- राधा । तिमीले घरमा लेख्न पढ्न सिकेको थियो कि थिएन ? उसले आँखा उठाएर हेरेर मुन्टो मात्र हल्लाएकी थिई, यो भन्नलाई कि पढेकी छैनँ । त्यसपछि राति बसेर ऊ दुलहीलाई पढाउन थालेको थियो । र उसले बैनीलाई भनेको थियो - बैनी, भाउजुलाई पनि आफूले पढेका सिकान (पृ. ३२) ।

प्रस्तुत प्रसङ्गबाट स्पष्ट हुन्छ कि किशोर मानसिक तथा चारित्रिक विकृति नभएको पात्र हो । किनभने उसले आफ्नी श्रीमती राधालाई पनि पढाएर शिक्षाको उज्यालो प्रदान गरिएको छ ।

**एकरात** कथाको सहायक पात्र कमिश्नरलाई मानसिक अवस्थाको बारेमा विकृति पात्र भन्न सकिन्छ । कमिश्नरले एक सच्चा देशभक्ति भावना भएको युवक किशोरलाई

फाँसीको सजाय दिएको छ । यस्तै यस कथाका अन्य पात्रहरू डाक्टर, हवल्दार लगायत सैनिक कर्मचारीहरू पनि विकृत पात्र हुन् । किशोरको बुवा, आमा, वहिनी, भाइ, किशोरका कलेजका साथीहरू आदि मानसिक तथा चरित्रिक विकृति नभएको कारण अविकृत पात्र हुन् ।

## ४.५ श्वेतभैरवी कथाका पात्रको मनोवैज्ञानिक विश्लेषण

कथाकार विश्वेश्वरप्रसाद कोइरालाको तेस्रो चरणको अत्यन्त महत्वपूर्ण कथाका रूपमा **श्वेतभैरवी** कथालाई लिइन्छ । **श्वेतभैरवी** कथा पैतिसवर्ष अगाडि घटित भएको कुनै एक दिनको घटनालाई म पात्रले वर्णन गरेको घटना हो । उमेर पुगेका युवा-युवतीहरूमा यौन संवेगात्मक रूपमा अचेतन मनमा दमित भएर रहेको हुन्छ । त्यसले एकान्त ठाउँ अर्थात् शान्त ठाउँ पाउनासाथ रौद्ररूप धारण गर्दछ भन्ने यर्थाथ कुरालाई सिद्ध गर्नु यस **श्वेतभैरवी** कथाको मुख्य भाव वा सारवस्तु मानिन्छ ।

**श्वेतभैरवी** कथा सीमित पात्र र घटनाको संयोजन गरी लेखिएको छ । यस कथाको मुख्य पात्रको रूपमा फगुनी र म पात्र (सानोबाबु) रहेका छन् । यी दुई पात्रका अतिरिक्त प्रत्यक्ष र परोक्ष रूपमा अन्य पात्रहरूको प्रयोग गरिए तापनि ती पात्रहरूको कथामा गौण भूमिका मात्र रहेको छ । म पात्रको साथी र अन्य साथीहरू, म पात्रकी आमा, सानिमा र फुपू, सान्नानी, बैठकमा तास खेल्ने वयष्कहरू, फगुनीको बाबु लेलहा आदि गौण भूमिकामा रहेका पात्रहरू हुन् । गौण भूमिकामा रहेका यि पात्रहरूको कथामा सङ्केत मात्र भएका कारण प्रमुख चरित्रका रूपमा फगुनी र म पात्र आएका छन् । यस कथाका प्रयुक्त पात्रका मनोवैज्ञानिक विश्लेषण यसप्रकार छन् ।

### ४.५.१ पात्रको व्यवहारको विश्लेषण

व्यवहारको आधारमा पात्रहरू सुसङ्गत र असङ्गत गरी दुई प्रकारका हुन्छन् । सामाजिक वातावरण, समय र परिस्थिति अनुरूप व्यवहार गर्ने पात्र सुसङ्गत र त्यस्तो व्यवहार नगर्ने पात्र असङ्गत हो । **श्वेतभैरवी** कथाको 'फगुनी' सामाजिक वातावरण, समय र परिस्थिति अनुरूप व्यवहार नगर्ने असङ्गत पात्र हो । फगुनीको व्यवहार र स्वभावमा अनौठोपन पाइन्छ । कथाकारले फगुनीको व्यवहारको बारेमा यसरी चित्रण गरेका छन् :

> त्यसको स्वभावमा पनि अनौठोपष्न थियो जो गाउँका युवतीहरूमा पाइँदैनथ्यो । त्यो अनौठो ढङ्गले अचञ्चल थिई । त्यस उमेरमा जबकि उसका

> दौंतरीहरू घास काट्न जाँदा, पानी भर्न जाँदा खेतमा काम गर्दा, साना-साना निउँमा खिल्ल हाँस्छन्, त्यो भने गम्भीर रहन्थी । उसका साथी-सँगी पनि थिएनन् (पृ. ४१)

प्रस्तुत कथाकी प्रमुख पात्र फगुनीको व्यवहार हेर्दा उसको व्यवहारमा अनौठोपन पाइन्छ । ऊ ग्रामीण व्यवहार हेर्दा उसको व्यवहारमा अनौठोपन पाइन्छ । ऊ ग्रामीण युवतीहरूभन्दा फरक स्वभाव भएकी छे । साथी-सँगी कोहि पनि नभएकी गम्भीर स्वभावकी पात्र हो । उसले यस कथामा सामाजिक वातावरण, समय र परिस्थिति अनुरूप व्यवहार गरेकी छैन । दमित यौन अचेतनको असह्य पीडाले मर्माहत भएकी फगुनीले श्वेतभैरवीको रूप धारण गरेर मालिकको छोरालाई 'तिमी मेरो दुलाहा' भन्दै आक्रमक शैलीमा खेदाउछे । फगुनीको यो व्यवहार असङ्गत व्यवहार हो किनभने सानोबाबु 'म' पात्रलाई विवाह, दुलाहाको बारेमा कोही पनि ज्ञान दिएन । यस्तो बालकलाई तिमी मेरो दुलाहा भन्दै आक्रमण शैलीमा लखेट्नु फगुनीको असङ्गत व्यवहार हो ।

**श्वेतभैरवी** कथाको सानोबाबु 'म' पात्रको व्यवहार हेर्दा उसलाई व्यवहारका आधारमा सुसङ्गत पात्र भन्न सकिन्छ । उसले सामाजिक वातावरण, समय र परिस्थिति अनुरूप व्यवहार गरेको छ । फगुनीले श्वेतभैरवीको रूप धारण गरी म पात्र (सानोबाबु) माथि जाइलागे पनि 'म' पात्रले त्यससँग कुनै पनि व्यवहार प्रकट गरेको छैन । यस कथाका अन्य गौण पात्रहरू 'म' पात्रकी आमा, सानिमा, फुपू, ललेलहा आदि पात्रको कथामा खासै भूमिका देखिँदैन । कथामा उीनहरूले सामाजिक वातावरण समय र परिस्थिति अनुरूप खराव व्यवहार गरेको पाइँदैन । त्यसैले व्यवहारका आधारमा यी पात्रहरूलाई सुसङ्गत पात्र भन्न सकिन्छ ।

## ४.५.२ पात्रका प्रकृतिको विश्लेषण

प्रकृतिका आधारमा पात्रहरू सहज र जटिल गरी दुई प्रकारका हुन्छन् । "चिन्तन भाव र क्रियामा प्रासङ्गिकता, नियमितता, एकरूपता, स्थिरता, सङ्गति, सन्तुलन र समन्वय भएको पात्र सहज पात्र हो र त्यस्ता कुराको अभाव भएको पात्र जटिल" (घर्ती, २०६७ : ८८) । **श्वेतभैरवी** कथाको प्रमुख पात्र फुगनीलाई जटिल पात्र भन्न सकिन्छ । 'फगुनी' साथीसँगी कोहि पनि नभएकी गम्भिर स्वभाव भएकी पात्र हो । उसलाई दमित यौन अचेतनको असह्य पीडाले मर्माहत पारेर श्वेतभैरवी रूप धारण गरी 'म' पात्रमाथि

जाइलागेकी छे । तसर्थ उसलाई प्रकृतिको आधारमा एकरूपता, स्थिरता, सन्तुलन र समन्वय नभएको कारण जटिल पात्र भन्न सकिन्छ । कथाकारले फागुनीको प्रकृतिको बारेमा यसरी चित्रण गरेका छन् ।

> त्यस दिन फगुनी फगुनी थिइन त्यो कोशी नदीको त्यस्तो भङ्गालो भएकी थिई जो बाढीमा प्रलयको बेग लिएर उर्लिन्छ । र उग्र, भयङ्गर प्रलयङ्कारी हुन्छ, जब त्यसले मानिसका प्रति उन्मत्त भएर सबैलाई निल्दै हिँड्छ-हाहाकार मच्चाउँदै । त्यस्तै श्वेतभैरवी जाग्रत भएकी फगुनीको जटा हावामा फैलिएको आँखा निभेको आगो, चरणमा ताण्डवको शक्ति, कालो-नीलो थियो, वृक्षमा श्रृङ्गाङ्कुर; खुलेको मुखको गुफाबाट तप्त उच्छ्वासको बाफ । श्वेतभैरवी फगुनी (पृ. ४५) ।

**श्वेतभैरवी** कथाको प्रमुख पात्र फगुनीलाई हेर्दा ऊ एक सन्तुलन र समन्वय नभएकी पात्र हो । उसको यौनावेग एक कोशी भङ्गालो र बाढीजस्तो प्रलयकारी रहेको छ । त्यस्तो भयङ्कर बेग भएकी फगुनीले 'म' पात्रमाथि जाइलागेकी छे । यसकारण उसलाई जटिल पात्र भन्न सकिन्छ । यसकथाको सानोबाबु 'म' पात्रको भाव, क्रियामा प्रासङ्गिकता, नियमितता, एकरूपता, स्थिरता, सङ्गति र सन्तुलन भएको कारण उसलाई सहज पात्र भन्न सकिन्छ । यस्तै अन्य गौण पात्रहरू 'म' पात्रकी आमा, 'म' पात्रको साथी, सानिमा, फुपू, लेलहा आदिलाई पनि सङ्गति र सन्तुलित भएको कारण सहज पात्र भन्न सकिन्छ ।

## ४.५.३ पात्रका समायोजनको विश्लेषण

समायोजनका आधारमा पात्रहरू समायोजित र असमायोजित गरी दुई प्रकारका हुन्छन् । सामाजिक वातावरण एवम् आन्तरिक आवश्यकताहरूसँग अनुकूल सामञ्जस्य कायम गर्न सक्ने पात्र समायोजित हो र त्यस प्रकारको सामञ्जस्य कायम गर्न नसक्ने पात्र असमायोजित हो । **श्वेतभैरवी** कथाको प्रमुख पात्र 'फगुनी' लाई सामाजिक वातावरण एवम् आन्तरिक आवश्यकताहरूसँग अनुकूल सामान्जस्य कायम गर्न नसक्ने भएका कारण असमायोजित पात्र भन्न सकिन्छ । "कोशीको बिरानो बालुवाका तटमा हठात् उठ्ने हावाको भुँवरीजस्तो हुरिँदै त्यो भनिर आई 'तिमी मेरो दुलाहा !' त्यही हावाको भुँवरी जस्तै तातो निःश्वास त्यही बिरानो ठाउँको कुनै अतृप्त अशरीरी जीवको हृदयलाई कम्पाउने किसिमको उच्छ्वास" (पृ. ४५) । यो प्रसङ्गलाई हेर्दा फगुनीले १० वर्षको सानोबाबुलाई 'तिमी मेरो दुलहा' भन्नु सामाजिक वातावरण एवम् आन्तरिक आवश्यकताहरूसँग अनुकूल सामञ्जस्य

विपरित छ । उसले आफ्नो रौद्ररूप धारण गरेर सानोबाबु माथि जाइलाग्नु असमान्य नारी यौन मनोवैज्ञानिक विश्लेषणको उत्कर्ष क्षण हो । तसर्थ फगुनीलाई यस कथाकी असमायोजित पात्र भन्न सकिन्छ ।

प्रस्तुत **श्वेतभैरवी** कथाको अर्को प्रमुख पात्र सानोबाबुलाई समायोजित पात्र भन्न सकिन्छ । सानोबाबुले सामाजिक वातावराण एवम् आन्तरिक आवश्यकताहरूसँग अनुकूल सामाजस्य कायम गरेको पाइन्छ । यस्तै यस कथाका अन्य गौण पात्रहरू ‘म’ पात्रकी आमा, साथी, सानिमा फुपू, लेलहा आदिलाई पनि आन्तरिक आवश्यकता अनुकूल सामाञ्जस्य कायम गर्न सक्ने भएकाले समायोजित पात्र भन्न सकिन्छ ।

## ४.५.४ पात्रका अभिवृत्तिको विश्लेषण

अभिवृत्तिको आधारमा पात्रहरू बहिंर्मुखी र अन्तर्मुखी गरी दुई प्रकारका हुन्छन् । समाज र बाह्य वातावरणलाई बढी महत्व दिने र सामाजिकहित, नैतिकता, मर्यादा, अनुशासनतर्फ लाग्ने पात्र बहिर्मुखी हुन्छ भने आफैलाई बढी महत्व दिएर आफ्नै बारेमा मात्र चिन्तनरत रहने पात्र अन्तर्मुखी हुन्छ । **श्वेतभैरवी** कथाको प्रमुख पात्र फगुनीलाई अन्तमुखी पात्र भन्न सकिन्छ । उसले आफैलाई बढी महत्व दिएको छे । तसर्थ ऊ सामाजिक हित, नैतिकता, मर्यादा, अनुशासनतर्फ नलागेकि पात्र हो । फगुनीले नैतिकता, अनुशासन विपरित काम गरेकी छे । उसले आफ्नो रौद्ररूप धारणा गरेर सानोबुवामाथि जाइलागेकी छे । फगुनीको रौ रुपको चित्रण कथाकारले यसरी गरेका छन् ।

> म भागिरहेको थिएँ, कातरभीव बालक । उन्मत्त यौनको अध्यांरो भीरबाट तर्सेर श्वेतभैरवी मेरो खेदो गरिरहेकी थिई । लाग्यो, भागिरहेका मेरा गोडा भासिइरहेछन्  र भीरमाथिको गर्त मलाई निल्न झन -झन ठुलो मुख बाउँदै आइरहेछ - कोशीको असंयमित बाढी जस्तै । उसको हात गोबर र हिलोले कुहिनासम्म मुछिएका छन् र त्यसलाई बार बार माथि उठाउँथी ऊ, खड्गबाहु  कालीजस्ती (पृ. ४५) ।

माथिको कथांशबाट फगुनीको नैतिकताहीन, अनुशासनहीन मर्यादाहीन कार्य पाइन्छ । उसले १० वर्षको ‘म’ पात्र सानो बावुलाई श्वेतभैरवी रूप धारण गरेर खेदाएकि छे । बालक सानोबावुमा फगुनीमा जस्तो रौद्र रूप चढेको छैन जसको कारण ऊ डराएको छ ।

यसरी तरुनी फगुनीले बालक सानोबावुलाई यौनवेगको उन्मात लिएर खेदाउनु नैतिकताहिन कार्य हो । तसर्थ उसलाई अन्तर्मुखी पात्र भन्न सकिन्छ ।

**श्वेतभेरवी** कथाको 'म' पात्र (सानोबावु) लाई बहिर्मुखी पात्र भन्न सकिन्छ । सानोबाबुले सामाजिकहित, नैतिकता, मर्यादा, अनुशासन विपरित कार्य गरेको छैन । उसमा आफैलाई बढी महत्व दिएर आफ्नै बारेमा मात्र चिन्तनरत रहने प्रवृति छैन । त्यसैले 'म' पात्र (सानोबाबु) लाई बहिर्मुखी पात्र भन्न सकिन्छ । यस कथाका अन्य गौण 'म' पात्रको आमा, साथी, सानिमा, फुपू लेलहा आदि पनि नैतिक मर्यादित अनुशासित भएका कारण वहिमुखी पात्र हुन् ।

## ४.५.५ पात्रका व्यक्तित्वको विश्लेषण

व्यक्तित्वको आधारमा पात्रहरू सन्तुलित र असन्तुलित गरी दुई प्रकारका हुन्छन् । **श्वेतभैरवी** कथाको प्रमुख पात्र फगुनीलाई असन्तुलित पात्र भन्न सकिन्छ । फगुनीमा इदम् अहम् र पराहमबिच, हीनताग्रन्थि र उच्चताग्रन्थि बिच, नारीपन र पुरुषपन बर्हिमुखी र अन्तर्मुखीबिच र सन्तुलन नभएको कारण उसलाई असन्तुलित पात्र भन्न सकिन्छ ।

फगुनीमा मित्रता, सद्भाव, सहिष्णुता जस्ता कुराको अभाव देखिनाले उसको पराहम् कमजोर रहेको स्पष्ट हुन्छ । फगुनी पुरुषहरूतर्फ आकर्षित नभए पनि उसले आफ्नो रौद्ररूप धारणा गरेर १० वर्षको बालक सानोबाबु माथि जाइलागेको कारण उसलाई असन्तुलित पात्र भन्न सकिन्छ । बालक सानोबाबु फगुनीको रौद्ररूप देखेर माग्दछ । फगुनीको त्यो रूपप्रति बालक तर्सिन्छ । यसै सन्दर्भमा

> हे ईश्वर ! मलाई बचाऊ, श्वेतभैरवीको दानवी नङ्ग्राबाट । म भुट्टिन्छु उन्मत्त उच्छवासको भट्टिमा म उनिन्छु उसको छातीको सिङमा बचाऊ मलाई ! मेरो बालकहृदय दन्त्य कथाका भुत-प्रेत र दानव, किचकन्या श्मशानबासी बायुहरूको कल्पनाले भयभीत भएर उठ्यो । म संज्ञाहीन हुँलाजस्तो भएँ । आँखा चिम्लेर प्राणको अन्तिम मार्ग समातेर माथिबाट हामफाले (पृ. ४५) ।

माथिको कथांशबाट फगुनीको असन्तुलित रूप पाउँन सकिन्छ । फगुनीले 'म' पात्रलाई रौद्ररूप धारण गरेर खेदाएकी छे । सानोबाबु उसको त्यो रौद्ररूपबाट तर्सेको छ । तसर्थ उसलाई असन्तुलित पात्र भन्न सकिन्छ ।

**श्वेतभैरवी** कथाको 'म' पात्र (सानोबाबु) सन्तुलित पात्र हो । उसमा इदम् अहम् पराहमबिच, हीनताग्रन्थि र उच्चता ग्रन्थिबिच, नारीपन र पुरुषपनबिच बहिमुखी र अन्तर्मुखी अभिवृक्तिबिच सन्तुलन पाइन्छ । यस्तै यस कथाका अन्य गौण पात्रलाई पनि सन्तुलित पात्र भन्न सकिन्छ । गौण पात्रहरूले 'म' पात्रको आमा, साथी, सानिमा, फुपू लेलहा आदिले असन्तुलित काम गरेका छैनन् तसर्थ उनीहरू पनि यस कथाका सन्तुलित पात्र हुन् ।

## ४.५.६ पात्रका संवेगात्मक परिपक्वताको विश्लेषण

संवेगात्मक परिपक्वताको आधारमा पात्रहरू परिपक्व र अपरिपक्व गरी दुई प्रकारका हुन्छन् । शैशविक प्रवृत्ति कायमै रहेको प्रतिगमन प्रवृत्ति भएको, विभिन्न संवेगहरूमाथि पूर्ण नियन्त्रण नभएको पात्र अपरिपक्व पात्र हो । **श्वेतभैरवी** कथाको प्रमुख पात्र 'फगुनी' लाई अपरिपक्व पात्र भन्न सकिन्छ । 'फगुनी' गौना (विवाह) का लागि प्रतीक्षारत दमित यौन अचेतनको प्रभावले असामान्य परिस्थितिमा पुगेकि पात्र हो । दमित यौन अचेतनको असैह्य पीडाबाट मर्माहत भएकी श्वेतभैरवी रूपधारिणी फगुनी म पात्र (सानोबाबु) लाई "तिमी मेरो दुलाहाँ" (पृ. ४४) भन्दै आक्रमण गर्छे र लखेट्न पुग्छे । यस्तो व्यवहारका कारण फगुनीलाई अपरिपक्व पात्र भन्न सकिन्छ ।

**श्वेतभैरवी** कथाको 'म' पात्र (सानोबाबु) लाई परिपक्व पात्र भन्न सकिन्छ । किनभने 'म' पात्र सहज र स्वभाविक ढङ्गको लिइन्छ । बालक भए पनि 'म' पात्रलाई फगुनीको सम्पुर्ण व्यवहारको ज्ञान थियो । "आजकी फगुनीको बिनोद प्रियता पनि अनौठो थियो । जसका बारेमा बिनोद हाँसो र ठट्टाको कल्पना गर्न सकिदैन । त्यसमा हठात् यो प्रवृत्ति देख्दा एकछिन मानवचरित्र रहस्यकाप्रति आश्चर्य लाग्छ" (पृ. ४३) । भनेर फगुनीको व्यवहार प्रति 'म' पात्र आश्चर्य भएको छ । १० वर्षको बालक भए पनि फगुनीमा श्वेतभैरवी चढेको थाहा पाएको छ । यस कथाका अन्य गौण पात्रहरू 'म' पात्रको आमा, साथी, सानिमा फुपू, लेलहा आदिलाई पनि परिपक्व पात्र भन्न सकिन्छ ।

### ४.५.७ पात्रका मानसिक अन्तर्द्वन्द्वको विश्लेषण

मानसिक अन्तर्द्वन्द्वका आधारमा पात्रहरू अन्तर्द्वन्द्वरहित र अन्तर्द्वन्द्वग्रस्त गरी दुई प्रकारका हुन्छन् । विपरित इच्छा, भाव, विचार र धारणाको द्वन्द्व भएको पात्र अन्तर्द्वन्द्वग्रंस्त पात्र हो **श्वेतभैरवी** कथाको प्रमुख पात्र फगुनीलाई अन्तर्द्वन्द्वग्रस्त पात्र भन्न सकिन्छ । फगुनीले सानोबाबु 'म' पात्रलाई श्वेतभैरवी रूप धारण गरेर आक्रमण गरेकी छे । एकान्त वातावरणमा बसेको उमेरले सानो भए पनि किशोर अवस्था तिर लम्केको एउटा पुरुष जसलाई ठट्टा गर्दै दुलहा भनेकी छ, साथै उसका स्वप्निल भावनाहरू कल्पनाका चाहानाहरूले गर्दा फगुनीको मन मस्तिष्क एक्कासी उत्तेजनातिर लम्कन्छ । त्यसपछिका दुलहा, गौना, चुमौन जस्ता प्रसङ्गले फगुनीको भावावेग बढाउने साधको काम गर्छन् । "उन्मत्त यौनको अँध्यारो भीरबाट तर्सेर श्वेतभैरवी मेरो खेदो गरिरहेकी थिई" (पृ. ४५) । यसरी हेर्दा यस **श्वेतभैरवी** कथाको फगुनीलाई अन्तर्द्वन्द्वग्रस्त पात्र भन्न सकिन्छ ।

**श्वेतभैरवी** कथाको 'म' पात्र (सानोबाबु) मा कुनै पनि प्रकारको मानसिक अन्तर्द्वन्द्व नभएका कारण अन्तर्द्वन्द्वरहित पात्र भन्न सकिन्छ । उसमा विपरित इच्छा, भाव, विचार र धारणाको द्वन्द्व पाइदैन । यस कथाका अन्य गौण पात्रहरू 'म' पात्रको आमा, साथी, सानिमा फुपू, लेलहा आदि पनि मानसिक अन्तद्वन्द्व नभएको कारण अन्तर्द्वन्द्वरहित पात्र हुन् ।

### ४.५.८ पात्रका मानसिक अवस्थाको विश्लेषण

मानसिक अवस्थाका आधारमा पात्रहरू अविकृत र विकृत गरी दुई प्रकारका हुन्छन् । कुनै पनि मानसिक तथा चरित्रिक विकृत्ति नभएको पात्र अविकृत हुन्छ । **श्वेतभैरवी** कथाको प्रमुख पात्र 'फगुनी' लाई विकृत पात्र भन्न सकिन्छ । किनकी फगुनीमा मनोग्रस्त बाध्यता, उन्माद, अपूर्ण व्यक्तित्व, मन्द र खण्डित मानसिकता, समाजविरोधी क्रियाकलाप देखिन्छ । त्यसैले उसलाई विकृत पात्र भन्न सकिन्छ ।

एकान्त स्थलमा सानोबाबुलाई देख्नासाथ फगुनीको यौन संवेगहरू असामान्य रूपमा विकासित हुन्छन् । बोली घोद्रो हुन्छ, यौन अङ्गहरू सल्बलाउन थाल्छन् । मुखाकृति फुङ्ग उडेको देखिन्छ । सास बढेर आउँछ । यसरी दमित यौन अचेतनको असहय पीडाले मर्माहत भएकी फगुनीले श्वेतभैरवीको रूप धारण गरेर मालिकको छोरालाई 'तिमी मेरो दुलाहा' भन्दै आक्रमक शैलीमा लखेट्न थाल्छे । यसरी फगुनीको क्रियाकलाप हेर्दा उसलाई मानसिक अवस्थाका आधारमा विकृत पात्र भन्न सकिन्छ । उसमा मन्द र खण्डित

मानसिकता, समाजविरोधि क्रियाकलाप, अपूर्ण व्यक्तित्व, मनोग्रस्त वाव्यता, जस्ता क्रियाकलाप पाउँन सकिन्छ । यहि अनौठो प्रकारको क्रियाकलापले गर्दा फगुनी विकृत पात्र हो ।

**श्वेतभैरवी** कथाको सानोबाबु 'म' पात्रलाई अविकृत पात्र भन्न सकिन्छ । सानोबाबुमा कुनै पनि मानसिक तथा चारित्रिक विकृति पाइदैन । उसले कुनै पनि समाजविरोधी क्रियाकलाप, अपराधिक व्यवहार गरेको छैन । त्यसकारण सानोबाबुलाई अविकृत पात्र भन्न सकिन्छ । **श्वेतभैरवी** कथाका अन्य गौण पात्रको कथामा खासै भूमिका देखिदैन तसर्थ उनीहरूले कथामा समाजविरोधि क्रियाकलप, अपराधिक व्यवहार जुवाडेपन जस्ता खराब व्यवहार देखाएका छैनन् । त्यसैले गर्दा यस कथाका गौण पात्रलाई पनि अविकृत पात्र भन्न सकिन्छ ।

## ४.९ निष्कर्ष

विश्वेश्वरप्रसाद कोइराला मनोवैज्ञानिक यथार्थवादी कथाकार हुन् । मनोवैज्ञानिक यथार्थवादी कथाकार भए पनि यिनको कथामा सामाजिक यथार्थताको अभिव्यक्ति टड्कारो रूपमा पाइन्छ । पूर्ववर्ती कथा प्रवृत्ति भन्दा केही भिन्न कथा प्रवृत्ति लिएर **श्वेतभैरवी** मा देखा पर्ने कोइरालाले श्वेतभैरवी र सान्नानी जस्ता कथामा पूर्वी तराईको स्थानीय रङ्ग पर्याप्त पाइन्छ । **राइटरबाजे** कथामा आफ्ना पतिदेवको रक्षाका लागि परपुरुषसँग सम्बन्ध राख्ने राइटर्नीद्वारा कथाकारले नितान्त मौलिक दृष्टिकोण राख्न सफल भएका छन् । **एकरात** कथामा तत्कालीन शासक वर्गका अमानवीय क्रियाकलापको चित्रण गरिएको छ । यसरी हेर्दा कथाकार कोइरालाका कथामा सामाजिक यथार्थ र मनोवैज्ञानिक यथार्थको सबल प्रस्तुति रहेको पाइन्छ । **श्वेतभैरवी** कथासङ्ग्रहका कथाका पात्रहरूलाई पात्रका व्यवहार, प्रकृति, समायोजन, अभिवृत्ति, व्यक्तित्व, संवेगात्मक परिपक्वता, मानसिक अवस्था, मानसिक अन्तद्वन्द्वको आधारमा वर्गीकरण गर्न सकिन्छ । त्यसैले **श्वेतभैरवी** कथासङ्ग्रहका स्रष्टा विश्वेश्वरप्रसाद कोइरालाको स्थान नेपाली समाज सापेक्ष मनोवैज्ञानिक यथार्थवादी कथाकारका रूपमा सुरक्षित रहेको छ ।

# पाँचौं परिच्छेद
# सामाजिक दृष्टिले श्वेतभैरवी कथासङ्ग्रहका कथाका पात्रहरू

## ५.१ विषय परिचय

प्रस्तुत परिच्छेदमा कथाका पात्रको सामाजिक दृष्टिकोणलाई प्रस्तुत गरिएको छ । कथाका पात्रको सामाजिक दृष्टिकोण प्रस्तुत गर्ने क्रममा 'सान्नानी', 'राइटरबाजे', 'एकरात' र 'श्वेतभैरवी' कथाका पात्रको सामाजिक दृष्टिकोण प्रस्तुत गरिएको छ । सामाजिक दृष्टिकोणका आधारमा प्रत्येक कथाका पात्रको वर्गीय, लिङ्गीय र जातीय स्थितिको प्रस्तुत गर्दै यो परिच्छेद टुङ्ग्याएको छ ।

## ५.२ सान्नानी कथाका पात्रको वर्गीकरण

कथाकार कोइरालाको **श्वेतभैरवी** कथासङ्ग्रहमा सङ्गृहीत पहिलो कथा हो **सान्नानी** । कारावास जीवनमै रचना गरेको यो कथा रचनाक्रमका दृष्टिले दोस्रो मानिन्छ । यस कथामा मानवीय नियमितको केन्द्रीयतामा बालमनोविज्ञानको अभिव्यक्तिका साथै स्थानीय परिवेशको बयान सहित विश्लेषण गरिएको छ । प्रस्तुत कथा बालपात्र सान्नानी र म पात्रका बिचमा भएको अनेक संवादबाट अगाडि बढेको भएपनि कथाकारले संस्मरणात्मक शैलीमा कथाको सुभारम्भ गरेका छन् । मध्यमस्तरका नेपालीको जीवनस्तरको चित्रण गरिएको यस कथामा बालपात्रमा द्वन्द्व सिर्जना गरिएको छ । बालहृदयका सामाजिक जिज्ञासाहरूको चर्चा गरिएको यस कथामा एउटा सामाजिक परिवेशमा हुर्किएको व्यक्ति अर्को सामाजिक रहनसहनमा पुग्दा कति अपरिचित रहन्छ भन्ने कुराको अध्ययन विश्लेषण गरिएको छ ।

प्रस्तुत कथामा त्यति धेरै पात्रहरूको प्रयोग गरिएको छैन । मुख्य पात्रको रूपमा रहेका 'सान्नानी' र 'म' पात्रको सेरोफेरोमा नै कथानक अगाडि बढेको हुनाले कथामा सीमित पात्रहरूको मात्र प्रयोग गरिएको छ । मुख्य भूमिकामा देखापरेका 'सान्नानी' र 'म' पात्र बाहेक कथामा अन्य पात्रहरूको भूमिका गौण रहेको छ । गौण भूमिकामा देखापर्ने पात्रहरूमा 'म' पात्रकी आमा, सान्नानीकी आमा, फगुनी, सान्नानीको लोग्ने आदि रहेका छन् । यस कथाका प्रयुक्त पात्रका सामाजिक दृष्टिकोण यसप्रकार छन् ।

### ५.२.१ वर्गीय स्थिति

आख्यान एउटा गतिशील र समाज सापेक्ष विधा हो । समाज भन्नाले आर्थिक ढाँचामा जेलिएको समाज भन्ने बुझ्नु पर्दछ । त्यसैले समाजलाई उच्च, मध्यम र निम्न वर्गका आधारमा विभाजन गरिन्छ ।

प्रस्तुत कथा **सान्नानी** मा दुई भिन्न पात्रको जीवन शैलीको चित्रण गरिएको छ । सान्नानीको बालसखा म पात्रले सहरिया वातावरण र जीवनशैलीको यथार्थ प्रस्तुत गरेको छ । यस कथाको म पात्रको वर्गीय स्थिति हेर्दा ऊ मध्यम वर्गको पात्र हो किनभने ऊ सहरमा हुर्केको राम्रा राम्रा कपडा लगाउने सफा सुग्गर रहने शिष्ट बानी व्यवहार भएको पात्र हो । सहरमा जन्मेर हुर्केको बालक म पात्र गाउँमा आउँदा सून्यता र साँघुरोपनको महसुस गर्दछ किनभने सहरमा पाएका सुख सुविधाहरू गाउँमा नपाएको कारण ऊ एक्लो भएको छ । म पात्र निम्न स्तरको भएको भए उसलाई भौतिक सुखसुविधा भन्दा खानको मात्र चिन्ता हुने थियो । म पात्रले गाउँबाट शिक्षा आर्जन गर्न बनारस गएको छ । यसरी 'म' पात्रको वर्गीय स्थिति हेर्दा ऊ मध्यम स्तरको पात्रको रूपमा देखिन्छ ।

सान्नानी ग्रामीण बालिका भए पनि उसको वर्गीय स्थिति मध्यम स्तरको छ । ऊ शिक्षा आर्जन नगरेपनि ग्रामीण परिवेशमा हुर्किएकी बालिका हो । उसको घर परिवार खान लगाउन पुग्ने मध्यम स्तरको देखिन्छ । "रङ्गाएको धोती र चोलो लाएको म उसलाई देख्थें । ऊ आमाहरूसँग बसेर पात गाँस्थी भान्छामूनि बसेर । अगेनामा दूध उमाल्थी, दही जमाउँथी, भण्डारको राखनधरन पनि गर्थी" (पृ. १५) । यसरी सान्नानीको दैनिक व्यवहारलाई हेर्दा ऊ मध्यम वर्गको पात्र हो ।

**सान्नानी** कथाको 'म' पात्र र सान्नानीलाई मध्यम वर्गको पात्रका रूपमा लिइन्छ । यस्तै यस कथामा गौण भूमिकामा देखापर्ने पात्रहरूमा म पात्रको आमा, सान्नानीको आमा फगुनी, सान्नानीको लोग्ने आदि पनि मध्यम स्तरका पात्र हुन् । यसका साथै यस कथामा खोमचावाल, पुरानो शीशी बोतल किन्ने मानिस, माग्नेहरू, पानवाला, मिठाईवाला, बाक्सावाला, काबुलीबाला, मुनरिया आदिलाई पनि निम्न वर्गीय पात्रका रूपमा हेर्न सकिन्छ ।

## ५.२.२ लिङ्गीय स्थिति

लिङ्गीय स्थिति समाज विश्लेषणको एक विशेषताकै रूपमा रहेको छ । **सान्नानी** कथामा पुरुषको तुलनामा महिलाको स्थिति अति नै दयनीय छ । उनीहरूको आर्थिक राजनीतिक, सांस्कृतिक, प्रशासनिक, शैक्षिक हरेक क्षेत्रमा नगन्य स्थान छ । ऊ शिक्षित युवक हो । उसले बनारसमा गएर शिक्षा आर्जन गरेको छ । 'सान्नानी' यस कथाकी प्रमुख नारी पात्र हो । ऊ ग्रामीण परिवेशमा हुर्किएकी शिक्षा नपाएकी बालिका हो । ऊ सानै उमेरमा विवाह गरेर छोरा-छोरीको आमा भएकी छे यसरी हेर्दा यस कथामा नारी र पुरुष बिच विभेद देख्न सकिन्छ । कथाकारले म पात्रको वर्णनमा म पात्र भन्दछ :

> मेरो व्रतबन्ध भयो । अब मेरो पनि काशी जाने कुरा चल्यो । म पनि उहीं पढ्ने रे । उसको ससुराली र मेरो काशी । सयकडौं कोसको पार्थक्य, पृथ्वीको एउटा कुनामा त्यो, अर्को कुनामा म । तीस वर्षपछि, एउटा युग बितेपछि मैले सुनें कि सान्नानी विराटनगर आएकी छ रे, दुलाहा र छोरा-छोरीका साथ । म गाउँलाई छाडेर काशी पढ्न जाँदा उसको बिहाको तरखर भइरहेको थियो । उसको बिहाको लागि म बस्न सक्दिनथें; विद्यालय खुलिसकेको थियो (पृ. १५) ।

माथिको प्रसङ्गबाट स्पष्ट हुन्छ कि पढ्ने उमेर भएपछि छोरालाई व्रतबन्ध गरेर पढाउने तर छोरीलाई विवाह गरेर कर्मघर पठाउने आधार सान्नानी कथामा भएको लिङ्गीय स्थिति हो । यस कथामा नारी भनेको घरको हेरचाह गर्ने र बच्चा हुकाउर्ने साधनको रूपमा भने पुरुषले पढेर शिक्षा आर्जन गर्ने गरेका कारण समाजमा लैङ्गिक विभेद पाइन्छ ।

**सान्नानी** कथामा मूल पुरुष पात्र शिक्षित छ भने महिला पात्र अशिक्षित छे । यसरी हेर्दा पुरुष र महिला बिच भएको विभेद प्रष्ट रूपमा देख्न सकिन्छ । यसका अन्य पात्रहरू पनि लिङ्गीय स्थितिका आधारमा समाजबाट अपहेलित छन् ।

## ५.२.३ जातीय स्थिति

नेपाली समाजमा विभिन्न जातजातीमा विभाजित छ । यसै जातीय विभाजन अन्तर्गत सान्नानी कथामा विभिन्न जाति, जनजातिको प्रयोग भएको पाइन्छ । ब्राह्मण, ग्वाला, खोमचाला, काइथेहरू, मुसलमान आदिको प्रसङ्ग आएको देखिन्छ । यस कथामा म पात्र मध्यम वर्गीय ब्राह्मण परिवारको छोरो हो । जसले काशीमा गएर शिक्षा आर्जन गरेको

छ । यस्तै यस कथामा रहेका गौण पात्र ग्वाला, खोमचावाल काइयेहरू आदि जस्ता जातको चित्रण आंशिक रूपमा गरिएको पाइन्छ । “नजरिया मुसलमान हो; जसको दुलही गाउँ-गाउँमा काँचका चुरा बेची-बेची हिँड्छे” (पृ. ७) । जुन भनाईबाट मुसलमान जातको चित्रण पाइन्छ । तसर्थ यस कथामा आंशिक रूपमा जातीय चित्रण गरेको पाइन्छ ।

**सान्नानी** कथामा रहेका प्रमुख ‘म’ पात्र ब्राह्मण परिवारको छोरो हो भने सान्नानीको जात प्रष्ट रूपमा खुलेको छैन । यसरी यस कथामा विभिन्न जातजातीका पात्रहरूको चित्रण आंशिक रूपमा गरिएको छ ।

## ५.३ राइटरबाजे कथाका पात्रको वर्गीकरण

सडकमा मागेर जीवन गुजारा गरिरहेको एउटी भोटिनी किशोरीलाई ब्राह्मण जातिका ‘राइटरबाजे’ले घरमा ल्याएर पालन पोषण गरेबाट यस कथाको कथानक आरम्भ हुन्छ र आफ्नो आफन्तजनहरू सबै गुमाएर कुण्ठ रोगले ग्रस्त भएकी भोटिनीले देहत्याग गरेपछि कथानक समाप्त हुन्छ अनि कथाको पनि अन्त्य हुन्छ । जीवनको अन्त्यावस्थामा कुण्ठरोग र मृत्युसँग सङ्घर्ष गरिरहेकी भोटिनीले गरेको आफ्नो अतीत स्मरणका माध्यमबाट समग्र कथानकलाई प्रस्तुत गरिएको छ । पूर्वदीप्ति पद्धतिको प्रयोग गरिएको भए तापनि कथानकका सम्पूर्ण घटनाहरू कार्यकारण शृङ्खलामा क्रमबद्ध रूपमा आएका छन् ।

**राइटरबाजे** कथालाई अगाडि बढाउ निश्चित पात्रहरू आएका छन् । ती पात्रहरूको भूमिकाका आधारमा भोटेनी मुख्य पात्रको रूपमा आएकी छे भने ‘राइटरबाजे’ सहायक पात्रको रूपमा आएको छ । यी दुई पात्रका अतिरिक्त अन्य पात्रहरूमा भोटिनीका दिदीहरू भोटिनीकी छोरी, शुल्क दिएर भोटिनीको शरीरसँग खेल्न आएको युवक आदि गौण भूमिकामा देखापरेका छन् । यस कथामा प्रयुक्त पात्रका सामाजिक दृष्टिकोण यसप्रकार छन् ।

### ५.३.१ वर्गीय स्थिति

आख्यान एउटा गतिशील र समाजसापेक्ष विधा हो । समाज भन्नाले आर्थिक ढाँचामा जेलिएको समाज भन्ने बुझ्नु पर्दछ । त्यसैले नेपाली समाजलाई उच्च, मध्यम र निम्न वर्गका आधारमा विभाजन गरिन्छ ।

समाज विभाजनकै आधारमा प्रस्तुत **राइटरबाजे** कथाका पात्रहरूको वर्गीय स्थिति हेर्दा भोटिनीका दिदीहरूलाई उच्च वर्गमा राख्न सकिन्छ । भोटिनीका दिदीहरूले दरबारीया

उच्च खानदानसँग विवाह गरेका छन् तसर्थ उनीहरूलाई वर्गीय आधारमा उच्च वर्गका पात्र भन्न सकिन्छ । यस्तै यस कथाको प्रमुख पुरुष पात्र 'राइटरबाजे'को वर्गीय स्थिति हेर्दा ऊ मध्यम वर्गको पात्र हो किनभने ऊ सामान्य जागीरे र खान लगाउन पुग्ने वर्गको पात्र हो । उसले अड्डामा जागीर खाऊको छ । त्यस्तै यस कथाको प्रमुख नारी पात्र भोटिनीलाई निम्न वर्गमा राख्न सकिन्छ । ऊ एक भागी हिड्ने बालिका हो । "काठमाडौँको गल्लीमा थाडनु लाएर भाग्दै हिँडरहेकी एउटा भोटिनी बालिकालाई तीन नम्बर पहाडबाट जागीर खान शहरमा आएका 'राइटरबाजे'ले एक दिन अड्डाबाट फर्किंदा दयाले प्रेम नै पाउने यी, न कुष्ठ रोग नै" (पृ. १८)

भोटिनी बालिका काठमाडौँको गल्लिमा थाङ्नु लाएर माग्ने भएका कारण उसलाई निम्न वर्गको पात्रका रूपमा राख्न सकिन्छ । उसलाई 'राइटरबाजे'ले दया गरेर आश्रय दिएको छ । यसरी प्रस्तुत **राइटरबाजे** कथाका पात्रको वर्गीय स्थिति हेर्दा 'राइटरबाजे' मध्यम वर्गको पात्र हो भने भोटिनीलाई निम्न वर्गको पात्रमा राख्न सकिन्छ । यस्तै भोटिनीका दिदीहरू भने उच्च वर्गका पात्र हुन् । तसर्थ 'राइटरबाजे' कथाका पात्रको वर्गीय स्थिति हेर्दा उक्त कथामा उच्च, मध्यम र निम्न वर्गीय पात्रहरू रहेको पाइन्छ ।

## ५.३.२ लिङ्गीय स्थिति

लिङ्गीय स्थिति समाज विश्लेषणको एक विशेषता कै रूपमा रहेको छ । **राइटरबाजे** कथामा महिला र पुरुष बिचको विभेद पाउन सकिन्छ । यस कथामा भोटिनीका दिदीहरूले आफु राम्रो ठाउँमा वा उच्च वर्गमा पुग्नको लागि धेरै युवकसँग रात बिताएका छन् । तसर्थ यसबाट प्रष्ट हुन्छ कि भोटिनीका दिदीहरू तत्कालीन समयको सामाजिक परिस्थितिमा बाँधिएका छन् । तर भोटिनी चाहि आफै सङ्घर्ष गरेर मागेर खाऊकी छे । 'राइटरबाजे'ले बालिका भोटिनीलाई बिवाह गरेको छ । विवाह पश्चात भोटिनीले 'राइटरबाजे'लाई माया दिएकी छे । 'राइटरबाजे'सँग विवाह गरेकी भोटिनीले आफ्नो पतिको जीवनलाई बचाउन आफु बेश्यासम्म बनेकी छे । यसै सन्दर्भमा :

> आखिर पत्नी भनेको नारीत्वमाथि उभिएको एउटा मूर्ति त हो । त्यसदिन मैले भनें अब म केही रहिनँ माता, पत्नी, भागिनी, कन्या, केही रहिनँ, यी सबैरूप मबाट झरेर गए । म सीमित हुँदै हुँदै मौलिक नारीतत्वमा केन्द्रित हुन पुगें । मैले भने - यो शरीर दिएर पनि तिमीलाई बचाउँछु, राइटरबाजे ।

त्यस राति र त्यसपछि अनेक त्यस्तै रातिमा म वेश्याशश्यामा सुतेर 'राइटरबाजे'ले अर्को कोठामा खोकेको सुन्थें (पृ. २४) ।

यसरी यस कथामा राइटरबाजेको प्राण रक्षाका लागि भोटिनीले आफ्नो शरीर बेचेर बेश्या समेत बनेकी छे । यसकारण यस कथाका नारीपात्रहरू पुरुषपात्र र समाजद्वारा पीडित भएका छन् । यसरी **राइटरबाजे** कथामा नारी र पुरुष बिच भएको विभेद प्रष्ट रूपमा देख्न सकिन्छ ।

## ५.३.३ जातीय स्थिति

**राइटरबाजे** कथामा विभिन्न जाति, जनजातिको प्रयोग भएको पाइन्छ । ब्राह्मण 'राइटरबाजे' र भोटिनी बालिका यस कथाका ब्राह्मण र भोटे जातका प्रतिनिधि पात्रहरू हुन् ।

**राइटरबाजे** कथामा ब्राह्मण 'राइटरबाजे' भनेर प्रष्ट रूपमा ब्राह्मण जातको चित्रण गरेको पाइन्छ । यस्तै भोटिनी बालिका भनेर भोटे जातको चित्रण स्पष्ट रूपमा गरेको छ । "काठमाडौँको गल्लीमा थाङ्नु लाएर भाग्दै हिँडिरहेकी एउटी भोटिनी बालिकालाई तीन नम्बर पहाडबाट जागीर खान शहरमा आएका 'राइटरबाजे'ले एक दिन अड्डाबाट फर्किदा दया गरेर आश्रय दिँदै आफ्नो घरमा नल्याएको भए शायद त्यसले प्रेंम नै पाउने यी, न कुष्ठ रोग नै" (पृ. १८) । यसरी कथामा भोटे र ब्राह्मण जातको चित्रण स्पष्ट रूपमा गरेको छ । ब्राह्मण जातको 'राइटरबाजे'ले भोटे जातकी बालिकालाई विवाह गरेको प्रसङ्गले स्पष्ट हुन्छ कि यस कथामा दुई भिन्न जात बिचको मिलन स्पष्ट रूपमा देख्न सकिन्छ ।

**राइटरबाजे** कथामा ब्राह्मण 'राइटरबाजे' र भोटिनी बालिकालाई विवाह गरेपछि भोटिनी बालिकाले ब्राह्मण धर्मको पालना गरेकी छे । तसर्थ यस कथामा कथाकार कोइरालाले दुई भिन्न जातको मिलन गरेका छन् । भोटिनी बालिकाले आफ्ना दिदीहरूले भनेको नमानी बुढो ब्राह्मण राइटरसँग जीवन बिताउने निर्णय गरेकी छे । हेर्... जाबो एउटा ब्राह्मणको कुरा नगर । तँ राम्री छस्, यहाँ दरबारमा छिट्टै आफ्नो ठाउँ बनाउन सक्छेस्" (पृ. २१) । यसर्थ यस कथाका पात्रहरूको जातीय स्थिति हेर्दा ब्राह्मण र भोटे जात बिच भएको मिलन स्पष्ट रूपमा देख्न सकिन्छ । भोटे जातकी बालिका भोटिनीले आफुलाई ब्राह्मण जात संस्कारलाई पूर्ण रूपमा ब्राहमण जातीय संस्कारमा बदलेकी छ ।

## ५.४ एकरात कथाका पात्रको वर्गीकरण

विश्वेश्वरप्रसाद कोइरालाद्वारा लेखिएको **एकरात** कथा राजनीतिक पृष्ठभूमिमा लेखिएको एक मनोवैज्ञानिक कथा हो । कथामा मुख्य पात्र किशोरको मानसिक विश्लेषण गरिएको छ । यस संसारमा जन्म लिएका प्राणीहरूका लागि मृत्यु एक शाश्वत प्रक्रिया हो । चेतनशील प्राणीका रूपमा रहेका मानिसका लागि त यो कुरा अझ परिचित विषय हो । तैपनि मान्छेका लागि मृत्यु एउटा संवेदनशील विषय बनेको छ । यसले जो कोहीलाई पनि संवेदनशील बनाएको हुन्छ । मृत्युलाई सहज रूपमा ग्रहण गर्ने जस्ता सुकै वीर योद्धाहरू पनि मृत्युलाई नजिकबाट साक्षात्कार गर्दा प्रभावित नभइरहन सक्दैनन्, उनीहरू पनि संवेदनशील बनेरै छाड्छन् । मृत्युसम्बन्धी यही शाश्वत चिन्तन नै प्रस्तुत **एकरात** कथाको मूल सारवस्तु बन्न पुगेको छ ।

सामाजिक तथा राजनीतिक विषय सन्दर्भहरू समेटिएको भए पनि यस कथाको सारवस्तु भनेको जस्तोसुकै वीर योद्धाहरू पनि मृत्युसँग साक्षात्कार गर्नुपर्दा संवेदनशील अर्थात् भावनाशून्य बन्न पुग्दछन् भन्ने मनोवैज्ञानिक सत्यको उद्घाटन गर्नु नै हो ।

कथानकलाई अगाडि बढाउन कथामा विभिन्न पात्रहरूको प्रयोग गरिएको हुन्छ । यस कथामा पनि थुप्रै पात्रहरूको प्रयोग गरिएको छ । जसमध्ये केही पात्रहरू कथाको रङ्गमञ्चमै देखापर्दछन् भने केही पात्रहरूको सङ्केत मात्र प्राप्त हुन्छ तर रङ्गमञ्चमा प्रत्यक्ष रूपमा देखापदैनन् । पात्रहरूको भूमिकाको आधारमा यस कथाको मुख्य पात्रको रूपमा किशोर देखापरेको छ भने कमिश्नर सहायक पात्रको रूपमा आएको छ । डाक्टर, हवल्दार लगायत अन्य सैनिक कर्मचारीहरू, कमिश्नरको छोरो गौण भूमिकामा मात्र देखापर्दछन् । यसका साथै किशोरको बुबा आमा, बहिनी, भाइ, श्रीमती, कलेजका साथीहरू, हवल्दारको भाइ, डाक्टरको छोरोजस्ता पात्रहरू कथाको रङ्गमञ्चमा प्रत्यक्ष रूपमा देखापदैनन् तर किशोरको पूर्वस्मृति र पात्रहरूकै संवादका माध्यमबाट प्रस्तुत भएका छन् । यस कथाका प्रयुक्त पात्रका सामाजिक दृष्टिकोण यसप्रकार छन् ।

### ५.४.१ वर्गीय स्थिति

आख्यान एउटा गतिशील र समाज सापेक्ष विधा हो । समाज भन्नाले आर्थिक ढाँचामा जेलिएको समाज भन्ने बुझ्नु पर्दछ । त्यसैले समाजलाई उच्च, मध्यम र निम्न वर्गका आधारमा विभाजन गरिन्छ ।

प्रस्तुत **एकरात** कथा विशेषगरी पुरुष पात्रका सामान्य मानसिक अवस्थाको अध्ययन गरिएको कथा हो । जसमा किशोर युवकका मनको विश्लेषण गरिएको छ । यस कथाले प्रजातन्त्र प्राप्तिका लागि अग्रसर रहने र आफ्नो प्राण आहुति दिन तत्पर रहने वर्गको प्रतिनिधित्व गरेको छ । समाज विभाजनकै आधारमा प्रस्तुत 'एकरात' कथाका पात्रहरूको वर्गीय स्थिति हेर्दा कमिश्नरलाई उच्च वर्गमा राख्न सकिन्छ । उसले राणाकालिन शासकको प्रतिनिधित्व गरेको छ । यस्तै हवल्दार, सुवेदार आदिलाई पनि उच्च खानदानका भएका कारण उनीहरूलाई वर्गीय आधारमा उच्च वर्गका पात्र भन्न सकिन्छ । यस्तै यस कथाको प्रमुख पात्र किशोरलाई भन्न सकिन्छ । यस्तै यस कथाको प्रमुख पात्र किशोरलाई वर्गीय आधारमा हेर्दा मध्यम वर्गको पात्रका रूपमा हेर्न सकिन्छ । तत्कालीन समयमा पनि उसका बुबा आमाले दुःख गरेर उसलाई कलेज पठाएका छन् । ऊ एक राष्ट्रभक्त भएका कारण देशमा प्रजातन्त्रको उज्यालो ल्याएर तानाशाहीहरूको हातबाट देशलाई बचाउन अगाडी बढ्दछ । उसको वर्गीय स्थिति हेर्दा मध्यम वर्गको सामान्य पात्रका रूपमा उसलाई हेर्न सकिन्छ । किशोरका बाबा आमाले दुःख गरेर हिन्दुस्थान पढ्न पठाएका छन् । यसै सन्दर्भमाः

> जेठो छोराले त्यति अङ्ग्रेजी पढिहाल्यो; अब घर बसोस् र खेती हेरोस् । आमा पनि भन्थिन अब यसलाई धेरै पढाउनु पर्दैन । घरमा दुई छाक खान पुगिहालेको छ; नोकरी गर्नु पर्ने होइन । हेर हेर, कति दुब्लो भएको छ अङ्ग्रेजी पढ्दा । गाउँलेहरूले नै फेरि ढिपी गरेर-यत्रो जेहन भएको छोरालाई घरैमा धन्काएर राख्ने हो ! पढ्छ-लेख्छ काजी, मिनिष्टर, जज, बेरिष्टर हुन्छ । इज्जत थुपार्छ यसले हामी सबैको अनि आइ.ए. पढाउन हिन्दुस्थान पठाएको थियो (पृ. ३०) ।

प्रस्तुत प्रसङ्गबाट स्पष्ट हुन्छ कि उसको घरको आर्थिक स्थिति मध्यम खालको सामान्य रहेको देखिन्छ । उसका बाबा आमाले पढ्न पठाएका छन् । गाउँमा सबैभन्दा धेरै पढेको भएका कारण घर तथा गाउँको इज्जत बढाउला भनेर युवक किशोरलाई पढाएका छन् । यसरी हेर्दा उसलाई मध्यम वर्गीय शिक्षित युवकका रूपमा हेर्न सकिन्छ ।

प्रस्तुत **एकरात** कथाका पात्रको वर्गीय स्थिति हेर्दा कमिश्नर, सुवेदार, हवल्दारलाई उच्च वर्गका पात्र भन्न सकिन्छ भने किशोरका साथै उसका परिवारका सदस्य, गाउँले र साथीहरू मध्यम वर्गका पात्र हुन् ।

## ५.४.२ लिङ्गीय स्थिति

लिङ्गीय स्थिति समाज विश्लेषणको एक विशेषता कै रूपमा रहेको छ । **एकरात** कथामा पुरुषको तुलनामा महिलाको स्थिति अति नै दयनीय छ । उनीहरूको आर्थिक राजनीतिक, सांस्कृतिक, प्रशासनिक शैक्षिक हरेक क्षेत्रमा नगन्य स्थान छ । यस कथाको प्रमुख पात्र किशोर रहेको छ । ऊ शिक्षित युवक हो । उसले हिन्दुस्थान गएर अङ्ग्रेजी शिक्षा आर्जन गरेको छ । कथाका अन्य पुरुष पात्र कमिश्नर, डाक्टर, हवल्दार, सुवेदार आदि पनि शिक्षित युवक हुन् । त्यसैले प्रस्तुत 'एकरात' कथाका पुरुष पात्र शिक्षित छन् भने महिलापात्र अशिक्षित छन् । यसरी हेर्दा यस कथामा नारी र पुरुष बिच भएको विभेद देख्न सकिन्छ ।

**एकरात** कथाका नारी पात्रहरू अशिक्षित छन् । उनीहरूबिच चेतनाको कमि छ । यस कथामा किशोरले आफ्नी बहिनीलाई पढाउने गरी केही शिक्षित समाजको प्रस्तुत गर्न खोजे पनि किशोरकी आमाको मानसिकताबाट छोरीलाई पढाउनु हुँदैन भन्ने रुढीगत मानसिकताको पर्दाफास भएको छ । कथाकार आमालाई भन्न लगाउँछन् "छोरालाई के थरीथरीको कुरा मन लाग्छ । मैयालाई अङ्ग्रेजी पढाउने रे ! बिहा भएर पराईका घर जाने छोरीलाई घरको काम सिकाउने कहाँ. . .कहाँ ?" (पृ. ३१) । यस भनाइबाट छोरा पिण्ड पानीका दाता हुन् तिनले बूढेसकालमा रेखदेख गर्छन् तर छोरी अर्काको घर जाने जात भएकाले पढाउनु हुँदैन भन्ने मानसिकता देखिन्छ घरदैलो मेलापातका ठेकेदार छोरीमान्छेका लागि शिक्षादिक्षा उचित हुँदैन भन्ने गलत धारणा यस कथाका महिला पात्रमा छ । तसर्थ यस कथाको लिङ्गीय स्थिति हेर्दा महिला र पुरुष बिच भएको विभेद देख्न सकिन्छ ।

## ५.४.३ जातीय स्थिति

**श्वेतभैरवी** कथासङ्ग्रहको **एकरात** कथामा ब्राह्मण र क्षेत्री जातको चित्रण सूक्ष्म रूपमा भएको पाइन्छ । कथाभित्र स्पष्ट रूपमा चित्रण नगरेपनि कथाको प्रमुख पात्र किशोरको बानि व्यवहार हेर्दा ऊ ब्राह्मण परिवारको सदस्य मान्न सकिन्छ ।

कथाभित्र प्रयोग भएका पात्रहरू मध्ये हवल्दार, कमिश्नर सुवेदार आदिले राणाकालिन शासकको प्रतिनिधित्व गरेका छन् । तसर्थ उनीहरूलाई क्षेत्री जातका व्यक्ति मान्न सकिन्छ । यसरी प्रस्तुत **एकरात** कथामा जातीय चित्रण स्पष्ट रूपमा नगरेपनि कथा पढ्दा हामीले यस कथामा ब्राह्मण क्षेत्री जातका पात्रहरूको प्रंयोग भएको पाउँन सक्दछौं ।

## ५.५ श्वेतभैरवी कथाका पात्रको वर्गीकरण

नेपाली साहित्यका सशक्त प्रतिभाशाली साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाको तेस्रो चरणको अत्यन्त महत्वपूर्ण कथाका रूपमा **श्वेतभैरवी** कथालाई लिइन्छ । कथाकार कोइरालाको यस **श्वेतभैरवी** कथामा प्रतीक योजनाको कलात्मक स्वरूप पाइन्छ । कथाकार कोइरालाका कथामा खासगरी यौनजन्य भावनाको प्रतीकात्मक स्वरूप पाइन्छ । उमेर पुगेका युवायुवतीहरूमा यौन संवेगात्मक रूपमा अचेतन मनमा दमित भएर रहेको हुन्छ र एकान्त ठाउँ अर्थात् शान्त ठाउँ पाउनासाथ त्यसले रौद्ररूप धारणा गर्दछ भन्ने यथार्थ कुरालाई सिद्ध गर्नु यस **श्वेतभैरवी** कथाको मुख्य भाव वा सारवस्तु मानिन्छ । यस **श्वेतभैरवी** कथामा सामाजिक असमानता, कुरीति र कुसंस्कारका कारणले मानिसले भोग्नु परेका दुःखदायि अवस्थाको मार्मिक रूपमा प्रस्तुत गरिएको छ । पुरुष र स्त्री बिचमा मात्रै एकान्त ठाउँमा भेट हुँदा सायद अचेतन मनले हमला मच्चाएर त्यसबाट नयाँ समीकरण नबनाई छाड्दैन भन्ने यथार्थ सन्देश कथाकार कोइरालाको **श्वेतभैरवी** कथामा प्रकट गर्न चाहेको मूल विषयवस्तु हो ।

सीमित पात्र र घटनाहरूको संयोजन गरी लेखिएको **श्वेतभैरवी** कथामा मुख्य पात्रको रूपमा फगुनी र 'म' पात्र (सानोबाबु) रहेका छन् । यी दुई पात्रका अतिरिक्त प्रत्यक्ष र परोक्ष रूपमा अन्य पात्रहरूको प्रयोग गरिए तापनि ती पात्रहरूको कथामा गौण भूमिका मात्र रहेको छ । यस कथाका प्रयुक्त पात्रका सामाजिक दृष्टिकोण यसप्रकार छन् ।

### ५.५.१ वर्गीय स्थिति

आख्यान एउटा गतिशील र समाज सापेक्ष विधा हो । समाज भन्नाले आर्थिक ढाँचामा जेलिएको समाज भन्ने बुझ्नुपर्दछ । त्यसैले समाजलाई उच्च, मध्यम र निम्न वर्गका आधारमा विभाजन गरिन्छ ।

प्रस्तुत कथा **श्वेतभैरवी**मा निम्नवर्गीय ग्रामीण नेपाली जीवनको यथार्थतालाई अभिव्यक्त गरिएको छ । यस कथामा म पात्र र फगुनीको उपस्थिति गराएर उच्च वर्ग र निम्न वर्गका नेपालीहरूको बिचमा कोरिएको विभाजन रेखालाई प्रष्ट पारिएको छ । सम्पन्न तथा शिक्षित परिवारमा हुर्किएको म पात्र कथाकार र उसैको नोकर्नी बसेकी पात्र फगुनीको बिचमा घटेको घटनालाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ । त्यसैगरी कोशीको किनारमा अवस्थित लेलहा केवटको सानो झुपडीको चित्रण गरेर कथाकारले तत्कालीन समाजमा

विद्यमान गरिब समुदायको मर्मस्पर्शी चित्रण गरेका छन् । गरिबीका मारले कुँजिएका गरिबहरू बसाइँ सर्न नसकी जतिसुकै खतरा भए पनि त्यही ठाउँमा बस्नु पर्ने बाध्यतालाई यहाँ देखाइएको छ । कथाकार भन्छन् "कोशीमा बाढी आउने बित्तिकै यहाँको पानी धमिलिएर अशान्त हुन थाल्थ्यो र लेलहाको घरलाई छुँला-छुँला जस्तो गरेर हा. . . हा. . . गर्दै दक्षिण तिर संवेग बग्न थाल्यो" (पृ. ४०) । वर्षा, हिलो, घामपानी, झरी, नभनी आफ्नो शरीरलाई यन्त्रवत खेतमा जोताएर उब्जनी गरेको बालीमा रबाफिला वर्गको अधिपत्य रहन्छ भन्ने ती निमुखा केबल शोषणको दलदलमा मासिइरहन्छन् भन्ने किसानवर्गको कारुणिक व्यथालाई यसमा चित्रण गरिएको छ ।

फगुनीको मनोवृत्ति चित्रण सँगसँगै गरिबीको चित्रण गर्ने काम यस कथामा भएको छ, जस्तै "त्यो असाधारण ढङ्गबाट गोरी यी. . . ।. . . यदि श्रङ्गार प्रसाधनद्वारा आफूलाई सजाउन सक्ने भएकी भए स्वेत वर्ण, केश र आँखाले त्यो दक्षिण युरोपकी नारी जस्ती लाग्ने थिई । तर श्रृङ्गारको साधन उसलाई कहाँ उपलब्ध थियो र ?" (पृ. ४०) । गरिबीका कारण सौन्दर्यलाई गुमाएर बस्न विवश फगुनी साथी मिठ्ठु जस्तै खेलेर दिन बिताउने, राम्री भएर साथीहरूसँग हिँड्ने, घुम्ने रहरलाई पनि विपन्नताका कारण खुम्चाउन बाध्य छे । ऊ साँझ बिहानको छाक टार्न म पात्रको घरमा नोकर्नी बसेकी छे भने उसको बाबु पनि दिनभर काममा जोतिनुपर्ने कुराको चित्रण छ ।

श्वेतभैरवी रूपी फगुनीको आक्रमणबाट भयभीत म पात्र भाग्ने क्रममा दुवैलाई लागेको चोटको प्रसङ्गमा म पात्रको उपचार गराए पनि फगुनीको उपचार नगरेबाट धनी र गरिब बिचको भिन्नता प्रकट हुन्छ । म पात्र वा कथाकारको घरमा थुप्रै नोकरचाकर भएबाट तिनीहरूको घरमा तास, जुवा खेल्ने दिनभर कामबिना हल्ला गरेर बस्ने आइमाईहरूको चित्रण गरिएबाट निम्न स्तरका गरिबहरूको कारुणिक व्यथाका अतिरिक्त उच्च कुलीन सामन्ती शोषक वर्गको चित्रण गरिएको छ । उक्त कथामा कथाकारले एकातर्फ निम्नवर्गीय केवट जातिको समाजको सजीव चित्रण गरेका छन् अनि उच्च वर्गीय परिवारमा हुने भोगविलास र कमाराकमारी राख्ने प्रचलनको अभिव्यक्ति दिएका छन् ।

यसरी प्रस्तुत **श्वेतभैरवी** कथामा उच्च वर्ग र निम्न वर्गको चित्रण यर्थाथ रूपमा गरिएको छ ।

## ५.५.२ लिङ्गीय स्थिति

लिङ्गीय स्थिति समाज विश्लेषणको एक विशेषताको रूपमा रहेको छ । प्रस्तुत **श्वेतभैरवी** कथा भित्रको पात्रहरूको लिङ्गीय स्थिति हेर्दा कथामा महिला र पुरुष बिचको विभेद त्यति धेरै रूपमा भेटिदैन । तापनि यस कथाको प्रमुख पुरुष पात्र म र फगुनीका बिचमा भने लिङ्गीय विभेद केही मात्रामा पाउँन सकिन्छ ।

**श्वेतभैरवी** कथाको प्रमुख म पात्र पढ्ने उमेर भएपछि शिक्षा आर्जन गर्न गएको छ । तर फगुनीको भने सानै उमेरमा चुम्बन भएका कारण अर्काको घर जानको लागि तयार भएर बसेकी छे । प्रस्तुत कथाकी मुख्य पात्र फगुनीले पढ्न नपाएको कारण गरिबी र त्यस समाजमा प्रचलित बालविवाह प्रथा हो । छोरीलाई विवाह गरेर अर्काको घरमा दिइने जात भनेर उसको सानै उमेरमा चुम्बन भएको छ । यसर्थ धनि परिवारको छोरो भएको कारण म पात्रले सुख सुविधामा हुर्किएको छ भने फगुनी गरिबीको चपेटामा परेर सानै उमेरमा अर्काको घरमा नोकर्नी भएर बस्नुपर्ने बाध्यता देखापर्दछ । म पात्र आफ्नो घर परिवारसँग हुर्किएको छ तर फगुनी सानै उमेर देखि अर्काको घरमा नोकर्नी भएर बसेकी छे । “फगुनी हाम्रो घरमा काम गर्थी एउटा ठूलो परिवार भएकोले हाम्रो घरका सानातिना काम गर्दागर्दै पनि फगुनीलाई दिनभरि लाग्थ्यो । कोठाहरूमा कुचो लगाउनु, लिप्नु, पानी भर्नु र यसप्रकारका साना-साना गृहस्थीमा परी परी आउने काम गर्नु” (पृ. ४१) ।

प्रस्तुत **श्वेतभैरवी** कथामा फगुनीको व्यवहार हेर्दा ऊ सानै उमेरमा अर्काको घरमा काम गरेर बसेकी छे । त्यसैले गर्दा **श्वेतभैरवी** कथामा लिङ्गीय विभेद पाउन सकिन्छ । म पात्र आफ्नो बाबाआमासँग हुर्किएको बालक हो भने फगुनी सानै उमेरमा नोकर्नी भएर अर्काको घरमा बसेकी बालिका हो । यसरी प्रस्तुत कथामा लिङ्गीय विभेदको छाप केही मात्रामा पाउँन सकिन्छ ।

## ५.५.३ जातीय स्थिति

नेपाली समाज विभिन्न जातजातीमा विभाजित छ । यही जातीय विभाजन अन्तर्गत **श्वेतभैरवी** कथामा ब्राह्मण र केवट जातिको प्रयोग भएको पाइन्छ । यस कथामा म पात्र उच्च वर्गीय ब्राह्मण परिवारको छोरो हो । सम्पन्न परिवारमा जन्मिएको म पात्र १०-११ वर्षको केटाको रूपमा रहेको छ । उसमा बालसहज स्वभावहरू पाइन्छन् । यस्तै यस कथामा रहेकी प्रमुख पात्र फगुनी केवट जातकी छोरी हो । उ म पात्र (सानोबाबु) को घरमा

नोकर्नी भएर बसेकी छे । "लेलाहा केवट जातिको सानो किसान, आफ्नी एउटी छोरीका साथ त्यहाँ बस्थ्यो" (पृ. ३९) । यस कथामा केवट जाति र संस्कृतिको चित्रण पाइन्छ । फगुनी र लेलहा बाबुछोरी हुन् । उनीहरू निम्न वर्गीय पात्र हुन् । तसर्थ उनीहरूले म पात्रको घरमा आइपरेका कामहरू गरेर आफ्नो आर्थिक अवस्था चलाउने गर्दछन् ।

प्रस्तुत **श्वेतभैरवी** कथामा रहेका प्रमुख म पात्र ब्राह्मण परिवारको छोरो हो भने फगुनी केवट जातकी छोरीको रूपमा कथामा प्रस्तुत भएकी छे । यसरी यस कथामा केवट र ब्राह्मण जातको चित्रण आंशिक रूपमा गरिएको छ ।

## ५.६ निष्कर्ष

कथाकार विश्वेश्वरप्रसाद कोइराला मनोवैज्ञानिक यथार्थवादी कथाकार हुन् तर पनि यिनको कथामा सामाजिक यथार्थवादी अभिव्यक्ति टड्कारो रूपमा पाइन्छ । उनी आफ्ना कथाका माध्यमबाट समाजका तितामीठा घटनालाई कलात्मक रूपले प्रस्तुत गर्न सफल भएका छन् । नेपाली समाजका विविध आर्थिक, सांस्कृतिक, धार्मिक, राजनीतिक, प्रशासनिक आदि पक्षको सवल चित्र उनले आफ्ना कथाहरूमा उतारेका छन् ।

पूर्ववर्ती भन्दा केही भिन्न कथा प्रवृत्ति लिएर **श्वेतभैरवी** मा देखा पर्ने कोइरालाले श्वेतभैरवी र सान्नानी जस्ता कथामा पूर्वी तराईको स्थानीय रङ्ग पर्याप्त पाइन्छ । **श्वेतभैरवी** मा केवट जातिको वैवाहिक संस्कार र उनीहरूको आर्थिक सङ्कटको स्थिति पाइन्छ । **सान्नानी** कथामा नदीनाला, बोक्सी डाइना, आदि विविध कुराहरूको प्रस्तुति रहेको छ । **राइटरबाजे** कथाका काध्यमबाट राइटर्नीमा परेको आर्थिक समस्या, उसका दिदीहरूको माध्यमबाट हेलम्बुका भोटेजातिको जनजीवन, दरबारिया, क्रियाकलाप र भट्टीपसल थाप्ने प्रचलनको प्रस्तुति भएको छ । आफ्ना पतिदेवको रक्षाका लागि पुरपुरुषसँग सम्बन्ध राख्ने राइटर्नीद्वारा कथाकारले नितान्त मौलिक दृष्टिकोण राख्न सफल भएका छन् । **एकरात** कथामा तत्कालीन शासक वर्गको अमानवीय क्रियाकलापको चित्रण गरिएको छ । यसरी हेर्दा कोइरालाका कथामा सामाजिक यथार्थ र मनोवैज्ञानिक यथार्थको सपल प्रस्तुति रहेको पाइन्छ । नेपाली कथा साहित्यमा उच्च कथाकारका रूपमा प्रसिद्ध कोइरालाले आफ्ना कथामा मूल समस्या पात्रका मनोद्वन्द्वलाई बनाएका छन् । जसमा तत्कालीन सामाजिक जनजीवनको सफलतापूर्वक चित्रण गरिएको छ । यिनले आफ्ना कथामा समाजका खराब पक्षको विरोध गरी सुधारात्मक सन्देश दिएका छन् ।

# छैटौं परिच्छेद
# उपसंहार तथा निष्कर्ष

## ६.१ उपसंहार

कथाकार विश्वेश्वरप्रसाद कोइराला (१९७१-२०३९) नेपाली साहित्यको कथाजगत्को आधुनिक कालका प्रबर्तक मध्ये एक हुन् । यिनको राजनीतिक व्यक्तित्वकै हाराहारीमा साहित्यकार व्यक्तित्व पनि सशक्त देखिन्छ । सर्वप्रथम हिन्दी भाषामा वि.सं. १९९२ देखि २०३९ सम्म झण्डै पाँच दशकको अवधि खर्चिएको पाइन्छ । व्यक्तिगत चाहना र सोखका कारण कानुनी सेवामा समर्पित रहेको समयमा साहित्यानुरागी सूर्यविक्रम ज्ञवालीको अनुरोधमा कोइरालाले नेपाली भाषामा सर्वप्रथम 'चन्द्रवदन' र पछि 'बिहा', 'शत्रु' र 'सिपाही' जस्ता उत्कृष्ट कथा लेखी आफ्नो कथायात्रा अगाडि बढाए । यिनका **दोषी चश्मा** (२००६) र **श्वेतभैरवी** (२०३९) गरी दुईवटा कथासङ्ग्रहहरूका र अन्य पत्रपत्रिकाहरूका गरी जम्मा छब्बीस कथाहरू प्रकाशित छन् । कोइरालाको कथायात्राको प्रथम चरण (१९८७-१९९५) का कथाहरूमा 'चन्द्रवदन', 'विहा', 'शत्रु' र 'सिपाही' गरी चार कथा प्रकाशित छन् । त्यस्तै दोस्रो चरण (१९९६-२००६) 'प्रेम' (पहिलो), 'दुलही', 'द्वन्द्वप्रेम', 'मधेसतिर', 'होड', 'दोषी चश्मा', 'हरिदत्त', 'महाराजको सवारी', 'सखी', 'स्वेटर', 'बौलाहा', 'रिक्सातान्ने', 'प्रेम' (दोस्रो), 'कर्नेलको घोडा', 'पवित्रा', 'कथा', 'पुस्तक', 'स्कुलमास्टर' र 'सखी' गरी अठार वटा कथाहरू प्रकाशित छन् । यसका साथै अन्तिम अर्थात तेस्रो चरण (२००६-२०३९) मा 'श्वेतभैरवी', 'सान्नानी', 'राइटरबाजे' र 'एकरात' गरी जम्मा चार कथा प्रकाशित भएका छन् । यी सबै कथाका पात्रहरू मनोविश्लेषणका केन्द्रीयतामा आबद्ध हुँदाहुँदै पनि नेपाली समाजसापेक्ष रहेका छन् ।

कोइरालाका कथायात्राको अन्तिम चरणमा लेखिएको कथासङ्ग्रह **श्वेतभैरवी**का कथाहरू केही लामा छन् । ती मध्ये पूर्वी तराईको स्थानीय रङ्ग 'श्वेतभैरवी' र 'सान्नानी' मा पर्याप्त मात्रामा पाइन्छ । केवल जातिको संस्कार र यसले निम्त्याएका समस्या तथा आर्थिक कठिनाइका कारण भोग्नुपरेको दयनीय पीडाको उद्घाटन श्वेतभैरवीमा भएको छ । राणाकालीन संस्कार युक्त समाजको सामन्ती प्रवृत्तिको प्रतिफल स्वरूप एक राष्ट्रभक्त व्यक्तिको निर्मल हत्या 'एकरात' कथामा भएको छ भने 'राइटरबाजे' अर्न्तजातीय सम्बन्धमा आधारित तथा आर्थिक सङ्कटले मानिसलाई कतिसम्म दु:खी बनाउँदो रहेछ भन्ने ज्वलन्त

उदाहरण रहेको कथा हो । कोइराला आफू स्वयम् नेपाली हावा, माटो र पानीमा हुर्के बढेका कथाकार भएकाले उनका उल्लिखित कथाहरू पश्चिमी चिन्तन मननबाट प्रभावित हुँदाहुँदै पनि आफ्नै गाउँठाउँका समस्या, गरिबी, शोषण, कुसंस्कारबाट राम्रा-नराम्रा सुस्केराहरूको सँगालोका रूपमा रहेका छन् ।

मनोवैज्ञानिक दृष्टिले **श्वेतभैरवी** कथासङ्ग्रहका कथालाई हेर्दा **श्वेतभैरवी** असामान्य नारी मनोवैज्ञानिक कथा हो । यसमा बालमनोविज्ञानको पनि प्रयोग गरिएको छ । यौनमनोविज्ञानका प्रस्तुतिका दृष्टिले **श्वेतभैरवी** कथा उनका सम्पूर्ण कथामध्येकै उत्कृष्ट कथाको श्रेणीमा पर्दछ । यस कथाका मुख्य पात्रको रूपमा फगुनी र 'म' पात्र (सानोबाबु) रहेका छन् । फगुनीको चरित्र मार्फत मानिसभित्र दमित रूपमा रहेको कामबासना कुनै एकान्त क्षण प्राप्त हुँदा कसरी बेगको पराकाष्टामा पुग्दछ भन्ने कुरा स्पष्ट रूपमा व्यक्त गरिएको छ । यस्तै **सान्नानी** कथामा बालमनोविज्ञान भित्रको यौनचेत र सामाजिकता प्रस्तुति रहेको छ । यस कथाको मुख्य भूमिकामा सान्नानी र 'म' पात्र देखापरेका छन् । सान्नानी कथामा पात्रका सामान्य मानसिक अवस्था र चेतन मनको अध्ययन गरिएको छ । यस कथामा मध्यवर्गीय नेपाली जीवनस्तरको चित्रण गरि बालपात्रमा द्वन्द्व सिर्जना गरिएको छ । कोइरालाको कथायात्राको उत्तरार्ध चरणमा लेखिएको चार कथाहरूमध्ये **राइटरबाजे** पनि एक उत्कृष्ट कथा हो । पूर्ववर्ती कथाभन्दा अलिभिन्दै किसिमको मानिने प्रस्तुत कथामा कोइरालाले मुख्य पात्र भोटिनी र 'राइटरबाजे' (आर्य र अनार्थ) लाई मेल गराएका छन् । यो प्रसङ्गबाट कथाकार कोइरालाले दुई आर्य र अनार्थ पात्रलाई मेल गराएर जातीय एकत्वको भावना मुखरित गर्न चाहेको देखिन्छ । विश्वेश्वरप्रसाद कोइरालाको कथायात्राको अन्तिम चरणमा लेखिएको र **श्वेतभैरवी** कथासङ्ग्रहमा सङ्कलित चार कथाहरू मध्ये **एकरात** कथा पनि एक मह□वपूर्ण कथा हो । यस कथाको मूख्य भूमिकाको रूपमा किशोर देखापरेको छ । सत्य घटनामा आधारित यस कथामा राजनीतिक बलिदान दिन तयार भएको युवक ( किशोर) को मनस्थितिको चित्रण गरिएको छ । यसरी हेर्दा कथाकार कोइरालाका **श्वेतभैरवी** कथासङ्ग्रहका कथाका पात्रहरूलाई पात्रका व्यवहार, प्रवृत्ति, समायोजन, अभिवृत्ति व्यक्तित्व, संवेगात्मक परिपक्वता, मानसिक अवस्था, मानसिक अन्तद्वन्द्वको आधारमा वर्गीकरण गरी हेरिएको छ । त्यसैले **श्वेतभैरवी** कथासङ्ग्रहका स्रष्टा कोइरालाको स्थान नेपाली समाजसापेक्ष मनोवैज्ञानिक यर्थाथवादी कथाकारका रूपमा सुरक्षित रहेको छ ।

सामाजिक दृष्टिले **श्वेतभैरवी** कथासङ्ग्रहका कथालाई हेर्दा कोइरालाका कथामा सामाजिक विषमता तथा सङ्घर्षको चित्रणका साथै अन्यायप्रतिको विद्रोह पर्याप्त मात्रामा रहेको छ । कोइरालाको **श्वेतभैरवी** कथाको प्रमुख लक्ष्य व्यक्ति मनोविज्ञानको उद्घाटन गर्नु भए पनि सामाजिक यथार्थतालाई अभिव्यक्त गरिएको यस कथामा म पात्र र फगुनीको उपस्थित गराएर उच्च वर्ग र निम्न वर्गका नेपालीहरूको बिचमा कोरिएको विभाजन रेखालाई प्रष्ट पारिएको छ । यस्तै **सान्नानी** कथामा तराईको स्थानीय परिवेशको व्यापक सेरोफेरोको चित्रण गर्दै, बाल मानसिकताको उद्घाटन गरिएको छ । यस कथाका पात्रहरूले मध्यमवर्गीय नेपाली जीवनस्तरको चित्रण गरेका छन् । कोइरालाको कथा यात्राको उत्तरार्ध चरणमा लेखेका चार कथामध्ये **राइटरबाजे** पनि एक उत्कृष्ट कथा हो । यस कथाका प्रमुख पात्र 'राइटरबाजे' र भोटिनी रहेका छन् । पूर्ववर्ती कथाभन्दा अलि भिन्दै किसिमको मानिने प्रस्तुत कथामा कोइरालाले आर्य र अनार्य ('राइटरबाजे' र भोटिनी) पात्रलाई मेल गराएर जातीय एकत्वको भावना देखाऊका छन् । कोइरालाको कथायात्राको अन्तिम चरणमा लेखिएको र **श्वेतभैरवी** कथासङ्ग्रहमा सङ्कलित चार कथाहरू मध्ये **एकरात** कथा पनि एक महत्वपूर्ण कथा हो । यस कथाको मुख्य पात्र किशोरको मनस्थितिको चित्रण गरिएको छ । राजनीतिक बलिदान दिन तयार भएको युवक (किशोर) को मनस्थितिको चित्रण यस कथामा गरिएको छ । यसरी हेर्दा कोइराला मनोवैज्ञानिक यथार्थवादी कथाकार भएपनि उनका कथामा सामाजिक यथार्थताको अभिव्यक्ति टड्कारो रूपमा पाइन्छ । उनले आफ्ना कथाका माध्यमबाट समाजका तीतामीठा घटनालाई कलात्मक रूपले प्रस्तुत गर्न सफल भएका छन् । **श्वेतभैरवी** कथासङ्ग्रहका कथाका पात्रलाई सामाजिक दृष्टिले वर्गीय, लिङ्गीय र जातीय स्थितिमा वर्गीकरण गरि देखाइएको छ ।

कथाकार विश्वेश्वरप्रसाद कोइराला मनोवैज्ञानिक यर्थाथवादी कथाकार हुन् तर पनि यिनको कथामा सामाजिक यथार्थताको अभिव्यक्ति टड्कारो रूपमा पाइन्छ । उनी आफ्ना कथाका माध्यमबाट समाजका तीतामीठा घटनालाई कलात्मक रूपले अभिव्यक्त गर्न सफल भएका छन् ।

## ६.२ निष्कर्ष

निष्कर्षमा भन्दा कथाकार विश्वेश्वरप्रसाद कोइराला मनोवैज्ञानिक यथार्थवादी कथाकार हुन् तर पनि यिनको कथामा सामाजिक यथार्थताको अभिव्यक्ति टड्कारो रूपमा

पाइन्छ । उनी आफ्ना कथाका माध्यमबाट समाजका तीतामीठा घटनालाई कलात्मक रूपले प्रस्तुत गर्न सफल भएका छन् । नेपाली समाजका आर्थिक सांस्कृतिक, धार्मिक, राजनीतिक, प्रशासनिक आदि विविध पक्षको सबल चित्र उनले आफ्ना कथाहरूमा उतारेका छन् ।

पूर्ववर्ती कथाप्रवृत्ति भन्दा केही भिन्न कथा प्रवृत्ति लिएर **श्वेतभैरवी** मा देखा पर्ने कोइरालाको **श्वेतभैरवी** र **सान्नानी** जस्ता कथामा पूर्वी तराईको स्थानीय रङ्ग पर्याप्त पाइन्छ । **श्वेतभैरवी** मा केवट जातिको वैवाहिक संस्कार र उनीहरूको आर्थिक सङ्कटको स्थिति पाइन्छ । सान्नानी कथामा नदीनाला, बोक्सी डायना आदि विविध कुराहरूको प्रस्तुति रहेको छ । **राइटरबाजे** कथाका माध्यमबाट राइटर्नीमा परेको आर्थिक समस्या, उसका दिदीहरूको माध्यमबाट हेलम्बुका भोटेजातिको जनजीवन, दरबारिया क्रियाकलाप र भट्टीपसल थाप्ने प्रचलनको प्रस्तुति भएको छ । आफ्ना पतिदेवको रक्षाका लागि परपुरुषसँग सम्बन्ध राख्ने राइटर्नीद्वारा कथाकारले नितान्त मौलिक दृष्टिकोण राख्न सफल भएका छन् । **एकरात** कथामा तत्कालीन शासक वर्गका अमानवीय क्रियाकलापको चित्रण गरिएको छ । यसरी हेर्दा कोइरालाका कथामा सामाजिक यथार्थ र मनोवैज्ञानिक यथार्थको सफल प्रस्तुति रहेको पाइन्छ ।

**श्वेतभैरवी** कथासङ्ग्रहको पात्रविधान शीर्षकको प्रस्तुत शोध कार्यबाट हासिल हुन आएका मुख्य प्राप्तिहरूलाई यस प्रकार बुँदाबद्ध गरिएको छ ।

(१) कोइरालाले कथाको मूल समस्या पात्रका मनोद्वन्द्वलाई बनाएका छन् । यिनले आफ्ना कथाका माध्यमबाट समाजका खराब पक्षको विरोध गरी सुधारात्मक सन्देश दिएका छन् ।

(२) **श्वेतभैरवी** कथासङ्ग्रहमा जम्मा चार कथा सङ्गृहीत छन् । **श्वेतभैरवी**, **सान्नानी**, **एकरात** र **राइटरबाजे** यस सङ्ग्रहका कथाभित्र पर्दछन् । **श्वेतभैरवी** कोइरालाको असामान्य नारी यौनमनोवैज्ञानिक कथा हो । यसमा बालमनोविज्ञानको पनि प्रयोग गरिएको छ । यस कथामा प्रमुख पात्र फगुनीको मनोविकृत र दमित यौन अचेतनको खोज गरिएको छ । त्यसैले यस कथाका पात्रलाई व्यहारका रूपमा असङ्गत मानिन्छ । यस्तै **सान्नानी** कथाका पात्रहरूले बालमनोविज्ञान भित्रको यौनचेत र सामाजिकताको प्रस्तुत गरेका छन् । मध्यमस्तरका नेपालीको जीवनस्तरको चित्रण गरिएको यस कथामा बालपात्रमा द्वन्द्व सिर्जना गरिएको छ ।

**राइटरबाजे** कथा सामान्य नारीयौनमनोवैज्ञानिक कथा भएकाले यसमा एउटी नारी भोटिनी (राइटर्नी) का मनमा उठेका विभिन्न भावतरङ्गहरूलाई अभिव्यक्त गरिएको छ । **एकरात** कोइरालाको राजनीतिक विषयवस्तुमा आधारित कथा हो । जहाँ राजनीतिक बलिदान दिन तयार भएको युवकको मनस्थितिको चित्रण गरेको पाइन्छ ।

(३) **श्वेतभैरवी** कथाभित्र मध्यम र निम्न वर्गीय पात्रको चित्रण पाइन्छ भने सान्नानी कथामा मध्यमवर्गीय जीवनस्तरका नेपालीको चित्रण गरिएको छ । 'राइटरबाजे' कथामा तत्कालीन राणापरिवार र त्यसकै छत्रछायाँमा हुर्किएकी तथाकथित उच्चवर्गीय व्यक्तिहरूले राख्ने भोग्य दृष्टिमाथि व्यङ्ग्य गरिएको छ । कोइरालाको **एकरात** कथाले मध्यमवर्गीय जीवनस्तरका पात्रहरूको चित्रण गरेको छ । यसरी हेर्दा कोइरालाका कथामा उच्च, मध्यम र निम्नस्तरका पात्रको प्रयोग गरिएको पाइन्छ ।

# सन्दर्भसामग्री सूची


अधिकारी, शिव. २०५०. **विश्वेश्वरप्रसाद कोइरालाको व्यक्तित्व र विचरण**. काठमाडौँ : रत्न पुस्तक भण्डार ।

उपाध्याय, केशवप्रसाद. २०५०. **विचार र व्याख्या.** (दो.सं.). ललितपुर : साझा प्रकाशन ।

कोइराला, खेम. २०४५. **साहित्यकार विश्वेश्वरप्रसाद कोइराला**. काठमाडौँ : सेवा प्रकाशन ।

कोइराला, जीवनचन्द्र (सम्पा.). २०५०. **विश्वेश्वरप्रसाद कोइराला : समालोचना र विचारमा**. काठमाडौँ : बी. पी. अनुसन्धान तथा सेवा केन्द्र ।

कोइराला, विश्वेश्वरप्रसाद. २००६. **दोषी चश्मा** (सा.सं). ललितपुर : साझा प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद. २०६४. **श्वेतभैरवी** (पाँ.सं.). ललितपुर : साझा प्रकाशन ।

गौतम, अङ्गदमणि. २०४०. कथाकार कोइराला र उनको श्वेतभैरवी कथाको विश्लेषणात्मक अध्ययन, **कुञ्जिनी** (वर्ष १, अङ्क १) पृ. ५३-६३ ।

घर्ती, दुर्गाबहादुर. २०६७. **मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान**. ललितपुर : साझा प्रकाशन ।

घिमिरे, लक्ष्मीकुमारी. २०६२. **श्वेतभैरवी कथासङ्ग्रहको मनोवैज्ञानिक अध्ययन**. अप्रकाशित स्नातकोत्तर शोधपत्र. त्रि.वि. ने.के.वि. ।

जोशी, कुमारबहादुर. २०२७. "आधुनिक नेपाली कथाको सेरोफेरो". **प्रज्ञा.** (वर्ष १, अङ्क, ३) पृ. ७-८ ।

ढकाल, भूपति. २०६७. **विश्वेश्वरप्रसाद कोइरालाका कथा र उपन्यासहरूको विश्लेषण** (पा.सं.). काठमाडौँ : एवीसी बुक्स पब्लिसर्स एन्ड डिस्ट्रिव्यूटर्स प्रा.लि. कालिकास्थान ।

ढकाल, भूपति. २०५६. **विश्वेश्वरप्रसाद कोइरालाको उपन्यासमा विचार पक्ष**, स्याङ्जा पोखरा : जय नेपाल प्रकाशन ।

फोर्स्टर, ई. एम. १९९०. **एस्पेक्ट अफ द नोभेल**. लन्डन : पेंन्गुइन बुक्स ।

बराल, ईश्वर (सम्पा.). २०४८. **झ्यालबाट** (पाँ. सं.). काठमाडौँ : साझा प्रकाशन ।

बराल, ईश्वर र अन्य (सम्पा). २०५५. **साहित्य कोश**. काठमाडौँ : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम. २०६४. **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**. काठमाडौँ : साझा प्रकाशन ।

बराल, टीकाहरि. २०६३. **सुम्निमा उपन्यासको पात्रविधान**. अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., ने.के.वि. ।

भट्ट, भोजराज. २०५४. 'विश्वेश्वरपसाद कोइरालाको कथाकारिता', **गरिमा** (वर्ष १६ अङ्क १) पृ. ५६-५७।

भट्टराई, घटराज. २०४०. **प्रतिभै प्रतिभा र नेपाली साहित्य.** काठमाडौँ : नेसनल रिसर्च एशोसिएट्स ।

मैनाली, गोपी. २०५०. 'वी.पी. कोइरालाका कथा : सार्वजनीकता र मौलिकताको यात्रा', **गरिमा** (वर्ष १, अङ्क ९) पृ. ६०-६१ ।

राकेश, रामदयाल. २०५५. **नेपाली साहित्य : विभिन्न आयाम**. ललितपुर : साझा प्रकाशन ।

रुद्रप्रसाद आचार्य. २०६१. **श्वेतभैरवी कथासङ्ग्रहको कृतिपरक अध्ययन**. अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग ।

शर्मा, हरिप्रसाद (सम्पा.). २०५०. **विश्वेश्वरप्रसाद कोइरालाको कथा**. ललितपुर : साझा प्रकाशन ।

शर्मा, तारानाथ. २०५६. **नेपाली साहित्यको इतिहास** (चौ.सं.). काठमाडौं : अक्षर प्रकाशन ।

सुवेदी, राजेन्द्र (सम्पा.). २०५७. **स्नातकोत्तर नेपाली कथा** (दो.सं.). काठमाडौँ : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम. २०३८. **नेपाली कथा र यथार्थवाद**. अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. त्रि. वि. कीर्तिपुर ।

श्रेष्ठ, दयाराम. २०६७. **नेपाली कथा भाग चार** (चौ.सं.). ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, बासुदेव. २०४९. **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** (दो.भा.). ललितपुर : साझा प्रकाशन ।